# परिच्छेद एक
# शोध परिचय

## १. शोधशीर्षक :

प्रस्तुत शोधपत्रको शीर्षक 'शाह-शृङ्खला' महाकाव्यको कृतिपरक अध्ययन रहेको छ ।

## १.२ शोधपत्रको प्रयोजन :

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्ष नेपाली विषयको दसौँपत्र ५१०-१ को आंशिक परिपूर्तिको प्रयोजनका लागि तयार गरिएको छ ।

## १.३ विषय परिचय :

प्रस्तुत शोधकार्यको विषय 'शाह-शृङ्खला' महाकाव्यको अध्ययन हो । यस महाकाव्यका लेखक नीलकण्ठ भट्टराई हुन् । भट्टराईको जन्म वि.सं. २०१४ श्रावण ४ गते ओखलढुङ्गाको दियाले-धारापानीमा भएको थियो । उनका बाबुको नाम भीमाहर्क भट्टराई र आमाको नाम तुलसादेवी भट्टराई हो । आफ्नै परिवारबाट अक्षराम्भ सुरु गरेका भट्टराईले स्नातकोत्तर तहसम्मको शिक्षा पूरा गरेका छन् ।

भानुभक्तको रामायण, लेखनाथ पौडयालका कविता लक्ष्मीप्रसाद देवकोटाको मुनामदन साथै माधव घिमिरेका जस्ता व्यक्तित्वबाट प्रभावित भएर नै भट्टराईले साहित्य तर्फ कलम चलाएको देखिन्छ । वि.पीको समाधि 'खण्डकाव्यबाट लेखन यात्रा सुरु गरेका भट्टराईका 'सरोजस्मृति सप्त पल्लव' खण्डकाव्य, 'त्रिवल्ली' कविता सङ्ग्रह 'वनदेवीको अत्मवृतान्त' लघु उपन्यास, 'सर्लाहीका साहित्यिक प्रतिभाहरु' खोजमूलक कृति, महामानव तथा ओखलढुङ्गा जस्ता महाकाव्यहरु प्रकाशित भइसकेका छन् । शाह-शृङ्खला महाकाव्य भट्टराईको उत्तरार्द

चरण २०६६ मा प्रकाशित कृति हो । प्रस्तुत शोधमा यस महाकाव्यको कृतिपरक अध्ययन गरिएको छ ।

## १.४ समस्याकथन :

'शाह-शृङ्खला' महाकाव्यको कृतिगत अधययन गर्नु मुख्य समस्या रहेको यस शोधकार्यका समस्याहरु यस प्रकार गरिएको छ ।

क) नीलकण्ठ भट्टराईको साहित्यिक यात्रा के कसरी विकास हुँदै आएको छ र उनको साहित्यिक योगदान तथा नेपाली साहित्यमा उनको के-कस्तो योगदान रहेको छ ?

ख) ऐतिहासिक विकासक्रममा 'शाह-शृङ्खला' महाकाव्यको के-कस्तो स्थान रहेको छ ?

ग) नीलकण्ठ भट्टराईको शाह-शृङ्खला महाकाव्य के-कस्तो विषयमा आधारित कृति हो ?

घ) नीलकण्ठ भट्टराईको शाह-शृङ्खला महाकाव्यका सैद्धान्तिक स्वरुप के-कस्ता छन् ?

ङ) नेपाली महाकाव्यको यात्रामा 'शाह-शृङ्खला' महाकाव्यको प्रवृति कस्तो छ ?

## १.५ शोधकार्यका उद्देश्यहरु :

शोधकार्यमा सङ्केत गरिएका शोध समास्याहरुको समाधान खोज्नु नै यस शोधकार्यको उद्देश्य हुनेछ । अर्थात् शोधका उद्देश्यहरुलाई यस प्रकार उल्लेख गरिएको छ ।

क) नीलकण्ठ भट्टराईको 'शाह-शृङ्खला' महाकाव्यलाई विषयका आधारमा चिनाउनु ।

ख) नीलकण्ठ भट्टराईको 'शाह-शृङ्खला' महाकाव्यको सैद्धान्तिक स्वरुपको खोजी गर्नु ।

ग) नीलकण्ठ भट्टराईको 'शाह-शृङ्खला' महाकाव्यका वैषिठ्यहरु निर्क्यौल गर्नु ।

घ) नेपाली महाकाव्यको यात्रामा शाह-शृङ्खला महाकाव्यको प्राप्ति र स्थान निर्धारण गर्नु

## १.६ पूर्वकार्यको समिक्षा :

नीलकण्ठ भट्टराई नेपाली पद्य कविताको क्षेत्रको एक दरिलो नाम हो । उनीद्वारा रचना गरिएको शाह-शृङ्खला महाकाव्य पूर्वीय महाकाव्यको सिद्धान्तमा रहेर वि.सं. २०६६ मा प्रकाशित भएको हो । यस महाकाव्यका बारेमा अत्यन्त कम विद्वान् तथा समालोचकहरुले धारणा व्यक्त गरेका छन् । तर यसमै केन्द्रित रहेर भने अझैसम्म कसैले समग्र अध्ययन गरेको पाईदैन । यस कृति सम्बन्धी भएका पूर्वकार्यको विवरण तल संक्षेपमा वर्णन गरिएको छ ।

राष्ट्रकवि माधवप्रसाद घिमिरे (२०६६), फागुन २४, राप्ती सप्ताहिक गोरखा राज्यको पृथ्वीनारायण शाहले नेपालको एकीकरण गरेका हुन् या गोरखा राज्यको विस्तार यसमा अहिले विचार बाझिएको छ । एकीकरण भनेर स्वीकार्नेहरु पनि लोकतन्त्र राजतन्त्रमा विवाद गरिरहेका छन् । तर इतिहासको कुरालाई नीलकण्ठ भट्टराईले 'शाह-शृङ्खला' मा उतारेका छन् । यसमा नेपालको एकीकरणका साथै इतिहासको वर्णन पनि छ । यसलाई राजनीति नभएर साहित्यिक रुपले लिनु होला । यसको अध्ययन पश्चात राष्ट्र फेरि खण्डित हुँदै नजाओस् भन्ने निश्कर्ष प्राप्त गर्न सकिन्छ । नरभूपाल शाहदेखि ज्ञानेन्द्र शाहसम्मको चर्चा गरिएको महाकाव्य 'शाह-शृङ्खलामा' नेपालको इतिहास समेटिएको छ ।

*मोहन पोखरेल (२०६६ फागुन-१५, अन्नपूर्ण पोष्ट)* नेपाली साहित्यले २०६६ माघ २८ गते थप एउटा लामो कविता प्राप्त गरेको छ । वी.पीको समाधि, सरोज स्मृति सप्त पल्लव जस्ता खण्डकाव्य र ओखलढुङ्गा जस्ता महाकाव्यका लेखक नीलकण्ठ भट्टराईको प्रस्तुत महाकाव्य शाह-शृङ्खला पूर्वीय महाकाव्यको सिद्धान्तलाई अक्षरश : पालन गरेर लेखिएको छ । १५ ओटा शृङ्खलामा लेखिएका महाकाव्यमा वर्णमात्रिक छन्दको प्रयोग गरिएको छ । यस महाकाव्यमा उपजाति छन्दका २८० श्लोक, अनुष्टुप छन्दका ६९० श्लोक, शार्दूलविक्रीडित छन्दका ५५ श्लोक, शिखरिणी छन्दका २ श्लोक र मालिनी छन्दका ११ श्लोक गरी जम्मा ११९० श्लोक छन् । पूर्वीय महाकाव्यको सिद्धान्त अपनाइएको यो महाकाव्य ऐतिहासिक महाकाव्य हो ।

सुरुमा लामो कविता भनेका मोहन पोखेलले अन्तत : यस 'शाह शृङ्खला' लाई महाकाव्य कै दर्जा दिएका हुन । यस महाकाव्यको यी दुईका अतिरिक्त कहीँ कतै पनि चर्चा गरेको पाइँदैन । यी पूवकार्यको अध्ययनबाट शाह शृङ्खला महाकाव्यको गौढ र सूक्ष्म अध्ययन हुन सकेको छैन । त्यही अभाव पूर्ति गर्नका लागि यो शोध कार्य गरिएको छ ।

## २०६६ फागुन १५ गतेको अन्नपूर्ण पोष्ट शनिवारे परिशिष्टाङ्क

तिनै प्रतापी नृपको
यथार्थमा गर्दछु यो बयान ।
हेरुन् सबैले यसलाई खोली
विशुद्ध साहित्य भनेर बोली ।

पृथ्वीनारायण शाहले नेपाल एकीकरण गरेका हुन् या गोर्खा राज्यको विस्तार यसमा अहिले मत बाझिएको छ । एकीकरण भनेर स्वीकार्नेहरु पनि लोकतन्त्र र गणतन्त्र राजमा विस्तार हो भनिरहेका छन् । यही बहसका बीच नीलकण्ठ भट्टराईले शाह शृङ्खला बजारमा उतारेका छन् । समयको सापेक्षतामा शाहवंशको विशेषता छन् भट्टराईका काव्यलयमा । नेपाली वैदिक पौराणिक र ऐतिहासिक गौरवको रुपमा नेपालको एकीकरणको इतिहासलाई जागरुक बनाउने पवित्र उद्देश्य उनको काव्यहारमा देखिन्छ । यसमा उनको पाठकलाई विनय पनि छ, यसलाई राजनीतिक चेतले होइन साहित्यको रुपमा लिनुहोला । महाकाव्य शाह शृङ्खला पढेपछि राष्ट्रकवि माधव घिमिरेले निष्कर्ष निकाले, 'राज्य फेरि खण्डित भएर भुरेटाकुरे राज्यमा परिणत हुँदै नजाओस, यही काव्यको अन्तरध्वनि हो ।' नेपाली वाङ्मयमा इतिहासलाई भावना र विचारका साथ साहित्यिक प्रस्तुति दिने क्रममा महाकाव्यको रुपमा उतारेका हुन् । शाहवंशको इतिवृत नीलकण्ठ भट्टराईले यसमा नरभूपाल शाहदेखि ज्ञानेन्द्र शाहसम्म छोएका छन् ।

## "शाह शृङ्खला" सरसर्ती पढ्दा

नेपाली साहित्यले २०६६ माघ २८ गते थप एउटा लामो कविता प्राप्त गरेको छ । प्रज्ञा प्रतिष्ठानको सभाकक्षमा जगदाचार्य चन्द्र स्वामीजी महाराजका हातबाट विमोचित ‘शाह शृङ्खला’ नामाकरण गरिएको यस कृतिका रचनाकार नीलकण्ठ भट्टराई हुन । २०१४ साल साउन ४ गते ओखलढुङ्गाको दियाले धारपानी भन्ने गाउँमा भीमाहर्क भट्टराई र तुलसादेवी भट्टराईका साँहिला छोराका रुपमा जन्मेका थिए । उनको प्राथमिक शिक्षा ओखलढुङ्गा नै र माध्यमिक एवं स्नातक चाहिँ महोत्तरी जिल्लाको मटिहानीमा भएको थियो । २०४२/४३ सालमा त्रिभुवन विश्वविद्यालय कीर्तिपुरबाट संस्कृत विषयमा स्नातकोत्तरसम्मको शिक्षा हासिल गरेका भट्टराईले २०३७ सालमा आकांक्षा कविता लेखि नेपाली कविता साहित्यमा प्रवेश गरेका थिए । हजारीजनक विद्यापीठ जनकपुरधाममा लाईब्रेरीमा सहायक प्रशासक पदमा कार्यरत भट्टराईका विपीको समाधि २०५९ सरोजस्मृति सप्त पल्लव २०६० खण्डकाव्य, त्रिबल्ली कविता संग्रह २०६४, वनदेवीको आत्मवृतान्त लघुउपन्यास २०६४, सर्लाहीका साहित्यकार प्रतिभाहरु २०६५ र शाह शृङ्खला महाकाव्य २०६६ प्रकाशीत कृति हुन् भने प्रकाशोन्मुख ओखलढुङ्गा महाकाव्य रहेको छ । त्यसैगरी कान्छा वाहुन उपन्यास र नैपविमर्श चाहिँ खेस्रालेखन नै अघि बढिरहेका छन् ।

२०६५ सालको धरणीधर वाणी पुरस्कारबाट सम्मानित भट्टराईको हालै प्रकाशित, ‘शाह शृङ्खला’ नामक लामो कवितामा जम्मा पन्ध्र शृङ्खला रहेका छन् । वर्णमात्रिक छन्द्का सफल प्रयोक्ता भट्टराईले उपजातिका २ सय ८० अनुष्टप छन्दका ५ सय ९० शार्दूलविक्रीडित १ सय ५४, मन्दक्रान्ताका ५५, मालिनीका ११ अनि शिखरिणीका २ गरी जम्मा १ हजार १ सय ९० श्लोकमा यो कृति सिध्याएका छन् । कवि पूर्वीय काव्य लेखन परम्पराबाट नै प्रभावित भएकाले सुरुका ५ श्लोक मङ्गलचरणका लागि लेखिएको देखिन्छ । त्यसपछिको केही श्लोक प्रतिज्ञा वाक्यका रुपमा आएका छन् भने १० औं र ११ औं श्लोकचाहिँ आग्रहका रुपमा आएका छन् । शायद परिवर्तित परवेशले समातिएको विषयलाई नगिज्याओस भन्नका लागि ...

साहित्यमा मिश्रण कति छैन भन्ने प्रष्टिकरण दिइए जस्तो लाग्छ । हुनत परिस्थित आफ्नै किसिमले परिवर्तन भैरहने भएकाले त्यति ठूलो असर यहाँ पर्दैनथ्यो तापनि कविको यो स्पष्टीकरण अगाडि बढेको यस कृतिको पहिलो शृङ्खलामा मञ्जुश्रीले तयार पारेको राज्यमा प्रथम धर्माकर राजा बनाइएकोबाट राजवंशको थालनी भएको नै मुनिले पालन गरेकाले नेपाल नाम रहन गएको, त्यसपछि गोपालवंश, किरातवंश बाइसे, चौबीसे, लिच्छवी वंश, मल्लवंश आदिले राज गरेको कुराको ऐतिहासिक जानकारी दिदैं शाह वंशका प्रथम राजा 'भूपाल' नरभुपाल हुँदै पृथ्वी नारायण शाहसम्म आईपुग्दाका १७ पुस्ताको संक्षिप्त बयान गरिएको छ । दोस्रोमा पृथ्वी नारायण शाहले बाल्यकालमा गोरखनाथबाट आशीर्वाद पाएको, विवाह भएको र राज्य विस्तारको योजना तयार पारिएको कुरा छन् भने तेस्रोमा राज्यविस्तारको अभियान सुरु गरेको, हतियार लिन काशीतिर गएको विभिन्न राज्यमाथि विजय हासिल गरेको कुरा वर्णन गरिएको छ । त्यसैगरी चौथोमा प्रतापसिंह शाहको राज्यकालको वर्णन, पिताको अभियान अगाडि बढाउने अठोट जस्ता ऐतिहासिक तथ्यहरु समावेश गरिएको छ । पाँचौ र छैठौंमा रणबहादुर शाहको राज्यकालको विस्तार छ । रणबहादुर शाहका तीन रानीमध्ये माइलीबाट जेठा छोरा रणोद्योत र कान्छीबाट गीर्वाणको जन्म भएको नियमत : रणेद्योतले पाउनु पर्ने राज्य स्त्रीलम्पटका कारण रणबहादुरले गीर्वाणलाई उत्तराधिकारी बनाएपछि क्रम टुटेर विक्रम भएको ऐतिहासिक तथ्य प्रस्तुत गर्नुका साथै रणबहादुरले सन्यास धारण गरेको कुराको देखिन्छ । त्यसपछि सातौमा गिर्वाणको कार्यकाल उनका सुधारका अभियानहरुको वर्णन, रंगनाथ गुरुबाट शिक्षार्जन गरेको कुराको वर्णन गरिएको पाइन्छ । यसरी पहिलो शङ्खलाबाट पन्ध्रौ शृङखलासम्म पुग्दा शाह वंशको राज्यकाल नै समाप्त भएको देखिन्छ । यस अघि शिक्षा आर्जनको चर्चा नगरिएकाले शिक्षाको आवश्यकता महसुस गर्ने पनि यिनै थिए भन्ने कुराको ऐतिहासिक जानकारी मिल्दछ । अनि आठौंमा राजेन्द्र विक्रमको राज्यकाल सुगौली सन्धिको वर्णन, नवौमा सुरेन्द्र विक्रमको राज्यकाल, दसौंमा त्रैलोक्य विक्रम र छोरा पृथ्वीवीर विक्रमको वर्णन, अनि एघारौंमा त्रिभुवनको कार्यकालको वर्णन गरिएको छ । त्यसैगरी बाह्रौंमा महेन्द्रको शासनकाल, तेह्रौंमा वीरेन्द्रको, चौधौंमा दीपेन्द्रको राजा घोषणा गरी ज्ञानेन्द्रको नायवी र पन्ध्रौंमा ज्ञानेन्द्रको राज्यकाल एवं परिस्थितिले कोल्टे फेरिएपछिका अनि दरबार त्यागसम्मको

विषयवस्तुको चर्चा गरेको पाइन्छ । यसरी पहिलो शृङखलाबाट पन्ध्रौं शृङ्खलासम्म पुग्दा शाहवंशको राज्यकाल नै समाप्त भएको देखिन्छ । यस काव्यमा छन्दको प्रयोगलाई राम्ररी प्रयोग गरिएको छ । हिजोआज छन्दका कविता लेख्ने क्रम निकै कम भइरहेको बेलामा यसरी रिठ्ठो नबिराई छन्दमा इतिहास समेटनु ठूलै प्रतिभा नभई सम्भव नहुने कुरो हो । अन्त्यनुप्रासमा निकै सतर्कता अपनाइएको यस काव्यमा एउटा अङ्गी र अरु अङ्गरस हुने गर्दछन् । तर यहाँ त्यो अभाव छ र यसका हिसावले हेर्नेहरुका लागि यो महाकाव्य नहुन सक्छ । त्यसैगरी नायक र नायिकाको प्रणय प्रसंग पनि यहाँ छैन । यो त वंश महाकाव्य मात्र हो । यहाँ वंशको मात्र वर्णन गरिएको छ । त्यसैले नायक नायिकाको वार्तालाप वा उनीहरुको जीवनमा घटित घटनाले हृदय च्वास्स हुने मौका यसभित्र खोज्नु निरर्थक प्रयास हुन्छ । दरवारका कुटिल दृष्टि, दरवारिया षड्यन्त्र जस्ता कुराहरु यसभित्र भेटिन्छन् । एउटालाई अर्कोले उचाल्ने षड्यन्त्र गर्ने सिध्याउने, सौता सौताका बीचको हानथाप आफ्ना सन्तानलाई उत्तराधिकारी स्थापित गराउने र गलत काम गर्न वाध्य तुल्याउने दरवारिया प्रवृत्तिहरु यस काव्यभित्र प्रशस्त भेटिन्छन् । नेपालको हालसम्मको सिंगो दवारिया इतिहास नै यस काव्यको विषयवस्तु हो । जनताको सामु केही गरौं भन्ने व्यक्तिहरले लामो समयसम्म बाँच्न नपाउने गरेको ऐतिहासिक तथ्य खोज्नु पऱ्यो भने यसलाई पल्टाए पुग्छ । कविले निकै लामो समयसम्म इतिहासको अध्ययन गरेर वस्तुपरक तथ्यहरुलाई शृङ्खलावद्ध भाषामा बाँध्ने काम गरेका छन् । यो निकै ठूलो प्रसंसनिय कार्य हो । प्रशासनीक क्षेत्रबाट राज्यमा दरबारको हैकम गए पनि इतिहासमा रहनु आवश्यक छ । सयौं वर्षसम्म काम गर्ने क्रममा सबै नराम्रै नराम्रा काम भए भन्नु गलत हुन्छ । राम्रा नराम्रा कामको मूल्याङ्कन समयले गर्ने हुँदा भावी पुस्तका लागि सिंगो इतिहासलाई जीवित राख्ने प्रयास नै सबैभन्दा ठूलो र प्रसंसनीय बनेको छ । विपीको समाधि र महामानव महाकाव्य लेख्ने कविले शाह श्रृंखला कसरी लेखे होलान अथवा कविको धरातल के होला ? जस्ता प्रश्न उब्जिन सक्छ ।

## १.७. शोधको औचित्य :

शाह-शृङ्खला महाकाव्यको बारेमा अत्यन्त कम समीक्षकद्वारा सम्भाव्य समीक्षा गरिएको पाइन्छ तर प्रस्तुत महाकाव्यकै परिधिमा रही विभिन्न कोणबाट विस्तृत अध्ययन गरी कृतिगत वैशिष्ठ्य ठम्याउने काम भएको देखिदैन । यस शोधमा शाह-शृङ्खला महाकाव्यका बारेमा जान्न चाहने सम्पूर्ण इच्छुक विद्यार्थी, शिक्षक तथा काव्य र साहित्यिक पाठकहरुका लागि यस शोधपत्रले सहयोग गर्ने हुनाले यसको औचित्य झल्किएको छ ।

## १.८ शोधको सीमाङ्कन :

प्रस्तुत शोधपत्र 'शाह-शृङ्खला' महाकाव्यको कृति अध्ययनमा केन्द्रित रहेको छ । प्रस्तुत शोधपत्रमा भट्टराईद्वारा रचिएका अन्य खण्डकाव्य, महाकाव्य कृतिहरुको र फुटकर कविता, एवम् उपन्यास तथा कुनैपनि रचनाको उल्लेख गरिने छैन । कृतिको नामसम्म उल्लेख गरिने छ । यस महाकाव्यको विवेचनाको लागि आवश्यक महाकाव्यको सिद्धान्तको आधारमा प्रस्तुत शाह-शृङ्खला महाकाव्यको विवेचना मात्र प्रस्तुत शोधपत्रमा गरिएको छ ।

## १.९ सामग्री सङ्कलन विधि :

प्रस्तुत शोधपत्र तयार पार्नका लागि पुस्तकालयीय अध्ययन विधिका आधारमा सम्बन्धित विषयका विभिन्न पुस्तक, पत्रपत्रिका तथा शोधपत्रको अध्ययन गरी सामग्री सङ्कलन गरिएको छ । आवश्यक परेकोले शोधनायकसँग पुस्तक सम्बन्धी अन्तर्वार्ता लिइएको र घर परिवारलाई समेत भेटिएको छ । साथै विभिन्न विद्वान्हरुसँग आवश्यक जानकारी लिइएको शोध सामग्री सङ्कलन गरिएको छ ।

## १.१० शोधविधि :

प्रस्तुत शोधकार्यका लाीग आवश्यक सामग्री प्राथमिक तथा द्वितीय स्रोतमार्फत विश्लेषणात्मक विधि अपनाइएको छ । साथै प्राक्कल्पना गरिएको छ । शोधको सत्यता प्रमाणितका लागि प्रसङ्गका सुरु र अन्त्यमा सन्दर्भ सङ्केत दिइएको छ ।

## १.११ शोधपत्रको रुपरेखा :

प्रस्तुत शोधकार्यलाई आवश्यकता अनुसार शीर्षक, उपशीर्षक दिएर सङ्गठीत तुल्याइएको छ । जसका लागि निम्न अनुमानित सङ्गठन तथा रुपरेखा रहेको छ ।

| | |
|---|---|
| पहिलो परिच्छेद | शोध परिचय |
| दोस्रो परिच्छेद | नीलकण्ठ भट्टराईको परिचयात्मक व्यक्तित्व |
| तेस्रो परिच्छेद | महाकाव्यको सैद्धान्तिक आधार |
| चौथो परिच्छेद | 'शाह-शृङ्खला' महाकाव्यको कृतिपरक विश्लेषण |
| पाँचौ परिच्छेद | उपसंहार र निष्कर्ष |

## परिच्छेद दुई

## २. नीलकण्ठ भट्टराईको परिचयात्मक व्यक्तित्व

### २.१ जन्म र जन्मस्थान

महाकाव्यकार नीलकण्ठ भट्टराई वशिष्ठ गोत्रीय उपाध्याय ब्राह्मण वंशमा जन्मिएका हुन् । नेपालका मौदमल्य गोत्रीय थाङसाङ भण्डारी, खरेल, चालिसे आदिहरुको पूर्व बसोवास कर्णाली क्षेत्र हो । भट्टराईहरुका पूर्वज पाल्पाली भट्ट हुन् । त्यही भट्ट वंशका नीलकण्ठ भट्टराईका पूर्खाहरु शिक्षित र कुलीन थिए । यसै वंशका पिता "भीमाहर्क भट्टराई र तुलसीदेवीका कोखबाट छैटौँ सन्तानका रुपमा" नीलकण्ठ भट्टराईको जन्म भएको हो । यिनको जन्म सौरमान अनुसार वि.सं. २०१४ साल श्रावण ४ गतेको दिन भएको हो । यिनको जन्मस्थान हालको सगरमाथा अञ्चल मध्येको ओखलढुङ्गा जिल्ला दियाले गाउँ विकास समिति बडा नं. १ धारापानी गाँउमा भएको हो । भीमाहर्क र तुलसादेवीका नौ सन्तान पाँच छोरा र चार छोरी मध्ये भट्टराई सम्पूर्ण सन्तान मध्येका छैठौँ र दाजुभाइमध्ये साँइलो 'तेस्रो' हुन् । उनका हाल "जेठादाजु चक्रप्रसाद र कान्छो भाइ किशोर छन् भने दुईटी दिदीहरु अद्यापि विद्यमान छन् ।" भट्टराईका अन्य दाजु भाइहरुमा साँइलो दाजु उनले थाहा नपाउदै र काइलो भाइ थाहा पाएपछि नै दिवङ्गत भए । भट्टराई ठूला परिवारका सदस्य थिए । उनका चार दिदी बहिनीमध्ये एउटी दिदी उनले थाहा नपाउँदै र एउटी बहिनी थाहा पाएपछि दिवङ्गत भए ।

## २.२ वाल्यकाल र प्रारम्भिक शिक्षा

कवि नीलकण्ठ भट्टराईको वाल्यकाल आफ्नै जन्मस्थलमा संयुक्त परिवारमा वितेको थियो । यिनी जन्मदा त्यस परिवारमा हजुरबा र अजुर आमा, बुवाहरु दाजुभाइ, दिदी बहिनी लगाएतका परिवारहरु थिए । त्यस संयुक्त परिवारका सदस्यहरुले नीलकण्ठ भट्टराईलाई निकै माया गर्दथे । आफ्नै बाबुआमाका स्नेहशील काखमा हुर्किएका नीलकण्ठको बाल्यकाल ओखलढुङ्गा जिल्लाको दियाले गा.वि.स. र वरिवरिका गाउँ बेसीका विभिन्न स्थानमा वितेको पाइन्छ । नेपालको पहाडी जिल्लामा जन्मिएका नीलकण्ठ आफ्ना साथीहरुसँग अत्यन्तै मिलनसार थिए । उनी कृषकका छोरा भएकाले उनको बाल्यकाल पनि साथीहरुसँग रमाउँदै कहिले गोठालो भएर जङ्गल जाने र कहिले विद्यालय जाने, कहिले घाँस काटेर त कहिले बाख्रा चराएर वित्यो । भट्टराईको परिवारिक स्थिति भने निम्न मध्यम स्तरको थियो । उनले बाल्यकालमा सहरका बालकले जस्तै प्रशस्त पैसासँग परिचित हुने अवसर पाएनन् । उनी खेलकुदमा पनि निकै रुचि राख्दथे । पहाडको विकट स्थानमा रहेको सामान्य परिवारमा खेती किसानबाट एक वर्षका लागि हातमुख जोर्न अन्न उब्जाउन पनि धौ-धौ पर्ने र अन्य आय श्रोतको कुनै बाटो नभएको र बाल्यकालका इच्छाका खाडलहरु भर्न सक्ने परिवारको स्थिति पनि नभएकाले विभिन्न टाला बटुली भकुण्डो खेलेर आफ्ना ईच्छा पूरा गर्दथे । भट्टराईको बाल्यकाल बाल्य स्वभाव अनुसार बित्यो । उनका बाल्यकालका साथी सङ्गतिहरुमा मीनबहादुर श्रेष्ठ, चेतबहादुर कार्की, केश दहाल, विर्सिनसक्ना थिए । यसरी हेर्दा भट्टराईको बाल्यकाल विभिन्न खेलकुदसँगै रमाईलो मै वितेको पाइन्छ ।

कवि भट्टराईको अक्षराम्भ आफ्नै परिवारमा भएको पाइन्छ । अक्षराम्भ कति वर्षको उमेरमा र कसले गरायो भन्ने कुरा स्पष्ट रुपमा जानकारी नभए पनि आफ्नै परिवारका सदस्यहरु बुवा, दाजु र दिदीहरुको प्रयासबाट उनले अक्षर चिने । अक्षर र बाह्रखरी सिकिसकेपछि परम्परागत प्रचलन अनुसार विभिन्न देवदेवीका स्तुतिहरु, दुर्गा सप्तशती, चौथो अध्यायसम्म र रुद्रीको पढाइ अघि बढ्यो । यसरी लगभग चारदेखि ६ वर्षसम्मको यस प्रकारको अनौपचारिक पढाइलेखाइपछि मात्र यिनको औपचारिक शिक्षा सुरु भएको पाइन्छ ।

यिनको प्रथम “औपचारिक शिक्षाको सुरुवात ओखलढुङ्गा जिल्लाको खनिभन्ज्याङ्गमा रहेको श्री सरस्वती प्राथमिक विद्यालय पौवाबाट भएको पाइन्छ ।” विद्यालयमा तत्कालीन शिक्षा व्यवस्थाअनुसराको कखरा शिक्षा पाएपछि “भट्टराई सो विद्यालय परिवर्तन गरी श्री जालपादेवी प्रा.वि. जग डाँडामा कक्षा १ मा भर्ना भए । त्यस विद्यालयमा उनले कक्षा २ सम्म मात्र अध्ययन गरे । त्यसपछि त्यो विद्यालयलाई छोडी” श्री कालीका देवी उदय प्राथमिक विद्यालय नेवार गाउँ तीनधारे ओखलढुङ्गाबाट अध्ययनलाई त्यत्तिकै छाडिदिए । यसरी हेर्दा तीन कक्षाको पढाई पढुन्जेल उनले तीनवटा विद्यालय परिवर्तन गरिएको र सोही ठाउँबाट प्राथमिक र निम्न माध्यमिक तहको पढाई पढेको देखिन्छ ।

## २.३ किशोरावस्था र माध्यमिक शिक्षा

खण्डकाव्यकार नीलकण्ठ भट्टराईको किशोरावस्था निकै उतार चढावपूर्ण बितेको पाइन्छ । आफ्नो परिवारका प्रमुख जसले पालन पोषण गरी हुर्काउँथे । त्यस्ता पिताको २०२३ सालतिर देहावसान भयो । पिताको देहावसानपछि आय-आर्जनको स्रोत कर्मकाण्ड वा पुरेत्याई पनि बन्द हुँदै गयो । त्यस बेला उनी ९ वर्षका मात्र थिए । त्यसपछि परिवारको सल्लाह र आफ्नो इच्छा अनुसार संस्कृत शिक्षा आर्जन गर्न वि.सं. २०२७ सालमा श्री लक्ष्मी नारायण प्रधान पाठशाला मटिहानी महोत्तरी आएर प्रथम वर्ष वा कक्षा ६ मा भर्ना भए । भट्टराई उच्च पहाडी क्षेत्रमा हुर्केका हुनाले महोत्तरी जस्तो तराई गर्मी ठाउँमा र मैथली समाजमा हुर्कन उनलाई निकै असजिलो भयो । सो विद्यालयमा संस्कृत पढ्न ब्राह्मण बटुकहरुलाई छात्रवृत्ति मार्फत भोजन, आवास र पढाई खर्च समेत दिने व्यवस्था थियो । भट्टराईले पनि २०२७ सालदेखि नै नम्बरी छात्रवृत्ति पाएका थिए । नम्बरी विद्यार्थी भएकाले छात्रवृत्ति व्यवस्था अनुसार कक्षा ६ देखि १० सम्मको पढाई त्यहाँबाट प्राप्त गरे । राम्रो वातावरण पाएका भट्टराई पढाइमा निकै लगनशील थिए फलस्वरुप “वि.सं. २०३३ सालमा उनले द्वितीय श्रेणीमा पूर्वमध्यमा वा एस.एल.सी. उत्तीर्ण गरे । यसरी हेर्दा भट्टराईको माध्यमिक तहको पढाइ १९ वर्षमा पूरा भएको पाइन्छ ।

## २.४ युवावस्था र उच्च शिक्षा

कवि भट्टराईको उच्च शिक्षाको आराम्भ २० वर्षको उमेरबाट आराम्भ भएको पाइन्छ । भट्टराईले वि.सं. २०३४ सालमा माध्यमिक शिक्षा अध्ययन गरेकै स्थानमा रहेका श्री यज्ञ पल्क्य लक्ष्मीनारायण विद्यापीठ मटिहानीमा उत्तरमध्यमा प्रमाण पत्र तह (आई.ए.) तह भर्ना भई उच्च शिक्षाको सुरुवात गरेको देखिन्छ । उत्तरमध्यमाको दुई वर्षे अध्ययनको सफलतासँगै वि.सं. २०३६ सालमा शास्त्रीतहमा भर्ना भए । उनलाई अब पढाइ मात्र अघि बढाउनु थिएन । ताकि परिवार पनि चलाउनु थियो । त्यही कारणले वि.सं. २०३८ सालसम्ममा शास्त्री द्वितीय वर्ष अर्थात् (स्नातक) उत्तीर्ण भएपछि वि.सं. २०३८ सालमै जागिरतिर तानिए । त्यस बेला शास्त्री वा बी.ए. दुई वर्षे मात्र थियो । भट्टराई वि.सं. २०३९ सालमा स्नातकोत्तर सरहको अध्ययन गर्न काठमाडौं गए । उनी संस्कृत भाषाका विद्यार्थी भएका कारणले त्यही साल “कीर्तिपुर बहुमुखी क्याम्पस कीर्तिपुरमा मूल विषय संस्कृत लिएर स्नातकोत्तर (एम.ए.) प्रथम वर्षमा भर्ना भए ।” त्यसपछि सोही क्याम्पसबाट भट्टराईले वि.सं. २०४१ सालमा स्नातकोत्तर (एम.ए.) उत्तीर्ण गरे । भट्टराई स्नातकोत्तर उत्तीर्ण हुँदा २७ वर्षका भएका थिए । यहीबाट उनको औपचारिक उच्च तहको अध्ययन समाप्त भएको देखिन्छ ।


## २.५ ब्रतबन्ध, विवाह तथा सन्तान

हिन्दू धर्म संस्कार अनुसार ब्राम्हण जातिको उपनयन संस्कार आठ वर्षको उमेरमा गर्नु पर्ने चलन छ । सो अनुसार भट्टराईको ब्रतबन्ध पनि आठ वर्षको उमेरमा भएको थियो । “भट्टराईको ब्रतबन्ध वि.सं. २०२२ साल फाल्गुन महिना माघ शुक्ल पूर्णिमाका दिन सम्पन्न भएको देखिन्छ ।” भट्टराईलाई गायत्रीदान र वेदारम्भ “गुरु श्री अम्बिका प्रसाद पराजुलीले गराएको पाइन्छ ।” नीलकण्ठ भट्टराई दाम्पत्य जीवनमा बाँधिदा युवावस्थामा प्रवेश गरेका थिए । उनको शुभ विवाह घर परिवारको योजनानुसार उदयपुरका दामोदर दाहाल र पदम कुमारीकी सुपुत्रीसँग बौद्धिक विधिअनुसार सम्पन्न भएको थियो । भट्टराईको शुभ विवाह वि.सं. २०३६ साल जेष्ठ २१ गते २२ वर्षको उमेरमा दुर्गा कुमारीसँग भएको देखिन्छ । दाहालहरु शिक्षित परिवारमा गनिएको देखिन्छ । तत्कालीन समयमा पनि छोरीमान्छेले अध्ययन गर्नु शिक्षित परिवारकै परिचय मान्नुपर्छ । दुर्गा सानै उमेरदेखि मृदुभाषी, सरल स्वाभाव र

सहयोगी भावना भएकी नारी थिइन् । वर्तमानमा पनि उनका बानी व्यवहारमा परिवर्तन भएको पाईदैन ।

नीलकण्ठ भट्टराईका निशा, निराजन र निरञ्जन गरी तीन सन्तान छन् । उनकी “एक छोरी निशाको जन्म वि.सं. २०४४ सालमा भएको हो भने हाल उनी वि.वि.एस. तेस्रो वर्षको परीक्षा दिएर बसेकी छिन् । त्यस्तै जेठो छोरो निराजनले स्नातक उत्तीर्ण गरे भने कान्छो छोरो कक्षा १२ मा अध्ययनरत रहेको पाइन्छ ।” (शोध नायकबाट प्राप्त जानकारी अनुसार) भट्टराई हालसम्म पनि कुनै पनि दाजु भाइबाट, छुट्टिएका छैनन् । त्यसैले उनीहरुको पैत्रिक सम्पत्तिको बाँडफाँड नगरिएका कारणले तीन दाजु भाइका सामूहिक परिवार रहेकाले १४ जनाको संयुक्त परिवार नै रहेको देखिन्छ ।

नीलकण्ठ भट्टराईको वंशवृक्ष



## २.६ आजीविका र आर्थिक अवस्था

कवि नीलकण्ठ भट्टराईको जन्म नेपालको दुर्गम जिल्ला मध्येको एक जिल्ला ओखलढुङ्गामा भएको थियो । पिता पूर्खाहरु सामान्य मध्यम वर्गीय अवस्थाका थिए । यिनको जन्म यही सामान्य निम्न मध्यम परिवारमा भएको देखिन्छ । यिनको परिवारको मुख्य पेशा कृषि थियो । यिनको घर पहाडी भू-भागमा भएकाले बारी नै धेरै थियो । “खोला खेत थोरै मात्र रहेको र पाखाबारीको खासै उब्जनी नहुने भएकोले वर्ष भरी बिहान बेलुकाको छाक टार्न मात्र सीमित हुने भएकोले घरको आर्थिक अवस्था कमजोर रहेको देखिन्छ ।” यिनका पिता

कर्मकाण्डी अर्थात् पुरोहित थिए । त्यही पुरेत्याइँबाट जेनतेन परिवार चलेको देखिन्छ । "वि.सं. २०३३ सालमा पिताको देहवासान भएपछि झन आर्थिक विपन्नतामा पिल्सनु पऱ्यो । यही कारणले वि.सं. २०३६ सालमा आफ्नो परिवारिक अवस्थालाई आर्थिक विपन्नताबाट छुटकारा दिन ओखलढुङ्गामा रहेको सम्पूर्ण खेतबारी बिक्री गरी उदयपुर जिल्लामा पर्ने देउरी गा.वि.स. हालको त्रियुगा न.पा. मा बसाई सरी दश महिना व्यतित गरेको पाइन्छ । भट्टराईको परिवारको प्रमुख पेशा कृषि थियो । उर्वर भूमिको खोजीमा भौतारिदै "सर्लाही जिल्लाको चुरेशृङ्खलामा रहेको ढुङ्ग्रेखोला गा.वि.स. वडा नं. ३ केराबारीमा बराई सरेको पाइन्छ ।" सर्लाही जिल्लामा भित्रिएपछि परिवारिक आर्थिक अवस्था सवल हुँदै अएको देखिन्छ ।

आर्थिक अवस्थालाई सवल र जीवनको स्थायित्त्व खोज्ने क्रममा कहिले सामुदायिक विद्यालय त कहिले संस्थागत विद्यालयमा जागिर खन पछि नपर्ने विभिन्न आरोह-अवरोह घात-प्रतिघात सहँदै भए पनि वि.सं. २०४४ सालदेखि सरकारी जागीरमा प्रवेश गरेपछि भने पारिवारिक स्थिति उकाले लाग्दै भएको पाइन्छ । हाल भट्टराईले सहायक प्रशासकको लामो जागिरे जीवन व्यतित गरिसकेका छन् । भट्टराईका परिवार श्रीमती छोरा-छोरी काठमाण्डौमा डेरा गरी बसोबास गरिरहेका छन् । भट्टराईले वर्तमान समयमा आफ्नो कमाई र दाजुको सहयोगबाट राजधानीको भक्तपुर जिल्लामा एउटा घरेडीसम्म किनेको पाइन्छ । गगन चुम्वी महल पजेरो र प्राडो किन्न नसकेता पनि आधारभूत आवश्यकता अर्थात् तीन छोरा छोरीको पढाई तथा घर खर्च गर्न उनीहरुको कमाइले धानेको नै छ । कम्प्यूटर, टेलिफोन तथा मोबाइल जस्ता वैज्ञानिक उपकरणहरु उनले प्रयोग गर्दै आएका छन् । (शोध नायकबाट प्राप्त जानकारी अनुसार) यसरी भट्टराईको आर्थिक अवस्था सबल र सक्षम नै भए पनि दयनीय जीवनमा भद्र श्रीमतीको सहयोगका कारणले उनको जीवन क्रमश : सम्पन्नतातर्फ धकेलिदै गएको आभाष हुन्छ ।

## २.७ स्वभाव

बाल्यकालमा अर्न्तमुखी स्वाभाव भएका भट्टराई आफ्ना मनका भावना वा चाहना स्पष्टसँग बाहिर ननिकालेर त्यसको परिमाणको लेखाजोखा गरेर मात्र भावना व्यक्त गर्ने

स्वभाव रहेको पाइन्छ । यसै कारणले उनले बहिर्जगत्सँग सम्बन्ध राख्दै जीवनका अनूभुतिहरुलाई साहित्य मार्फत बाहिर निकालेको देखिन्छ । उनको जीवनलाई नियाल्दा बाल्यकालदेखि नै अत्यन्त मिलनसार र सहयोगी देखिन्छन् । आफ्ना गुरुहरुप्रति सधैँ आदर र श्रद्धाभाव व्यक्त गर्ने भट्टराईमा आफ्ना अभिभावकहरुको भावना बुझेर कदर गर्ने कुनै झन्झट र रिस नदेखाउने स्वभाव रहेको देखिन्छ । सरल स्वभावका धनी भट्टराई अर्काको कल्याणका लागि जस्ता सुकै कुरामा पनि नाईनास्ति नगरी सहयोग गर्न पछि नपरेको देखिन्छ । मसिनो स्वरका धनी भट्टराई, विद्यार्थी, प्राध्यापक तथा कर्मचारी हुँदा कसैले पनि कालो मुख लगाउनु परेन । अनावश्यक कुरा नबोल्ने, नगर्ने, बोल्दा गमेर र भरसक ढिलो बोल्ने, कुनै विवादमा नफसिने गरी औपचारिक र सन्तुलित किसिमले तटस्थपूर्वक बोल्ने स्वभाव रहेको देखिन्छ । उनी मान्छेलाई छिट्टै प्रभाव पार्ने र काम लिन दिन साह्रै सिपालु देखिन्छन् । कामप्रति लगनशील भट्टराई विद्यार्थी कालमा अत्यन्तै विनयशील मृदुभाषी नम्र स्वभाव, मिलनसार, स्वभिमानी स्वभावका व्यक्तित्त्व थिए भन्ने कुरा उनीबाट थाहा पाइन्छ । महत्त्वकांक्षा भन्दा आफूलाई धेरै टाढा राखेर साहित्यको सेवा गरी नेपाली साीहत्यको समृद्धिका लागि मरिमेट्ने भट्टराईको विशेष गुण रहेको देखिन्छ । सबै प्रति समान व्यवहार गर्नु, जातीयताका आधारमा कसै माथि भेदभावको दृष्टि नराख्नु, सदाचारमा रहनु र सत्कर्ममा संलग्न रहने चारित्रिक विशेषता भट्टराईमा रहेको पाइन्छ । मुसुक्क हाँस्दै बोल्ने भट्टराई जुनसुकै समयमा पनि साहित्यका कुनै पक्षको अध्ययन विश्लेषण तथा साहित्यको सिर्जनामा समय व्यतित गर्नु नै श्रेयस्कर ठान्दछन् । समग्रमा भन्नु पर्दा शिष्टता, सरलता, भद्रता, विनयशीलता एवं सहयोगी भावनाले सजिनु नै भट्टराईको चारित्रिक विशेषता हुन ।

## २.८ रुचि

साहित्य अध्ययन र प्रशासनिक सेवा नै नीलकण्ठ भट्टराईका रुचिका मूल क्षेत्र हुन् । उनी साहित्यिक कृतिहरुको रचना गर्नका अतिरिक्त विशिष्ट साहित्यकारहरुका कृतिहरुको अध्ययन विश्लेषण गर्न रुचाउँछन् । साहित्यलाई मूल आधार बनाउने भट्टराईले सिर्जनाका विभिन्न क्षेत्रमा कलमको मसी खर्चेका छन् । साहित्यका विभिन्न विधामध्ये भट्टराईको विशिष्ट

रुचिको विषय नै कविता रचना हो । संस्कृत साहित्यको क्षेत्रमा प्रचलित परिष्कारवादी धारामा कविता रच्ने भट्टराईका कवितामा समसामयिक समाजको चित्रण र प्राकृतिक चित्रण गर्न रुचाउनुका साथै सामाजिक भेदभाव, विकृति र विसङ्गतिलाई विषय वस्तुका रुपमा प्रयोग गरिएको पाइन्छ । परिष्कारवादी कविता रचना गर्न रुचाउने उनी छन्दमा कविता रचना गर्न सिद्धहस्त देखिन्छन् । भट्टराईको रुचिको अर्को क्षेत्र खोजमूलक लेख लेख्नु हो । कुनै पनि रचना लेख्दा दोस्रो, तेस्रो पटकसम्म साफी गर्नु पर्ने अर्को धारणा छ । धर्मप्रति भट्टराईको गहिरो आस्था छ । भट्टराई हिन्दू र बौद्धिक धर्मप्रति आस्था राख्दछन् । उनी परम्परागत कट्टरताभन्दा केही परिमार्जन सहितको धर्म मान्न रुचाउँछन् । उनी प्रत्येक विहान हिन्दू देवदेवी मध्ये उच्चपद मानिने विष्णुको पूजा गर्न तथा कुल पूजन कार्य गर्न रुचाउँछन् । सामाजिक क्षेत्रमा रहेका विभिन्न विसङ्गतिलाई चिरफार गरेर देखाउनु स्वदेशको माया उमार्ने शिक्षा दिनु, कुनै वाद-प्रणाली असत्यताको भण्डाफोर गर्नु, त्यस सम्बन्धी व्याख्या विश्लेषण गरेर यथार्थ झल्क्याउनु, उनको कार्य रहेको छ भन्दा अत्युक्ति नहोला । हिन्दू संस्कारमा आधारित चाडपर्वमा बढ्दै आएको विकृति र भड्किलोपन प्रति भट्टराई असन्तुष्ट देखिन्छन् । यसरी हेर्दा भट्टराईमा धार्मिक कट्टरता वा त्यस प्रतिको उग्र वितृष्णा नभई समयको परिवर्तनसँगै सम्पूर्ण कुराहरुमा परिवर्तन हुने हुनाले त्यही परिवर्तनसँगै आफूलाई परिवर्तन गर्न सक्ने खुवि रहेको देखिन्छ । कवि भट्टराईमा नेपाली रहनसहन प्रति निकै मोह छ । युवा उमेरमा निकै पिरो, अमिलो, साथै नेपाली परकार खान मन पराउने भट्टराई सादा आलु, भात, तरकारी रोटी जस्ता साविक भोजन गर्न मन पराउँछन् । उनी आफ्नो शारीरिक स्वास्थ्य प्रति निकै सचेत छन् । उनलाई गुलियो, अमिलो, पिरो जस्ता खाना खान नहुने रोग प्रोस्टेट ग्ल्याण्ड, र मधुमेह रोग लागेकाले उनी हाल कार्वोहाइड्रेट रहित खाना खान्छन् । भट्टराईलाई भडकिलो व्यवहार मनपर्दैन । त्यसैले उनी “कपडा लगाउनमा पनि त्यति सौखिन देखिदैनन् । मानव भएर स्वतन्त्र रुपले बाँच्न पाउनु पर्दछ । मानवले मानवको कर्तव्य पालना गर्नु पर्दछ भन्ने भट्टराई मानिसको भाग्य आफैं बनाउनु पर्छ भन्ने गीतापाठलाई मन पराउँछन् । भट्टराई शान्त वातावरणमा बस्न रुचाउँछन् । उनी समाजमा मिलेर बस्नु पर्छ एकले अर्कालाई सकेसम्म सहयोग गर्नु पर्छ भन्दै आफू पनि स्वतन्त्र र निष्पक्ष रुपमा बस्न रुचाउँछन् ।

## २.९ पेसा

नीलकण्ठ भट्टराई विविध पेशाामा संलग्न भएका छन् । आरम्भमा पिता पूर्खाको कृषि पेशामा सामेल भएकोले उनले औपचारिक रुपमा कृषि पेशालाई अँगालिरहेका छन् । भट्टराई आफ्नो अध्ययन पछि जीवन निर्वाहका निमित्त शैक्षिक प्रशासनिक सेवातर्फ संलग्न छन् ।

### २.९.१ शिक्षण पेसा

खण्डकाव्यकार नीलकण्ठ भट्टराईको शिक्षण पेसामा संलग्नता वि.सं. २०३८ सालमा शास्त्री (वी.ए. सो सरह) को परीक्षा पश्चात् हुन थाल्यो । भट्टराईले यही साल विभिन्न जिल्लाका प्रा.वि., नि.मा.वि. र मा.वि. हरुमा अस्थायी नियुक्ति लिएर पढाएको देखिन्छ । भट्टराईको शिक्षण पेसाको जीवनको सुरुवात सोलुखुम्बु जिल्लाको गुँदेल मा.वि. सोलुखुम्बुबाट सुरुभएको थियो । त्यहाँ तीन-चार महिना जति पढाएर दुर्गम भएको ठानी छोडिदिए । शास्त्रीको परीक्षामा सफलता हात पारेपछि भट्टराईले सोही वर्ष धनुषा जिल्लाको चिसापानी गा.वि.स. मा रहेको श्री जनता जयसवाल मा.वि. गोदारमा मा.वि. तहको नेपाली विषय पढाउन थाले । भट्टराईले स्नातकोत्तर उत्तीर्ण गरेपछि वि.सं. २०४२ सालमा नुवाकोट जिल्लाको नर्जा मा.वि. मा अस्थायी मा.वि. शिक्षकको दरबन्दीमा रही अध्यापन गरेको देखिन्छ । उनले जागिर कै क्रममा २०५१-२०५२ सालसम्म जनकपुरधाममा स्थापित मोनाष्टिक आवसीय मा.वि. मा अध्यापन गरेको देखिन्छ भने २०५३-२०५४ सालसम्म जनकपुरकै एञ्जल सेकेन्डरी बार्डिङ् स्कूलमा आंशिक शिक्षकको रुपमा अध्यापन गरेको पाइन्छ ।

### २.९.२ प्रशासनिक पेसा

खण्डकाव्यकार नीलकण्ठ भट्टराईको प्रशासनिक पेसाको थालनी २०४४ साल कार्तिक १२ गतेदेखि भएको हो । भट्टराईको प्रशासनिक पेसा नै मुख्य पेसाको रुपमा रहेको छ । उनको जीविकोपार्जनको मुख्य स्रोत पनि यही पेसा नै हो । वि.सं. २०४४ सालमा तत्कालीन महेन्द्र संस्कृत विश्वविद्यालय र हाल नेपाल संस्कृत विश्वविद्यालय अन्तर्गत रहेको वाल्मीकि विद्यापीठ प्रदर्शनीमार्ग काठमाण्डौमा हेड असिस्टेन्ट (ना.सु.) पदमा अस्थायी नियुक्ति पाई

प्रशासनिक सेवा सुरु गरेको देखिन्छ । २०४८ सालमा सोही पदमा स्थायी नियुक्ति पाएको देखिन्छ । भट्टराई २०५० सालमा जनकपुर स्थित हजारी जनक विद्यापिठमा सरुवा भए । सोही विद्यापिठमा रहँदा भट्टराई २०५८ सालमा विश्वविद्यालयको खुल्ला विज्ञापन मार्फत लिएको परीक्षामा सफल भई २०५७ साल चैत्र १ गतेदेखि स्थायी सहायक प्रशासकको रुपमा पदस्थापन भई हालसम्म सोही पदमा कार्यरत छन् ।

### २.९.३ संस्थागत संलग्नता

कवि नीलकण्ठ भट्टराई अनेक क्षेत्रसँग सम्बन्ध र सरोकार राख्ने बहुआयामिक बौद्धिक व्यक्तित्त्व ठहरिएकाले विभिन्न संघ-संस्थाहरुसँग सम्बद्ध देखिन्छन् । भट्टराई विद्यार्थी अवस्थादेखि नै कुनै न कुनै रुपमा विभिन्न संस्थाहरुमा संलग्न देखिन्छन् । विद्यार्थी जीवनमा मटिहानी पुस्तकालय हालको श्री शङ्कर आदर्श पुस्तकालयको संस्थापक सदस्य भए । भट्टराई जागिरे भएपछि नेपाल संस्कृत विश्वविद्यालय हजारी जनक विद्यापिठ कर्मचारी संघ एकाई समितिका सचिव भए । त्यही संस्थामा रहँदा भट्टराई न.सं. वि.वि. कर्मचारी संघ केन्दीय समितिको निर्वाचित सदस्य रहेको देखिन्छ । यस अन्तर्गत सर्लाही जिल्लाको ढुङ्ग्रेखोला गा.वि.स. स्थित शिवेश्वर युवा फाउण्डेशनको संस्थापक उपाध्यक्षका रुपमा पनि भट्टराई संलग्न छन् ।

## २.१० शोक, सङकट र सङ्घर्ष

हरेक व्यक्तिका जीवनमा शोक, सङ्कट र सङ्घर्षका कथा व्यथा गाँसिएका हुन्छन् । यसमा भट्टराई पनि अछुतो छैनन् । भट्टराई पनि आफूले जीवनमा दु:खका अनुभव धेरै र सुखका अनुभूति कमै सङ्गालेको बताउँछन् । भट्टराईले प्रथमत : आफूलाई असाध्यै स्नेह गर्ने आफ्ना पितासँगैको विछोडको पीडालाई खेप्नु पऱ्यो । भट्टराई ९-१० वर्षको हुँदा नहुँदै २०२३ सालमा पिता, एउटा भाइ र एउटी बहिनीको समेत मृत्यु हुँदा अत्यन्तै दु:खी भएको पाइन्छ । भट्टराई नेपालको विकट जिल्लामा जन्मेका हुन । त्यसमा पनि ठूलो परिवार थियो । सानैमा मरीमरी काम गर्नु पर्दथ्यो । सानै उमेरमा नै पितृवियोग सहँदै पढाइ, लेखाइ र घरतिरको पनि हेरविचार गर्नु पर्दाको क्षण उनका लागि सबभन्दा कहाली लाग्दो भयो । २०२७ सालमा ओखलढुङ्गा छाडी महोत्तरीको मटिहानीमा पढ्न जाँदा पनि उनले अत्यन्तै दु:ख पाए । भट्टराई

अत्यन्त कलिलो मन भएका भावुक व्यक्ति हुन् । त्यसैले होला २०३६  सालमा आफू जन्मिएको र हुर्केको गाउँ ठाउँलाई चटक्क छोडेर बसाई सर्नु पर्दा भट्टराईमा निकै मानसिक आघात परेको देखिन्छ । २०५४ साल भट्टराईका लागि निकै पीडादायक भयो । २०५४ साल भाद्र शुक्ल द्वितीयका दिन आफ्नी ममतामयी आमा तुलसादेवीको मृत्यु भएको थियो । उनका लागि सही नसक्नु भयो । भट्टराई यही साल निकै बिरामी पनि परे । भट्टराईलाई २०५४ मंसिर महिनामा प्रोस्टेट ग्ल्याण्ड (मुत्रथैलीमा मासु पलाएको) नामक रोग देखिएको र सोका उपचारका क्रममा मधुमेह समेत भएको देखिन्छ ।

### ३.११ नीलकण्ठ भट्टराई व्यक्तित्त्व

कवि भट्टराईले नेपाली साहित्यको उन्नति र प्रगतिको लागि अथक परिश्रम गरेको देखिन्छ । नेपाल र नेपालीको शीर नेपाली साहित्य, कविता, उपन्यास, समालोचना, अनुसन्धानात्मक लेख जस्ता विधामा कलम दौडाएर सगरमाथा झै चुल्याएका छन् । विद्यार्थी अवस्थामा मटिहानी छात्रावासको साहित्यिक वातावरण तथा छरछिमेक साथी सङ्गती, विद्धान् इष्टमित्र आदिको प्रभाव र प्रेरणा ग्रहण गरेका छन् ।

### २.११.१ साहित्यिक व्यक्तित्त्व

कवि नीलकण्ठ भट्टराइको सार्वजनिक लेखन यात्रा कविता विधाबाट सुरु भएको देखिन्छ र यो नै उनको रुचिको विधा बनेको पाइन्छ । त्यसपछि आख्यान विधा हो । संस्कृत छात्रावास मटिहानीबाट २०३७ सालमा प्रकाशित वर्ष १ को स्वदेश गौरव नामक पत्रिकामा “आकाँक्षा” शीर्षक लिएर झुल्केका कवि भट्टराईको कलम कविता, खण्डकाव्य, महाकाव्य, उपन्यास, अनुसान्धानात्मक लेख गर्दै बढिरहेको देखिन्छ ।

#### २.११.१.१ काव्य सिर्जनाका लागि प्रेरणा स्रोत


कवि नीलकण्ठ भट्टराई मूलत : साहित्यकार हुन । उनको स्रष्टा प्रतिभा साहित्यका अनेक विधामा मौलाएको छ । भट्टराईले कति वर्षको हुँदादेखि सृजना गर्न थाले भन्ने उनलाई नै थाहा छैन तर शिक्षा आर्जनका क्रममा महोत्तरी जिल्लाको मटिहानी संस्कृत छात्रावासबाट साहित्यिक लेखनको प्रारम्भ गरेका हुन् । प्रथमत : उनले नाटकमा भाग लिएका थिए । त्यो नाटक देखाउँदा सबैले स्याबासी दिएकाले अप्रत्यक्ष रुपमा साहित्यतर्फ रुचि जाग्न थालेको बताउने भट्टराई त्यसबेला लघुनाटक र लोकगीतले प्रभाव पारेको बताउँछन् । मटिहानीको छात्र पुस्तकालय वा श्री शंकर आदर्श पुस्तकालयका स्थापनाका अवसरमा भएको प्रतियोगितामा साथीहरुले पुरस्कार प्राप्त गर्दा आफूलाई पनि कविता लेख्ने प्रेरणा प्राप्त भएको भट्टराईको भनाई छ । छात्रावासको बसाईका क्रममा एक जनासाथीसँग भनाभन भई झगडामा आफू हारेपछि सोही घटनालाई कविता मार्फत बाहिर ल्याउन भट्टराईले सर्वप्रथम कविता लेखेका हुन । भट्टराई नेपाली साहित्यका अग्रणी व्यक्तित्त्वहरुबाट पनि राम्ररी प्रभावित भएका छन् । उनका प्रेरक कृति र कृतिकारहरुमा भानुभक्तको “रामायण” लेखनाथ पौड्यालका कविताहरु, लक्ष्मीप्रसाद देवकोटाको “मुनामदन” खण्डकाव्य, माधवप्रसाद घिमिरेको “गौरी” शोककाव्य मूख्य रहेका छन् । भट्टराई आख्यान र राजनीतिमा विश्वेश्वरप्रसाद कोइरालाको आख्यान र जीवनीबाट प्रभावित भएका छन् । उनको प्रथम प्रकाशित “आकांक्षा” शीर्षकको कविता हो । भट्टराई कविता, खण्डकाव्य र महाकाव्य लेखेर चर्चित भएका छन् । लामो समयसम्मको सृजनात्मक सक्रियताका कारण भट्टराई आज एउटा स्थापित साहित्यकारका रुपमा परिचित र प्रतिष्ठित हुन पुगेका छन् । भट्टराईका साहित्यिक तथा अन्य व्यक्तित्त्व विधि आयामहरु रहेका छन् ।

### २.११.१.२ कवि व्यक्तित्त्व

कवि नीलकण्ठ भट्टराई नेपाली साहित्यका विशिष्ट कवि सावित हुँदैछन् । कविताका विविधि आयाममा कविता लेखेर उनी नेपाली साहित्यिक संसारमा चिनिएका छन् । उनले आफ्नो कवितामा मानिसका जीवनशैली, रुचि, मनोविज्ञानलाई समेत बुझेर प्रस्तुत गरेका

छन् । भट्टराईको २०३७ सालमा प्रकाशित "स्वदेश गौरव" नामक मुख पत्रिकामा प्रकाशित आकांक्षा शीर्षकको कविताबाट आरम्भ हुन्छ ।

भट्टराईको कवि व्यक्तित्त्वका आयामहरुलाई निम्नलिखित रेखामा देखाउन सकिन्छ :




## १. फुटकर कविता व्यक्तित्त्व

नीलकण्ठ भट्टराई फुटकर कविताका स्रष्टाको रुपमा परिचित छन् । उनको काव्य यात्रा आकांक्षा नामक फुटकर कविताबाट प्रारम्भ भएको हो । फुटकर कवितामा उनले विविध प्रकारका र भावका कविताहरु लेखेका छन् । उनका फुटकर कविताहरु २०३६ सालदेखि २०६४ सालसम्म विविध पत्र पत्रिकामा प्रकाशित भएका छन् । भट्टराईको एउटा "त्रिवल्ली" कविता संग्रह २०६४ सालमा प्रकाशित भएको छ । त्रिवल्ली कविता संग्रहमा पद्य लय, गद्य लय र गीति लय कविता सङ्ग्रहीत छन् । पद्य खण्डलाई प्रथम वल्ली नाम दिएको छ । यस खण्डमा आठवटा कविता रहेका छन् । यस अन्तर्गत कविता, आमा, नयाँ वर्ष, जागरण कविताभित्र, भानुको सम्झनामा, मोतीको सृजना, गङ्ग्रेका दुई पाखुरा, पङ्खा, कविता सङ्ग्रहित छन् । यस अन्तर्गत आकांक्षा कवितामा वर्तमान सन्दर्भमा राष्ट्रिय एकताको महत्त्व, आमाको सपना एक सन्देश, गतिशील समयलाई मान्छेको चुनौति, नेताका मन्त्र र नयाँ परिवर्तन, सडक कविता, साहित्यसंसार, युवाको दायित्त्व र शकुनिको सत्ता, कविता रहेका छन् । गीति खण्डलाई तृतीय बल्ली शीर्षक दिइएको छ । यस अन्तर्गत आठवटा कविता रहेका छन् । उठ हे ! दीप जलाई, भानुभक्तप्रति, शान्ति र प्रजातन्त्र, आत्मविचार, संसद, तिर्सना लाग्यो मलाई, भएन निशान्त र मेरो भविष्य कविताहरु रहेका छन् ।

"त्रिवल्ली" कविता संग्रहमा २४ कविता सङग्रहित छन् । यस भित्रका कविताहरुमा विविध विषय भाव, विचार पाइन्छ । मूलत : पूर्वीय अध्यात्म चेत, मध्ययुगीन सङ्कटापन्न राष्ट्रिय परिवेश माटोप्रतिको असीम अनुराग, काव्य र सर्जकहरु प्रतिको तिब्र आस्था, युद्धजन्य विभिषीका चिन्तनको चस्का र सह-अस्तित्त्वको भाव यस सङग्रहका काव्यात्मक विषय बनेका छन् । (रिजाल ०६४) त्रिवल्ली कविता सङग्रहका पद्य कविताहरुमा मन्दक्रान्ता, अनुष्टुप र वंशस्थ छन्दमा लेखिएका कविताहरु छन् । गद्य खण्ड अन्तर्गतका कविताहरु वैचारिकताका दृष्टिले उच्च रहेका छन् । यी कवितामा वैयक्तिक, सामाजिक र राजनीतिक क्षेत्रमा व्याप्त विकृति विसङगति, नेताहरुको स्वर्थीपन र दुई जिब्रेपन आदि प्रति व्यङग्य र विरोधका स्वरहरु प्रमुख रुपमा मुखरित भएका छन् ।" प्रस्तुत कविता सङ्ग्रहका कविता भाषगत लगायत र शैलीगत दृष्टिले अत्यन्त उच्च रहेका छन् । भावलाई सुललित र गीतिमय ढङ्गले कविले कवितामा प्रयोग गरेका छन् । २०३७ सालदेखि सक्रियता र संलग्नता एवं उपर्युक्त कविताको प्रस्तुतिले नै उनको विशिष्ट पहिचान बन्न पुगेको छ ।

## १.१ खण्डकाव्यकार व्यक्तित्त्व

खण्डकाव्यकार नीलकण्ठ भट्टराई नेपाली खण्डकाव्यकार मध्ये विशिष्ट पहिचान दिन सफल भएका देखिन्छन् । भट्टराईका साहित्य यात्रामा सबभन्दा उच्च तहको व्यक्तित्त्वपनि खण्डकाव्यकार व्यक्तित्त्व नै हो । भट्टराई नेपाली खण्डकाव्यका रोमान्टिक धाराका कवि हुन् । रोमान्सेली भावको शिल्प विधामा क्लासिक शिल्प समायोजनमा सचेतता रहेको देखिन्छ । भट्टराई छन्दमय कविता परम्परामा परिचित खण्डकाव्यकार हुन् । नेपाली खण्डकाव्य जगतमा देवकोटा, घिमिरे, बासुदेव त्रिपाठीहरुलाई भट्टराईले आफ्ना खण्डकाव्य मार्फत पछ्याएका छन् । उनका खण्डकाव्यमा भावगत सक्षमता, बौद्धिकता र चिन्तनशीलताको स्पर्श, रम्य छन्दोवद्धता र कसिलो प्रस्तुति पाइन्छ । उनका खण्डकाव्यमा स्वच्छन्दतावादी र यथार्थवादतर्फको चिन्तनको तत्त्व पनि भेटिन्छ । अर्न्तवस्तुका रुपमा उनका खण्डकाव्यले सूक्ष्म रुपमा प्रकृति प्रेम, देशप्रेम, मायाप्रीति, इतिहास र संस्कृति, पूराकथा र आद्य-बिम्ब, सामाजिक र युगीन प्रतिच्छवि, व्यङ्ग्य विश्वबोध , मानवता, जीवनका विसङ्गति र करुणा

एवं आस्था र अस्तित्त्व चेतना आदिको सेरोफेरोलाई अँगालेका छन् । उनलाई साहित्यको आँगनमा राम्ररी परिचित बनाउने कृति पनि खण्डकाव्य नै हो । संख्यात्मक दृष्टिले उनका दुई खण्डकाव्य प्रकाशित छन् । पहिलो खण्डकाव्य "वीपीको समाधि" २०५९ दोस्रो "सरोज स्मृति सप्त पल्लव" २०६० रहेका छन् ।

"वीपीको समाधि" २०५९ खण्डकाव्य भट्टराईको पहिलो प्रकाशित पुस्तकार कृति हो । प्रस्तुत खण्डकाव्य नेपाली राजनीतिमा महत्त्वपूर्ण योगदान दिने राजनीतिक तथा साहित्यिक व्यक्तित्त्व विश्वेश्वरप्रसाद कोइरालाको मृत्युपछिको अवस्थालाई मुख्य विषय बनाएर लेखिएको छ । भट्टराईको प्रस्तुत खण्डकाव्य, मानव महाकाव्यको भाइ भए पनि प्रकाशनमा दृष्टिले अघि जन्मिएको छ । मानिस मरेर गए पनि उसको महत्त्वपूर्ण विचार र योगदान कहिल्यै मर्दैन । मानिस मरणशील भएपनि मरणपछि पनि नाम रहिरहनु पर्छ । नेपाली राजनैतिक र साहित्यिक दुवै क्षेत्रमा विशिष्ट ख्याति प्राप्त गरेका कोइरालाको मृत्युले नेपाली जनमानसमा पारेको प्रभाव र उब्जिएको अन्यौलता पूर्ण स्थितिको चित्रण गरिएको छ ।

"सरोज स्मृति सप्त पल्लव" (२०६०) प्रस्तुत खण्डकाव्य भट्टराईको खण्डकाव्य हो । प्रस्तुत खण्डकाव्य भट्टराईको तेस्रो कृति हो । प्रस्तुत खण्डकाव्य जीवनीपरक शोक खण्डकाव्य हो । उक्त खण्डकाव्यमा भट्टराईले नेपाली आन्दोलनका लागि निरन्तर लड्ने योद्धा सरोज कोइरालाको जीवनी र व्यक्तित्त्वलाई मुख्य विषय बनाएका छन् । सरोज कोइरालाको वि.सं. २०३० साल कार्तिक २ गते भारतको विहार प्रान्तमा रहेको मधुवनी सरहमा अज्ञात बन्दुकधारी व्यक्तिहरुद्वरा हत्या (ऐजन) गरिएको थियो । प्रस्तुत खण्डकाव्यमा मानिसले आफ्नोदेश र जनताका लागि सदा लागिरहनु पर्छ ; यही नै मानवीय कर्तव्य हो भन्ने तथ्य प्रस्तुत गरेका छन् । मानिसको मृत्युलाई सजिलै वरण गर्नु सक्नु पर्छ । एउटा देश भक्तले आफ्नो राष्ट्रको विकासका लागि अविरल प्रयत्न गरिरहनु पर्छ भन्ने भाव प्रस्तुत खण्डकाव्यमा व्यक्त गरेका छन् । प्रस्तुत खण्डकाव्यमा कोइरालाको पूरा बाँचुन्जेलको जीवनयात्रा उनको व्यक्तित्त्व उनको योगदानको र हत्याको विषयलाई खण्डकाव्यमा समेटिएको छ । प्रथम पल्लवमा श्रीमती लिला कोइरालाको आत्मा पुकारलाई प्रस्तुत गरिएको छ । त्यसै गरी चौथो,

पाँचौ र छैटौँ पल्लवमा उनले गरेका कार्य विवरणहरु छन् भने सातौँ पल्लवमा आत्मा तत्त्वको खोजी गरिएको छ । प्रस्तुत खण्डकाव्य सातौँ पल्लवमा विभाजित छ । प्रस्तुत खण्डकाव्यमा शार्दूल विक्रीडित र अनुष्टुप छन्दको प्रयोग गरिएको छ । (घिमिरे ०५८/०५९) त्यस काव्यको प्रत्येक पङ्क्ति पङ्क्तिमा सरोज कोइरालाको रीष्ट्रयता, प्रजातन्त्र र समाजवादका साथै वसुदैव कुटुम्वकम्को भावना तरङ्गित भएको पाइन्छ ।

## ३. महाकाव्यकार व्यक्तित्त्व

नीलकण्ठ भट्टराईको कलम महाकाव्यमा पनि दौडिएकै पाइन्छ । त्यसैले उनको व्यक्तित्त्वको अर्को पाटो महाकाव्यमा पनि झल्कन्छ । उनको महामानव महाकाव्य २०६३ प्रकाशित छ । प्रस्तुत महाकाव्य भट्टराईले २०५८ सालभन्दा अघि नै लेखिसकेका थिए । उक्त महाकाव्यले २०५५ सालमा लेखनारम्भ गरी नौ महिनामा तेह्र सर्ग कलेवर प्राप्त गरको थियो । प्रस्तुत महाकाव्य भट्टराईको लेखनका दृष्टिले पहिलो पुस्तकाकार कृति हो । प्रस्तुत महाकाव्य प्रकाशनका क्रममा तेस्रो अथवा साँहिलो कृति हो । प्रस्तुत महाकाव्यको प्रकाशन धरणिधर पुरस्कार प्रतिष्ठान विराटनगरले २०६३ सालमा गरेको हो । प्रस्तुत महाकाव्यमा "जहानियाँ राणा शासनका विरुद्धमा आफ्नो सम्पूर्ण जीवन समर्पण गरी नेपाली राजनीतिमा महामानव उपाधि प्राप्त व्यक्ति र नेपाली साहित्यका क्षेत्रमा यौन मनोवैज्ञानिक आख्यानकारका रुपमा स्थापित विश्वेश्वरप्रसाद कोइरालाको समग्र जीवन वृत्तलाई कथावस्तुको रुपमा लिइएको छ । पूर्वीय महाकाव्य मान्यतानुसार आठ सर्ग भन्दा माथिको सर्ग व्यवस्था राख्ने उद्देश्य अनुरुप प्रस्तुत महाकाव्यमा तेह्र सर्ग विधान गरिएको छ । महाकाव्यका नायक उच्च वंशमा जन्मिएका छन् । नेपाली समाजमा उच्च योगदान दिएका व्यक्तित्त्व हुन् । पूर्वीय संस्कृति मान्यता अनुसार महाकाव्य सर्गबद्ध हुनु पर्छ भन्ने भनाईलाई अत्मासात गरेको छ । प्रस्तुत महाकाव्य नमस्कारात्मक मङ्गलाचरणबाट आरम्भ गरिएको छ । मङ्गल चरण खण्डमा गण., सरस्वती, श्रीहरि, शिव र कुलदेवतालाई नमस्कारात्मक अभिवादन गरिएको छ । महाकाव्यले नेपाली इतिहासको एक कालखण्डमा जन्मिएर विशिष्ट उचाइ थपेका व्यक्तित्त्वलाई उजागर गरी इतिहासमा भएको सत्य घटनालाई आधार मान्नु पर्छ भन्ने

मान्यतालई पनि समेटेको छ । भट्टराईले धर्म, अर्थ, काम, मोक्ष, मध्ये चारै कुरालाई प्राप्तिको हेतुले महाकाव्य रचना गरेको छन् । प्रस्तुत महाकाव्यमा भट्टराईले महाकाव्य मान्यता अनुसारको नगर, वन, उद्यान, ऋतु परिवर्तन, विवाह, कुमारको जन्म, नायकको अभ्युदय आदिको पनि प्रसस्त वर्णन गरेका छन् । प्रस्तुत महाकाव्यमा नायकको जन्मदेखि मृत्युपर्यन्तका विविध घटना चक्रलाई वर्णनात्मक शैलीमा प्रस्तुत गरिएकाले ७७ वर्षको कथावस्तुलाई समेटिएको छ । प्रस्तुत महाकाव्यमा विभिन्न अलङ्कार अलङ्कृत गरिएको छ । भट्टराईले प्रस्तुत महाकाव्यमा काव्य नायक कोइरालाको सौन्दर्यबोध प्रतिभा, नेतृत्त्वक्षमता र उदारता आदि गुणलाई उद्घाटन गरेका छन् ।

प्रस्तुत महाकाव्य मझौला आयाममा विस्तारित रहेको छ । महाकाव्यमा जम्मा एक हजार दुई सय पच्चीस श्लोक रहेका छन् । “संख्यात्मक दृष्टिले हेर्दा नवौँ सर्ग १५६ श्लोक भएकोले सबैभन्दा लामो देखिन्छ भने चौथो सर्ग ४८ श्लोक सहित सबैभन्दा छोटो सर्गको पक्षमा रहेको छ ।” चरित्र प्रधान महाकाव्य महामानवको भाषा अत्यन्त सरल र सहज रहेको छ । त्यसैगरी उनको अर्को शाहश्रृङ्खला महाकाव्य प्रकाशित छ । सो महाकाव्य वि.सं. २०५८ साल जेष्ठ १९ गते भएको नारायणहिटी हत्याकाण्ड र नेपालमा शाहवंशको समग्र शासनकाललाई समेटिएको विषय प्रस्तुत गरिएको छ । शाह-शृङ्खला महाकाव्य प्रकाशित महाकाव्य हो । प्रस्तुत महाकाव्य आफू जन्मेको ठाउँको प्राकृतिक सम्पदा तथा विविध विषय वस्तुलाई समेटिएको छ, भने पन्ध्र गतिमा पूर्ण गरेको उक्त महाकाव्य २०६८ सालमा प्रकाशित भएको हो ।

### २.११.१.३ उपन्यासकार व्यक्तित्व

नीलकण्ठ भट्टराईले आख्यान क्षेत्रमा पनि कलम चलाएका छन् । भट्टराईको एउटा उपन्यास प्रकाशित छ । प्रस्तुत वनदेवीको आत्मवृत्तान्त उपान्यास २०६४ सालमा प्रकाशित भएको हो । उक्त आख्यानात्मक कृतिमा नेपालको वन्यसम्पदाको महत्त्व बारे चर्चा गरिएको छ । प्रस्तुत उपन्यासमा बनलाई मानवीकरण गरी वनको जीवनीको आत्मवृतान्तलाई मुख्य

विषय बनाइएको छ। प्रस्तुत लघु उपन्यासको आयामगत लम्वाई ३४ पृष्ठसम्म फैलिएको छ। मानिस र वन जङ्गलवीच अन्योन्यास्रित सम्बन्ध रहेको छ। वन जङ्गलविना मानिसको अस्तित्त्व सङ्कटमा पर्दछ भन्ने भावनालाई प्रस्तुत उपन्यासमा व्यक्त गरिएको छ। जस्तो सुकै विज्ञानको विकास भए पनि वनजङ्गल बिना मानिस अस्तित्त्वहीन हुन्छ। आज मानिसको उच्च वृद्धिदर र कलिला वनजङ्गलको विनासले मानिस जीव, जन्तु तथा प्राणीहरुको अस्तित्त्व मेटिदै गएको विषयलाई उपन्यासको मूल विषय बनाइएको छ। यी वन-जङ्गललाई आफ्नो आवास बनाएर जन्मिएका हुर्किएका र जीवनको सार्थकता पाएका वन्य-जन्तु, पशुपंक्षीहरुले पनि वातावरणीय सन्तुलन कायम गर्नका साथै बहुमूल्य समेत उपलब्ध गराउँछन्। भन्ने कुरालाई उपन्यासमा प्रस्तुत गरिएको छ।

आज वनदेवीको मन धेरै उत्साह र उमङ्गले भरिएको छ। तराईदेखि हिमालसम्म पूर्वदेखि पश्चिमसम्मको विशाल वनमा एकछत्र राज गर्दै आएकी वनदेवी केही समय अगाडि आएको विनाशकारी हुण्डरीमा ढुन्मुनिएकी थिइन्। उनको होस् हराएको थियो। उनको गीत हराएको थियो। उनको स्वर हराएको थियो। साथै उनको जोश, जाँगर पनि हराएको थियो। तर आज वनले पून : आफ्नो पूर्ववत् स्वरुप धारण गर्दै गएको छ। त्यसैले आज पनि वनदेवीका आत्मा प्रफुल्ल हुनु पर्छ भन्ने कुरालई व्यक्त गरिएको छ। विश्वमा नेपाललाई चिनाउने वनलाई नै जोगाउनु पर्छ भन्ने कुरालाई व्यक्त गरिएको छ। विश्वमा नेपाललाई चिनाउने वनलाई नै जोगाउनु पर्छ भन्ने लक्ष्यका साथ उपन्यास अघि बढेको छ। प्रस्तुत उपन्यास पूर्व दीप्तिशैलीमा लेखिएको छ।

### २.११.१.४ अनुसन्धानात्मक व्यक्तित्त्व

नीलकण्ठ भट्टराईमा अनुसन्धानात्मक व्यक्तित्त्व पनि देखिदै छ। उनको अनुसन्धानात्मक व्यक्तित्त्वको अनुसन्धानात्मक एउटा पुस्तककार कृति प्रकाशित भएको छ। उनका विभिन्न अनुसन्धानात्मक लेखहरु प्रकाशित छन्।

सर्लाहीका साहित्यिक प्रतिभाहरु अनुसन्धानात्मक कृतिको प्रकाशन हरिवन-काठमाण्डौ समाज सर्लाही, ओखलढुङ्गा र खोटाङका शुभचिन्तकहरुले गरेका छन् । नेपालका राजधानीभन्दा बाहिर मोफसलमा रहेका साहित्यकारहरु मध्ये सर्लाही जिल्लामा रहेका साहित्यकारहरुको परिचय, कृतित्त्व र व्यक्तित्त्वलाई कृतिमा समावेश गरिएको छ । प्रस्तुत कृतिमा सर्लाही जिल्लामा रहेर साहित्य साधना गरिरहेका तीस जना साहित्यकारको परिचय समेटिएको छ ।

सर्लाही साहित्यिक प्रतिभाहरु कृतिमा तीनजना नारी स्रष्टा र २७ जना पुरुष स्रष्टाको जन्ममिति, जन्मस्थान, बुवा, आमाको नाम, शिक्षा, पेशा, प्रकाशित वा अप्रकाशित कृतिहरुको सूचि प्रस्तुत गरिएको छ । वर्ण क्रमका आधारमा स्रष्टाहरुको कृतित्त्व र कृतिहरुको संक्षिप्त टिप्पणी पनि गरिएको छ । कृतिमा सङ्कलित स्रष्टाहरु सर्लाही जिल्लामा मात्र नभई देश भर र विदेशमा पनि विशिष्ट अस्तित्त्व बनाईसकेका व्यक्तिहरु रहेका छन् । सर्लाहीमा रहेर कलम चलाउने स्रष्टाहरुमा अञ्जुदेवी भट्टराई (२०१०), उषा अधिकारी पौडेल (२०११), कालिबाबा रामप्रसाद भट्टराई (२०३२), कृष्णप्रसाद घिमिरे (२०३३), डा. काशिराज शर्मा सुवेदी, किरण कुमार भट्टराई (२०३२), कुलचन्द्र बराल (२००९), कुमार भट्टराई (२०२२), गंगाप्रसाद दास ( १९९०), गुणराज काफ्ले (१९९७), पजीवंश्वर मिश्र (१९८४), तारादेवी सुवेदी (२०४५), दिनेश अधिकारी (२०१६), ध्रुवहरि अधिकारी (२००९), नन्दहरि अधिकारी (१९८०), नीलकण्ठ भट्टराई (२०१४), राजकुमार भट्टराई (२०३४), राधाकृष्ण भट्टराई, डा. राम दयाल राकेश (२५ जुलाई १९४२), रामहरि जोशी (१९८५), राम प्रधान (२०१९), रामप्रसाद वाग्ले, शर्मिला घिमिरे ( २०३६), श्याम भट्टराई (२०१८), होमप्रसाद (गृहस्थी) (२०५१), हृदयनारायण चौधरी (२००५) का प्रकाशित र प्रकाशोन्मुख कृतिहरुको संक्षिप्त चिनारी दिइएको छ ।

प्रस्तुत कृतिमा नीलकण्ठ भट्टराईले आफ्नो अनुसन्धानात्मक क्षमतालाई देखाएका छन् । भट्टराईले प्रस्तुत कृति मार्फत सर्लाहीलाई देशभर परिचित बनाउने प्रयास गरेको छन् । सर्लाहीका प्रतिनिध साहित्यकारहरुमा नयाँ देखि पुराना स्रष्टाहरुलाई जोड्ने क्रममा प्रस्तुत कृति सर्लाहीका साहित्यिक प्रतिभाहरुले महत्त्वपूर्ण योगदान पुऱ्याएको छ ।

भट्टराईका अन्य फुटकर अनुसन्धानात्मक लेख रचनाहरु पनि प्रकाशित भएका छन् । उनका अनुसन्धानात्मक लेख रचनाहरुमा नेपालका नदीहरुको महत्वका बारेमा प्रस्तुत गरिएको छ ।

१. मिथिला क्षेत्रको पश्चिमी सीमान्त गण्डकी नदीको मुलुक २०५५ निशान्त (मुखपत्र), ह.ज.वि.पी. जनकपुरधाम ।


२. मिथिला क्षेत्रमा प्रवाहित त्रियुगा र कमला नदीहरुको उत्पति र परिचय, निशान्त ( मुखपत्र), ह.ज.वि.पी. जनकपुरधाम ।

### २.११.१.५ सम्पादक व्यक्तित्व

नीलकण्ठ भट्टराईमा सम्पादक व्यक्तित्व पनि देखिदै आएको पाइन्छ । उनले विविध कृति तथा पत्रपत्रिकाहरुको सम्पादन गरेका छन् । भट्टराईले आफ्नो कवितात्मक, उपन्यासात्मक कृतिहरुको प्रकाशन पनि आफैले गरेका छन् । भट्टराईले “महेन्द्र संस्कृत विश्वविद्यालय ह.ज.वि.पी. द्वारा प्रकाशित वार्षिक मुखपत्र निशान्तको प्रथम र द्वितीय अङ्कको सम्पादन क्षमताको परिचय दिने प्रक्रिया पूरा गरिएको पाइन्छ । सर्लाहीका साहित्यिक प्रतिभाहरु शीर्षकको अनुसन्धानात्मक कृति पनि आफ्नै सम्पादकत्वमा प्रकाशित गरिएको पाइन्छ । भट्टराईले आफूले पढेका जानेका र लामो समयसम्मको विद्धता प्रस्तुत कृतिमा गरेका छन् । प्रस्तुत कृतिमा भट्टराईले लेखकको नामको वर्णानुक्रमका आधारमा कृति सम्पादन गरेको छन् । कृतिभित्र नयाँ सिकारुदेखि देश तथा विदेशमा समेत ख्याति कमाएका व्यक्तित्वहरुको कृतित्व र व्यक्तित्त्वलाई सुत्रात्मक तरिकाले सम्पादन गरेका छन् । कृतिकारहरुको चर्चित कृतिको सुत्रात्मक टिप्पणी पनि गरिएको छ । प्रस्तुत कृतिमा नारी स्रष्टा, नेपाली स्रष्टा र मैथिली स्रष्टाको बारेमा व्यापक खोज गरी सुत्रात्मक भाषा शैलीमा प्रस्तुत कृति सम्पादन गरिएको पाइन्छ ।

## २.१२ भट्टराईको साहित्यिक यात्राका चरण र प्रवृत्ति

नीलकण्ठ भट्टराईको साहित्यिक यात्रा विभिन्न मोड र घुम्तिहरुबाट अघि बढेको पाइन्छ । भट्टराईका साहित्यिक यात्राभित्र खास-खास समयमा देखापरेको मोडहरुले गर्दा सृजनाको यात्रा अघि बढेको छ । उनले वि.सं. २०३७ सालमा प्रकाशित “आकांक्षा” कविताको प्रकाशनबाट कविता यात्रा थालेका हुन् । भट्टराईको झण्डै तीन दशकको साहित्यिक यात्रालाई विभिन्न चरणमा बाँडेर अध्ययन गर्न सकिन्छ । भट्टराईको पुस्तकाकार कृतिको प्रकाशन र लेख प्रवृत्तिका आधारमा यहाँ चरण विभाजन गरिएको छ ।




## २.१२.१ पूवार्द्ध चरण सुरुदेखि २०५८ सालसम्म

कवि नीलकण्ठ भट्टराईको समष्टि साहित्यिक यात्राको पूवार्द्ध चरण पहिलो पृष्ठभूमि चरण हो । यस चरणमा भट्टराईको साहित्यिक यात्राले अन्तर्विकासको चरण उजागर गर्दै अगाडि बढेको छ । भट्टराईको साहित्यिक यात्राको पृष्ठभूमिको महत्वपूर्ण काम गरेको छ । भट्टराईले यस कालमा फुटकर कविता लेखनको अभ्यास गरेका छन् । उनको यसै काल खण्डमा खण्डकाव्य र महाकाव्य लेखनको गति अगाडि बढेको पाइन्छ । कसैले यस कालखण्डलाई पृष्ठभूमि वा अभ्यास काल भनिएको देखिन्छ । यस चरणलाई दुई उप-चरणमा विभाजन गर्न सकिन्छ ।

### २.१२.१.१ पहिलो उपचरण-सुरुदेखि २०३७ सम्म

नीलकण्ठ भट्टराईको साहित्यिक यात्रामा २०३७ सालसम्मको अवधि साहित्यिक प्रेरणा र प्रभावको चरण हो । यस समयमा भट्टराईका कुनै पनि रचना प्रकाशित भएनन् । भट्टराईको यस उपचरणलाई नेपथ्यको चरण पनि भन्न सकिन्छ । भट्टराईले "कक्षा चारमा पढ्दा श्री कालीका देवी उदय प्रा.वि. को वार्षिकोत्सवका अवसरमा देखाइएको नाटकमा सहयोगी पात्र भएर नाटक" (पूर्ववत् २०) खेलेको पाइन्छ । भट्टराईले भनाईका क्रममा मटिहानी गएपछि त्यहाँ भएको घटना समेटी "प्रथम कविता लेखेर आफ्ना अभिभावक योगराज कोइरालालाई देखाउँदा लय मिलेको तर छन्द नमिलेकोले उनीबाटै "यमाताराजभानसलगा" को शुत्र वा नियम अनुसार गण छुट्याउन (पूर्ववत् २१) सिकेको इतिहास देखिन्छ । सोही छात्रावासमा हुने विभिन्न कार्यक्रम, लोकगीत, दोहोरी गीतमा पनि भट्टराईले भाग लिएर आफ्नो प्रतिभा प्रवेश गरेको देखिन्छ ।

### २.१२.१.२ दोस्रो उपचरण २०३७ देखि २०५८ सालसम्म

कवि नीलकण्ठ भट्टराईको साहित्यिक व्यक्तित्त्वले यस चरणमा औपचारिक प्रस्फुटनको अवसर पायो । भट्टराईले पहिलो उपचरणमा पाएको प्रभाव प्रेरणालाई उपयोग गरी २०३७ सालमा "स्वदेश गौरव" पत्रिकामा प्रकाशित "आकांक्षा" शीर्षकको कविता प्रकाशित गरी औपचारिक साहित्यिक यात्रा आरम्भ भएको पाइन्छ । त्यसपछि २०५० सालसम्म कुनै कविता वा लेख प्रकाशित भएको देखिदैन भने २०५० सालपछि ह.ज.वि.पी. को वार्षिक मुखपत्र "निशान्त" र "मधुपर्क" जस्ता पत्र पत्रिकामा कविता लेख प्रकाशन भएको पाइन्छ । त्यसपछि यस अवधिमा उनका "तङ्ग्रेका दुई पाखुरा" शीर्षकको "कविता" पत्रिकामा प्रकाशित भएको छ । ह.ज.वि.पी. मुखपत्रमा निशान्त शीर्षकको कविता प्रकाशित भएको छ ।

यस चरणमा भट्टराईले विभिन्न अनुसन्धानात्मक रचना पनि लेखेको र प्रकाशित गराएका छन् । यस अवधिमा उनका "मिथिला क्षेत्रको पश्चिमी सीमान्त गण्डकी नदीको एक झलक" (२०५५) र "मिथिला क्षेत्रमा प्रवाहित त्रियुगा र कमला नदीहरुको उत्पत्ति विवरण र परिचय" (२०५७) शीर्षक प्रबन्धात्मक लेख ह.ज.वि.पी. को वार्षिक मुखपत्र निशान्तमा प्रकाशित भएका छन् ।

भट्टराईका पूवार्द्ध चरणका कविताहरुमा "विद्यार्थी सुलभ चाहना, प्रकृतिप्रति मोह, नेपाली भाषा र भेषप्रतिको आस्था, जातीयता र भेदभाव रहित समाजको चाहना, आफ्नो बाहुबलप्रतिको आत्मविश्वास र प्रजातान्त्रिक व्यवस्थाप्रति आस्था जस्ता विशेषता पाइन्छन् ।" भट्टराई अनुसन्धानात्मक लेख रचनाहरुमा राष्ट्र र राष्ट्रियताको महानता गौरवताको अभाव प्रस्तुत भएको पाइन्छन् । भट्टराईका लेखहरुमा प्रकृतिप्रतिको रहस्यमय भाव, नेपालका प्रकृति र नदीनालाको ऐतिहासिक उत्पत्तिको खोजी जस्ता विशेषता पाइन्छन् । यस उपचरणमा भट्टराईको परम्परागत लेखन शैली बनिसकेको समग्र रुपमा यस चरणलाई नियाल्दा उनको लेखन प्रवृत्ति परिष्कारवादी शैली शिल्पको प्रयोगतर्फ उन्मुख भएको देखिन्छ ।

### २.१२.२ उत्तरार्द्धचरण २०५९ देखि हालसम्म

खण्डकाव्यकार नीलकण्ठ भट्टराईको उत्तरार्द्धचरण कृति प्रकाशनको चरण हो । यस चरणमा भट्टराईले विधागत पहिचान गरेका छन् । यस चरणमा भट्टराईले आफ्नो व्यक्तित्त्वलाई पाठक समक्ष विभिन्न विधा मार्फत प्रस्तुत गरेका छन् । यो चरण भट्टराईको महत्त्वपूर्ण उपलब्धिको चरण हो । यस चरणमा भट्टराईले कविताका विविध आयाममा आफ्नो पहिचान छोड्न सफल हुँदै आएको देखिन्छ । कविता अन्तर्गत पर्ने विभिन्न लघु आयामका कविता, मध्ये आयामका खण्डकाव्य र वृहत् आयामका महाकाव्य सम्मको लेखन र प्रकाशन भट्टराईले यसै चरणमा गरेका छन् । भट्टराईको पूर्वार्द्ध चरण लामो समयसम्म कतै सक्रिय र कतै निष्कृय भएपनि यस चरणमा उनी मूलत : सक्रिय नै रहेका छन् । यही चरणले भट्टराई कवि, खण्डकाव्यकार, महाकाव्यकार, उपन्यासकार, खोज-अनुसन्धानकर्ता तथा सम्पादकका रुपमा अघि बढेको देखिन्छ ।

उत्तरार्द्ध चरणमा भट्टराईका संख्यात्मकता र गुणात्मक दुवै दृष्टिले प्रशस्त कृतिहरु प्रकाशित भएका छन् । यस चरणमा सर्वप्रथम भट्टराईले महाकाव्य लेखेका छन् । तर प्रकाशनका दृष्टिले खण्डकाव्य पहिलो प्रकाशित कृति भएको हो । भट्टराईको प्रथम प्रकाशित कृति "वीपीको समाधि" खण्डकाव्य २०५९ हो । यस चरणमा प्रकाशित कृतिहरु निम्नानुसार देखिन्छ ।

१. “वीपीको समाधि” खण्डकाव्य (२०५९)

२. “सरोज स्मृति सप्त पल्लव” खण्डकाव्य (२०६०)

३. “महामानव” महाकाव्य (२०६३)

४. “त्रिवल्ली” कविता सङ्ग्रह (२०६४)

५ “वनदेवीको आत्मवृतान्त” लघु उपन्यास (२०६४)

६. “सर्लाही साहित्यिक प्रतिभाहरु” अनुसन्धानात्मक लेख (२०६५)

७ “शाह शृङ्खला” (महाकाव्य) (२०६६)

८. “ओखलढुङ्गा” (महाकाव्य)

**प्रकाशसोन्मुख कृतिहरु**

१. नरेन्द्रनाथ -महाकाव्य)

**अर्धलिखित कृतिहरु**

१. कान्छा बाहुन (सामाजिक उपन्यास)

२. नैवेद्य (समालोचना)

भट्टराईको उत्तरार्द्ध चरण कृति प्रकाशन, कृतिको महत्व, कृतिको अर्न्तवस्तु, विधागत विविधताको दृष्टिले छुट्टिन्छ । यस चरणलाई उत्तरार्द्ध चरण नामाकरण गरिएको छ । भट्टराईका यस चरणमा देखिएका प्रवृत्तिहरु विभिन्न प्रकारका छन् । पूर्वज स्रष्टा र सहिदहरुप्रतिको मोह मानवीकृत, प्रकितको अकर्मण्यताको मन्द विरोध, प्रवृतिको मोह चित्रण, पछौटेपनप्रतिको वर्णन, पूर्वीय अध्यात्मिक चेत, समयुगीन सङ्कटापन, रीष्ट्रय परिवेशको चित्रण, प्रकृतिको माटोप्रतिको अनुराग, काव्य र सर्जकहरुप्रतिको  तीब्र आस्था, युद्धजन्य विभीषिका चिन्तनको

चस्का, सह अस्तित्वको भाव र गहिरो समवेदना जस्ता विशेषता साहित्यकार भट्टराईका कृतिहरुमा देखा पर्दछ ।

## परिच्छेद तीन

## महाकाव्यको सैद्धान्तिक आधार

### ३.१. महाकाव्यको परिभाषा

संस्कृत साहित्यमा महाकाव्यलाई प्रवन्धकाव्य अन्तर्गत राखिएको छ । आनन्दवर्द्धनले प्रवन्धकाव्यमा कथावस्तुको सुदृढ योजना र रस प्रतिपादन हुनपर्छ भनेका छन् । कथावस्तु अन्तर्गत नाटकीय सन्धि र सन्ध्याङ्गको प्रयोग र यसमा पनि अनुकूल अलङ्कारहरुको प्रयोग हुनपर्छ भन्ने उनको विचार पाइन्छ । वास्तवमा प्रवन्ध काव्यमा एउटा कथात्मक गठन र गुम्फन हुन्छ कथात्मक ढाँचामा मानव जीवन र जगतको विशद पक्षको काव्यात्मक प्रस्तुति हुन्छ । प्रवन्धकाव्यलाई दुई रुपमा विभाजन गर्न सकिन्छ :- (१) महाकाव्य (२) खण्डकाव्य

काव्य र साहित्य सम्बन्धमा काव्यको रुप र भाव पक्षलाई समेट्छ् । साहित्यले कृतिको उद्देश्य र भाव पक्षलाई सङ्केत गर्दछ । साहित्यको व्युत्पति “हितेन सह सहित या साहितस्य भाव साहित्य” हुन्छ अर्को हिसावले “साहितस्य शब्दार्थ सम्युक्तस्य साहित्य” भनिएको पनि पाइन्छ ।

### ३.२ महाकाव्यको स्वरुप

संस्कृतसाहित्यमा महाकाव्यको स्वरुपका पहिलो चर्चा गर्ने आचार्य भामह (इशाको पाँचौ शताब्दी) हुन् । हेमचन्द (ईशाको बाह्रौ शताब्दी) ले पनि महाकाव्यको स्वरुप र परिभाषाको सम्बन्धमा चर्चा गरेको देखिन्छ। यसमा भामह र दण्डीको विचार उल्लेख छ।

आचार्य भामहले महाकाव्यमा वस्तुगठन सर्गवद्धता र पञ्चसन्धिको निर्वाह हुनुपर्छ भनेका छन् । यसै क्रममा दूत सन्देश यात्रा युद्ध आदिको वर्णन पनि हुनुपर्छ भन्ने भामहको कथन छ। नायकका लागि महान् व्यक्तिको चरित्र र महान् कार्यको प्रस्तुति हुन आवश्यक छ । यसका अतिरिक्त नायकको अभ्युदय र विजयको वर्णन पनि हुनु अनिवार्य छ । कलापक्षमा शिष्ट पद विन्यास र अलङ्कारयोजना हुनुपर्छ भन्ने भामहको भनाइ छ।

आचार्य दण्डी (इसाको छैटौ शताब्दी) को विवेचनामा विस्तृतता पाइन्छ । दण्डीको महाकाव्यमा कथावस्तु, नायक, रस, चतुवर्गमध्ये एउटाको प्रयोग प्रकृतिको वर्णन, अलङ्कारको प्रयोग, छन्दयोजना र सर्गवद्धता हुनपर्छ भनेका छन् । कथावस्तुको आधारका रुपमा ऐतिहासिक र सदाश्रित हुनपर्छ भन्ने दण्डीको भनाइ छ।

## ३.३ महाकाव्यको सैद्धान्तिक आधार

संस्कृतको काव्यशास्त्रीय ग्रन्थ अनुसार सम्पूर्ण काव्य साहित्य दृश्यकाव्य र श्रव्यकाव्य गरी दुई भागमा विभक्त छ। दृश्यकाव्य अन्तर्गत गद्य, पद्य तथा चंपू पर्दछन्। पद्य काव्य पुन : महाकाव्य, खण्डकाव्य र मुक्तकाव्य गरी तीन भेदमा विभाजित छ। गद्यकाव्यकथा आख्यिका आदिमा चंपूकाव्यको कुनै भेद छैन। त्यो गद्य पद्य मिश्रित हुन्छ।

## ३.४ महाकाव्य परम्पराको विकास

संस्कृतका महाकाव्यलाई हामी तिन श्रेणीमा विभाजित गर्न सक्छौं । पहिलो श्रेणीमा विशुद्ध संस्कृतमा लेखिएका जस्तै कालिदास, माघ, श्रीहर्ष आदि दोस्रो श्रेणीमा पालि तथा प्राकृत भाषाका महाकाव्य आउँछन् र तेश्रो श्रेणीमा महाकाव्य अपभ्रंश पर्दछन्। ऐतिहासिक दृष्टिले महाकाव्यको लामो परम्परालाई तीन भागमा विभाजित गरिएको छ। पहिलो उद्भव

युग कालिदास भन्दा पहिले दोश्रो अभ्युत्थान युग देखि लिएर श्रीहर्षसम्म र तेश्रो ह्रासयुग तेह्रौं शताब्दीदेखि लिएर अन्तसम्म ।

### ३.४.१ अभ्युत्थान युग

अभ्युत्थान युगका मुख्यकविहरु जस्तै कालिदास अश्वघोष, भट्टि माघ, भारवि र श्रीहर्ष हुन् । संस्कृत भाषाको महाकाव्य परम्परामा कालिदास, अश्वघोष, भारवि, भट्टि, माघ र श्रीहर्ष यी छ जना महाकाव्यकारका कृतिहरुको स्थान प्रमुख मानिएको छ । तर श्रीहर्षसम्म जुन उन्नत परम्पराको प्रवर्तन भयो त्यसमा बौद्धमहाकवि अश्वघोष पछि बुद्धघोषको नाम आउँछ । बुद्धघोष ४०० इस्वीमा भएका हुन र उनको नामबाट पद्मचूडामणि नामक दश सर्गको एक काव्यकृतिको उल्लेख भएको छ । भीमका (५००) को २७ सर्गको एक रावणर्जुनीय महाकाव्य देखापर्दछ । भर्तृमेढले लेखेको हयग्रीवध यद्यपि यो कृति अहिले उपलब्ध छैन तर कल्हणले राजतरंगिणी (३।२६०, २६२) मा लेखेका छन् । कि मेढ नाम गरेका एक महाकवि स्वनिर्मित हयग्रीववध नामक महाकाव्य लिएर कास्मीरका तत्कालीन राज मातृप्तकोमा भएका थिए । मातृगुप्त आफै राम्रा कवि र काव्यप्रेमी राजा थिए । उनी चक्रवर्ती सम्राट विक्रमादित्य हर्षको राजसभाका सम्मानित कवि थिए र राजा हिरण्य निःसन्तान निधन भएपछि विक्रमादित्य हर्षले उसलाई कास्मीरको राजगद्धीमा बसाएका थिए । कालिदास, भट्टि र माघभन्दा पहिले सातौं शताब्दीको मध्यमा भए । जसले जानकीहरण महाकाव्यको रचना गरेका थिए । जसको अहिले पन्ध्रसर्ग मात्र उपलब्ध छ । रत्नाकरको महाकाव्य हरविजयका क्रम, माघको शिशुपालबध पछि आउँछ । उनी कास्मीरका राजा चिप्पड जयापिड (७७९, ८३१) तीर राजकवि थिए । उनको प्रवन्ध ५० सर्ग तथा ४३२० श्लोकमा समाप्त भएको छ ।

नवौँ शताब्दीको आरम्भमा शिवस्वामीले भारवी तथा माघको काव्य शैलीमा काफि्फणभ्युदय नाम महाकाव्यको रचना गरे । उनी पनि कास्मिरी थिए ।

यसै शताब्दीमा कास्मिरका महाकवि अभिनन्दले रामचरित्र महाककाव्य लेखे । यसै समय कास्मीरका महाकवि शंकुकले भुवनाभ्युदयको रचना गरे । कास्मीरकै काव्यकारहरुमा क्षेमेन्द्रको नाम उल्लेखनीय छ । उनी अनन्त र कलशको राज्यकालमा थिए । उनको

महाकाव्यको नम दशावतारचरित्र हो । यस्तै कास्मीरका राज जयसिंहको सभपण्डित मंखकको श्रीकण्ठचरित्रत नाम पनि उल्लेखनीय छ । संस्कृत साहित्यमा हरिश्चन्द्र नामले अनेक विद्वान्को उल्लेख भएको छ । धर्मशर्माभ्युदय नामक महाकाव्यका लेखक हरिश्चन्द्र अथवा हरिचन्द्रको स्थितिकाल एघारौँ शताब्दी थियो । यिनी जैन धर्मावलम्बी थिए । अर्का जैन आचार्य हेमचन्द्र बाह्रौ शताब्दीका हुन् । उनले त्रिषठकलाका पुरुष चरित्रको निर्माण गरे । जुन चैँ महाभारतशैलीको ग्रन्थ हो । यसै शताब्दीमा जैन महाकवि वाग्भटले नेमिनिर्वाणको रचना गरे । वाग्भट नामले पनि अनेक ग्रन्थकार चिनिए । जसको उल्लेख जैनयुगमा गरिएको छ ।

बाह्रौँ शताब्दीमा श्रीहर्ष पूर्वका महाकविहरुमा माधवभट्ट चण्डकवि र बिल्वभगेलनाम उल्लेख गरिएको छ । माधवभट्ट अवन्तिका पुरीका कदम्बनरेश रामदेव (११८२ ११९७) का सभापण्डीत थिए । उनले राघव पाण्डवीयको निर्माण गरे । पारिजात हरण नामक महाकाव्यका रचियता पनि यिनैलाई मानिन्छ । यस प्रकारले चण्डकविको पृथ्वीराज विजय जुन आठ सर्गसम्ममात्र उपलब्ध छ र विल्वमंगल (श्रीकृष्ण लीलांशुक) को गोविन्दभिनिवेश या श्रींचिन्हकाव्यको नाम उल्लेनीय छ ।

यस प्रकार यद्यपि अश्वघोष पछि र श्रीहर्षपूर्वको विभिन्न शताब्दीमा अनेक महाकाव्यको निर्माण भयो तर पनि जुन रचना कौशल काव्य सौष्ठव, कालिदास, अश्वघोष, भारवि, माघ र श्रीहर्षका महाकाव्यमा हेर्न पाइन्छ । अन्य काव्यमा भने यस्तो देख्न पाइदैन ।

## ३.५ श्रीहर्षपछिका महाकाव्य

महाकवि कालिदासदेखि लिएर श्रीहर्षसम्म बाह्रसय शताब्दीसम्म जुन महाकविको विशेष चर्चा रह्यो र गौणरुपमा चर्चित यस बीचमा जुन महाकाव्यहरुको निर्माण भयो ती महाकाव्यहरुको उल्लेख गरिसकिएको छ ।

श्रीहर्षपछिदेखि लिएर अहिलेसम्म रचिएका महाकाव्यमा परम्परा निर्वाह वाहेक अरु विशेष रुपमा केही देख्न पाइदैंन । यस वीचमा जुन उच्चकोटिका रचनाहरु रचिए त्यसमा जयरथको (१३ औं शताब्दी) वसन्त विलास, चन्द्रप्रभासूरि (१३ औं शताब्दी) को पाण्डवचरित

नयनचन्द्रको (१३१०) हम्मीरमहाकाव्य, वासुदेवकविको (१४ औँ शताब्दी) युधिष्ठिर विजय अगस्त्य (१४ आँ शताब्दी) बालभरत वेकटनाथ वेदान्तदेशिकको यादवाभ्युदय, गंगादेवीको ( १४ औँ शताब्दी) उदारराघव, वामन भट्टवाणको (१५ औँ शताब्दी) को रघुनाथ चरित, जोनराजको (१४५०) शिष्य, श्रीवरको जैनराजतरंगिणी, राजनाथ द्वितीय -डिडिमकविसार्वभौम १४३० को सालवाभ्युदय, राजनाथ तृतीय (१६ औँ शताब्दी) को अच्युतरामाभ्युदय, रुद्रकवि ( १५९६ इ) राष्ट्रौढ वंश, चन्द्रशेखरको (१६ औ शताब्दी) सुजनचरित, यज्ञनारायण दीक्षितको शिवलीला वर्णन, मेघविजयमणि (१७ औँ शताब्दी) सप्तसंधान र चक्रकवि (१७ औँ शताब्दी) को जानकी परिणय यिनीहरुको नाम लिन सकिन्छ । यी महाकाव्यहरुमा श्रीहर्षको महाकाव्य जस्तै सौष्ठव र मार्दवको अभाव छ । त्यसैले महाकाव्यका समिक्षाकार विद्वानहरुले १२ शताब्दी पछि महाकाव्यको ह्रासयुग भनेका छन् ।

यसका अतिरिक्त संस्कृत, पालि र प्राकृत महाकाव्यहरुमा कनकसेन वादिराज (८००) को यशोधर चरित, परिमल (१० औँ शताब्दी) को नवसाहसांकचरित, विल्हण (११ औँ सताब्दी) को विक्रमांग चरित, जल्हण (१२ औँ शताब्दी) को सोमपालविजय कल्हण (१२ औँ शताब्दी) को राजतरंगिणी आदि ऐतिहासिक काव्यको महत्वपूर्ण स्थान छ ।

पालिभाषाको महाकाव्यमा दीपावंश (३५२ ४५२), महावंश (५०० ६००), महावोधिवंश (११ औँ शताब्दी) पुपवंश (१३ औँ शताब्दी) अत्तनगलुविहारवंश (१३ औँ शताब्दी ), दाढ वंश ( १३ औँ शताब्दी) छकेशधातुवंश (१९ औँ शताब्दी) र गन्वंश (१९ औँ शताब्दी) का नाम लिनुपर्छ । यसैगरी प्राकृत भाषाको प्रमुख महाकाव्यमा शिवाचार्यको आराधना विमलसूरि (६० वि.) को पउमचरिय, प्रवरशेन (६०० ई.) को सेतुवन्ध (रावणवद्य) यी नामहरु उल्लेनीय छन् ।

संस्कृत साहित्यमा महाकाव्यको सर्वङ्गीण क्रमवद्ध परम्परा तथा त्यसको विवेचनाकालागि इतिहासको वृहद संकरण अवलोकनीय छ ।

संस्कृत काव्यशास्त्रीय ग्रन्थ अनुसार सम्पूर्ण काव्य दुई भागमा विभक्त छ । दृश्य र काव्य । दृश्यकाव्य अन्तर्गत नाटक र रुपक पर्दछन् भने श्रव्यकाव्य अन्तर्गत गद्य, पद्य तथा चंपु पर्दछन् । पद्य काव्य पुन : महाकाव्य खण्डकाव्य र मुक्तककाव्य तीन भेदमा विभाजित

छन् । गद्यकाव्य कथा आख्यायिका आदिमा चंपूकाव्यको कुनै भेद छैन । त्यो गद्यपद्य मिश्रित हुन्छ ।

महाकाव्यलाई प्रवन्धकाव्य अन्तर्गत राखिएको छ । आनन्दवर्द्धनले प्रवन्धकाव्यमा कथावस्तुको सुदृढ योजना र रस प्रतिपादन हुनुपर्छ भनेका छन् ।

## ३.६ आचार्यहरुको काव्यमान्यता

पूर्वीय साहित्यिक सभ्यातामा संस्कृत भाषिक महाकाव्यात्मकता र त्यसका शास्त्रीय आधारहरु उल्लेख्य पाइन्छन् । महाकाव्य सम्बन्धी दृष्टिकोण र मान्यताको चिन्तन प्रारम्भ इस्वीको छैटौँ शताब्दीदेखि शुरु भएको बुझिन्छ ।

### ३.६.१ आचार्य भामहको महाकाव्य सम्बन्धी चिन्तन

सर्गबन्धो महाकाव्य महत्तां च महच्च यत् ।
अग्राम्यशब्दमर्थ च सालङ्कारं सदश्रयम् ॥
मन्त्र दूत प्रयाणजिनायकाभ्युदयं च यत् ।
पञ्चभि : सन्धिभिर्युक्त नाति व्यख्येयमृद्धिमत् ॥

आचार्य भामह नै संस्कृत काव्यचिन्तनका पहिला अध्येता हुन् । उनले लिएको गोरेटोमा आचार्य दण्डी, आचार्य रुद्रट र आचार्य विश्वनाथले पनि आ-आफ्नो काव्य मान्यतालाई आ-आफ्ना शास्त्रमा उल्लेख गरेको पाइन्छ । कालक्रमिक विकासका आधारबाट उल्लिखित आचार्यहरुले महाकाव्य सम्बन्धी गरेका सैद्धान्तिक चिन्तन प्रयास यहाँको विश्लेष्य पक्ष ठहर्छ । ईश्वीको छैटौँ शताब्दीका अलङ्कारवादी आचार्य भामहले संस्कृत साहित्यिक परम्परामा महाकाव्यको लेखन भइसकेको परिप्रेक्ष्यमा सैद्धान्तिकताको ठहर गर्दै उल्लेख्य तथा महत्वपूर्ण काव्य चिन्तन राखेको पाइन्छ ।

### ३.६.२ आचार्य दण्डीको महाकाव्य सम्बन्धी चिन्तन

सातौँ शताब्दीको पूर्वार्द्धका आचार्य दण्डीले आचार्य भामहकै चिन्तनको गोरेटोमा केही बुँदाहरुको पूर्णतासँगै महत्वपूर्ण कार्य गरेको पाइन्छ । यिनका अनुसार

क) महाकाव्यको विषय इतिहास प्रसिद्ध हुनुपर्छ ।

ख) नायक धीरोदत्त र प्रतिनायक पनि उदात्त हुनुपर्छ ।

ग) वीर अथवा शृङ्गार रस मध्ये एउटा मुख्य र अरु रस अप्रधान भएर रहनुपर्छ ।

घ) ग्रन्थारम्भमा नमस्कार, आशीर्वाद र वस्तुनिर्देशात्मक मङ्गलचरण हुनुपर्छ ।

ङ) सर्गसर्गमा बाँडिएको तर ज्यादै छोटो र लामो सर्ग हुनहुदैंन ।

च) पूरै सर्ग एउटै छन्दमा लेखिनुपर्ने र सर्गान्तमा छन्द बदल्नु पर्छ ।

### ३.६.३ आचार्य रुद्रटको महाकाव्य सम्बन्धी चिन्तन

आचार्य दण्डीकै समकक्षी आचार्य मानिएका रुद्रटका महाकाव्यसम्बन्धी चिन्तनमा केही बुँदाहरु आफ्नै मौलिक रहेका पाइन्छन् । उनले काव्यलाई लघु र महान् गरी दुई भागमा वर्गीकरण गरेको पाइन्छ । उनका काव्य चिन्तनका मुख्यबुँदाहरु :

क) चतुर्वर्ग फलप्राप्ति ।

ख) समग्रसरता ।

### ३.६.४ आचार्य विश्वनाथको महाकाव्य सम्बन्धी चिन्तन

चौधौँ शताब्दीका आचार्य विश्वनाथले महाकाव्य सम्बन्धी एउटा बाढी नै ल्याईदिएको पाइन्छ । मुख्यत भामहले उठाएको चिन्तन अभ्यासको निरन्तरता आचार्य विश्वनाथमा पनि पाइन्छ । यिनको विचारमा,

क) महाकाव्यको कथावस्तु सज्जनाश्रीत र इतिहास प्रसिद्ध हुनुपर्दछ ।

ख) प्रधान नायक देवता र कूलीन, धीरोदत्त राजा वा एकै कूलका क्रमिक धेरै राजा हुनपर्दछ ।

ग) श्रृङ्गार, वीर र शान्त रसमध्ये एउटा प्रधान भई अन्य रस अङ्गका रुपमा हुनुपर्दछ ।

घ) पाँच सन्धिमा कथा विभक्त हुनुपर्दछ ।

ङ) सर्गबद्ध महाकाव्यभित्र ज्यादा छोटो र ज्यादा लामो सर्ग हुनुहुँदैन ।

च) सर्गको अन्त्यमा पछि आउने कथाको सूचना दिनुपर्दछ ।

छ) एउटा सर्ग चाहिँ अनेक छन्द र यमक अलङ्कारलययुक्त हुनपर्दछ ।

ज) आठ सर्गभन्दा कम हुनुहुँदैन ।

झ) सज्जनको प्रशंसा र दुर्जनको निन्दा हुनुपर्दछ ।

ञ) ग्रन्थको नाम राख्दा कवि, नायक, प्रतिनायक अथवा कथानकको नामबाट राखिनुपर्ने र अवान्तर सर्गको नाम त्यसको नाम विषय अनुरुप लेखिनुपर्छ ।

ट) धर्म, अर्थ, काम र मोक्षमध्ये कुनै एक प्रयोजन हुनपर्दछ ।

ठ) विभिन्न प्राकृतिक दृश्य, ऋतु, नगर, शिकार, युद्ध, वन, समुन्द्र, यज्ञ, यात्रा, विवाह आदिको सुन्दर वर्णनले सिङ्गारिएको हुनपर्दछ ।

यसरी हेर्दा पूर्वीय काव्य सैद्धान्तिक परम्परामा आचार्य भामहदेखि विश्वनाथसम्मको उल्लेख्य योगदान रहेको पाइन्छ । संस्कृत साहित्यशास्त्र अन्तर्गत महाकाव्यको पूर्णाङ्ग परिभाषा दिने चारजना विद्वानहरु क्रमश : भामह, दण्डी, रुद्रट र विश्वनाथ हुन् ।

## ३.७ पाश्चात्य काव्यपरम्परा

पाश्चात्य साहित्यको इतिहासमा पनि कविता सर्वप्राचिन रुप मानिन्छ । यसको प्रारम्भ ग्रीसदेखि नै भएको हो । जोसेफ एडिसनका अनुसार महाकाव्यमा एउटा घटना त्यसको महानता र पूर्णता हुनपर्दछ । यो अभिव्यक्ति उनले मिल्टनको प्याराडाइज लस्टको भूमिकामा व्यक्त गरेका छन् । त्यसैगरी आई टी मयर्स महाकाव्यको नायक उच्च एवम् उदात्त गुणयुक्त सद्भावनाले पूर्ण हुनपर्छ भन्छन् ।

१. वर्णनात्मक कविता

२. छन्दोवद्ध र आलङ्कारिक पदहरु

३. महान् नायकको कथानक र कथानकमा हुने भव्यता

४. सिङ्गो युग समाज जीवन वा सभ्यताको प्रतिबिम्ब

## ३.८. महाकाव्यका तत्वहरु

महाकाव्य तत्व

| **पूर्व** | **पश्चिम** |
| --- | --- |
| कथावस्तु | कथावस्तु |
| कथानक | कथानक |
| पात्र पात्रा वा चरित्र विधान | पात्र पात्रा वा चरित्र विधान |
| चरित्र चित्रण | चरित्र चित्रण |
| रस | वर्णन (परिवेश) |
| छन्द | शैली |
| परिवेश | परिवेश |
| उद्देश्य | उद्देश्य |

## ३.९ समष्टिमा महाकाव्यका तत्वहरु

१. कथावस्तु

२. चरित्र

३. शैली

४. सन्देश

५. वातावरण

पाश्चात्य जगत्मा महाकाव्यको सर्वप्रथम चर्चा गर्ने ग्रीसका आचार्य एरिस्टोटल हुन् । एरिस्टोटलले साहित्य वा कलालाई प्रकृतिको अनुकरणका रुपमा लिएका छन् । प्रकृति भनेर उनले जड प्रकृतिलाई मात्र नलिएर मानवीय प्रवृत्तिलाई पनि लिएका छन् । यसरी उनले अनुकरणलाई प्रकृतिको सिर्जनात्मक प्रक्रियाको अर्थमा लिएका छन् । फेरि अनुकरणको अर्थ प्रकृतिको कोरा अनुकरण वा सक्कल बमोजिम नक्कल पनि होइन बरु जीवन र जगत्को

पुनसिर्जन वा पुनर्निर्माण हो । पुनसिर्जनका लागि कलात्मक स्वरुप र दृष्टिको आवश्यकता हुन्छ । कोरा अनुकरण वा सक्कलबमोजिम नक्कलबाट बच्नका लागि अभ्यासको पनि आवश्यक भूमिका हुन्छ ।

पूर्वीय तथा पाश्चात्य दृष्टिरेखाबाट औंल्याउने प्रयास गरिएको नेपाली महाकाव्य मुख्यत : पूर्वीय संस्कृत महाकाव्यकालीन स्वरुप तथा संरचनाबाट जीवन्त रहेको पाइन्छ । सर्गवन्धसंरचनाको मुख्य पहिचान बोकेको महाकाव्यात्मक सिर्जनाले नेपाली साहित्यको क्षेत्रमा धेरै लामो तथा महत्वपूर्ण योगदान अन्य विधाको तुलनामा अपेक्षित नै देखिन्छ ।

## ३.१० नेपाली सहित्यमा महाकाव्य

नेपाली साहित्यमा महाकाव्यको इतिहास खासै लामो छैन । अन्य विधाभन्दा महाकाव्यको इतिहास थोरै मात्र छ । नेपाली महाकाव्यको गणना नै गर्ने हो भने पनि लगभग ५० वटाभन्दा बढी भेटिदैंन; अझ उल्लेखनीय महाकाव्य त झन् ज्यादै कम छन् । नेपाली साहित्यका केही उल्लेख्य महाकाव्यहरुको निम्न अनुसार वर्णन गर्न सकिन्छ ।

रामायण नेपाली साहित्यको पहिलो महाकाव्य नेपाली साहित्यमा महाकाव्य परम्पराको श्री गणेश गर्ने संस्कृत रामायणको नेपाली अनुवाद भएकाले शुद्ध मौलिकता ग्रहण गर्न नसकेको अवस्थामा आदिकवि भानुभक्त आचार्यबाट सातै काण्डको प्रकाशन पहिलो पटक १९४२ सालमा प्रकाशित विभिन्न कारणले गर्दा यस रामायण महाकाव्यको ऐतिहासिक साहित्यिक मात्र होइन धार्मिक सांस्कृतिक र आध्यात्मिक मूल्य महत्व पनि अतुलनीय छ ।

दान बहादुर के.सी. द्वारा लिखित नेपाली कविता काव्य र समालोचनामा (......) नेपाली महाकाव्यको इतिहासमा चर्चित महाकाव्यहरु यस प्रकार छन् :-

| | |
|---|---|
| कृष्ण चरित्र | शिखरनाथ सुवेदी १९५५ |
| युरोपयात्रा | डिल्ली शमशेरथापा १९६७ |
| कृष्ण चरित्र ठूलो असली | बाबु माधव प्रसाद शर्मा १९८१ |
| देवी भागवत | रामजी प्रसाद उपाध्याय १९८६ |

| | |
|---|---|
| महाभारत अठार पर्व | नरेन्द्रनाथ रिमाल १९८६ |
| देवी भागवत | कृष्ण प्रसाद रेग्मी १९८६ |
| कृष्ण चरित्र | होमनाथ खतिवडा १९८८ |
| महाभारत | केदारनाथ खतिवडा १९५५ |
| चन्द्रचरित | अप्रकाशित |
| कविता गुच्छहार | देवीदत्त पराजुली २००५ |
| आदर्श राधव | सोमनाथ सिग्द्याल २००२   २००५ |
| शाकुन्तल | लक्ष्मीप्रसाद देवकोटा २००२ |
| सुलोचना | लक्ष्मीप्रसाद देवकोटा २००३ |
| महाराणा प्रताप | लक्ष्मीप्रसाद देवकोटा २०२४ सालमा प्रकाशित |
| रघुवंश महाकाव्य | कोमलनाथ अधिकारी २०१५ अनुदित |
| नैषधिय चरित्र | कोमलनाथ अधिकारी २०२० |
| देश नरेश | कृष्णाप्रसाद घिमिरे २०१७ ऐतिहासिक विषयवस्तु |
| राष्ट्रिय चरित्र | कृष्णप्रसाद घिमिरे २०१७ |
| श्रीमद् वाल्मीकि | कृष्णप्रसाद घिमिरे २०३१ अनुदित |
| श्री पृथ्वी महेन्द्र | गोविन्दप्रसाद भट्टराई २०१९ |
| भावना | गोविन्दप्रसाद भट्टराई २०२० |
| भानु | मोदनाथ शर्मा २०२४ |
| उषा विनोद | हरिहर शास्त्री २०२४ |
| रम्भा | हरिहर शास्त्री २०२४ |
| श्रीकृष्ण सन्देश | गुणराज उपाध्याय २०२९ |
| भरत मिलन | गुणराज उपाध्याय २०२९ |
| देवासुरसंग्राम | मोदनाथ प्रश्रित २०३० |
| बदला | नीरविक्रम प्यासी २०३५ |

| | |
|---|---|
| मकवानी वाला | उमानाथ शास्त्री २०३५ |
| आँशुको संग्राम | हरि फुयाँल २०३६ |
| चमेली चन्द्र | गणेश बहादुर खत्री २०३७ |
| नरसिंह अवतार | जगदीश शमशेर राणा २०३७ |
| दोभान | भरतराज पन्त २०४१ |
| मन्दाकिनी | मोहन दुखुन १९८५ सन् |
| समाज दर्पण | रामचन्द्र गिरी |
| विप्रलम्भ | बसन्त कुमार शर्मा २०४४ |
| मृत्युन्जय | भानुभक्त पोखरेल २०४७ |
| जन्मभूमि तथा आमा | तुलसीराम कश्यप |
| रामदासमा मन्थन अनि | पवन कुमार खनाल |
| बिम्ब प्रतिविम्ब | पवन कुमार खनाल |
| स्वदेशी सुमन | पवन कुमार खनाल |
| कर्ण | नवराज लम्साल |
| शाह श्रृंखला | नीलकण्ठ भट्टराई |
| महामानव | नीलकण्ठ भट्टराई |
| महाकवि नरेन्द्रनाथ रिमाल | नीलकण्ठ भट्टराई |
| बसुन्धरा | |

नेपाली महाकाव्यविधाले आधुनिकतालाई प्राप्त गर्नुपूर्व कुनै उल्लेख्य कार्य भएको बुझिदैंन । रामभक्तिधारा र कृष्णभक्तिधारामा आधारित वृहत् पद्याख्यानहरुको संरचनाले स्थान जगाएको त्यस अवस्थाको साहित्य मूलत : भक्तिवादिताले अभिप्रेरित रहेको पाइन्छ । धरणीधर कोइराला र महानन्द साप्कोटाको प्रयासले आधुनिकाताको प्राप्तिमा विकास र उच्च साहित्यिकताको प्राप्तिलाई नेपाली महाकाव्य क्षेत्रमा उत्कर्षकाल नामले चिनिन्छ । परिष्कारवादिता तथा स्वच्छन्दवादिताका चेतनाहरुमा विकसित हुन पुगेको नेपाली काव्य साहित्यले आधुनिकताको प्रवेश पछि भगिरथ गतिबाट अगाडि बढेको देखिन्छ । लेखनाथ

पौड्याल, सोमनाथ सिग्द्याल, बालकृष्ण सम नेपाली परिष्कारवादी साहित्यका उच्च्तम रचनाका सर्जक वा महाकाव्यकारका रुपमा चिनिन्छन् ।

पौड्यालको नव्यकाव्यधर्मी तरुण तपसी (२०१०), सिग्देलको आदर्श राघव ( २००५) र समको चिसो चुल्हो (२०१५) शीर्षक महाकाव्य रचनाहरुले नेपाली परिष्कारवादी महाकाव्य क्षेत्रलाई उत्कर्षमा पुऱ्याएको देखिन्छ । नेपाली साहित्य सिर्जनाका क्षेत्रमा कविताका क्षेत्रमा मात्रै पनि विविध रुपमा समेत एक छत्र शासन जमाएका महाकावि देवकोटाको नामलाई लिएर यो साहित्यिक नामलाई चिन्ने गरेको बुझिन्छ भने अर्कोतर्फ उनैको नामका आधारबाट देवकोटापूर्वयुग, देवकोटायुग र देवकोटा उत्तरयुगले पनि नेपाली महाकाव्ययात्रालाई चिनाउने प्रयास गरेको पाइन्छ । शाकुन्तल (२००२), सुलोचना (२००३), महाराणा प्रताप (२००३), वनकुसुम (२००२), पृथ्वीराज चौहान (२००३), प्रमिथस (२००४ १५) बाट पनि यस युगलाई वा महाकाव्ययात्राको समयलाई उत्कर्षकाल भनी औँल्याउन सकिन्छ ।

विनयकुमार शर्मा नेपालद्वारा लिखित वि.सं. २०५९ मा प्रकाशित 'नेपाली महाकवि र महाकाव्य' कृतिमा निम्न महाकाव्यकार र महाकाव्यको वारेमा चर्चा गरिएको छ ।

| **महाकाव्यकार** | **महाकाव्य** |
|---|---|
| भानुभक्त आचार्य | -रामायण |
| रेवतीरमण न्यौपाने | - विश्वजितलीला |
| जगन्नाथ, बैजनाथ सेढाईं | - चन्द्रमयूख, भूचन्द्रचद्रिका |
| देवीदक्त पराजुली | - कवितागुच्छहार |
| लक्ष्मी प्रसाद देवकोटा | १. शाकुन्त |
| | २ सुचोचना |
| | ३ महाराणा प्रताप |
| | ४ पृथ्वीराज चौहान |

| | |
|---|---|
| | ५ वन कुसुम |
| | ६ प्रमिथस |
| गुणराज खनाल | १ श्रीकृष्ण सन्देश |
| | २ भरतमिलन |
| | ३ शाहवंश |
| सोमनाथ सिग्देल | १ आदर्शराघव |
| रामनाथ खनाल | -१ पाण्डु |
| | २ प्रजातन्त्रोदय |
| बालकृष्ण सम | १ चिसो चुल्हो |
| कृष्ण प्रसाद घिमिरे | १ राष्ट्रिय चरित्र |
| | २ देश नरेश |
| | ३ कादम्वरी |
| गोविन्द प्रसाद भट्टराई | १ पृथ्वीमहेन्द्र |
| | २ भावना |
| मोदनाथ शास्त्री | १ भानु |
| मोदनाथ पाश्रित | १ मानव |
| हरिहर शास्त्री | १ उषाविनोद |
| | २ रम्भा |
| | ३ घाम झुल्कियो |
| मोहन दुखुन | १ मन्दाकिनी |

| | |
|---|---|
| तरणीप्रसाद कोइराला | १ नैनी |
| वसन्त कुमार शर्मा नेपाल | १ विप्रलम्भ |
| जयदेव पौडेल | १ गोरखाख्यायिका |
| नीरविक्रम प्यासी | १ दबला |
| उमानाथ शास्त्री सिन्धुलीय | १ मकवानी वाला |
| श्रीहरि फुँयाल | १ आँसुको संग्राम |
| नारायणप्रसाद उपाध्याय | १ त्रिजन्म |
| गणेशबहादुर खत्री | १ चमेलीचन्द्र |
| भरतराज पन्त | १ दोभान |
| भरतराज मन्थलीय | १ देवयानी |
| | २ श्रुतिसौरभ |
| पीताम्वर भोला | १ शिव सन्तति |
| | २ सारस्वतेय |
| कुलचन्द्र कोइराला | १ भीमसेन थापा |
| भोग्यप्रसाद भण्डारी | १ षडानन्दचरित् |
| तुलसीराम कश्यप | १ जन्मभूमि |
| | २ आमा |
| | ३ मन्थन |
| शैलेन्द्रप्रकाश नेपाल | १ जुनु |

| | |
|---|---|
| | २ अनामिका |
| गोपिकृष्ण अधिकारी | १ आर्यावर्त |
| | २ गंगा |
| भानुभक्त पोखरेल | १ मृत्युञ्जय |
| | २ जागृतिराग |
| पूर्णप्रकाश नेपाल | १ सिजापति बाला |
| | २ वसन्तपल्लव |
| पवन कुमार खनाल | १ रामदास |
| | २ मा |
| | ३ बिम्ब प्रतिबिम्ब |
| | ४ स्वदेशी सुमन |
| गौरीशंकर उपाध्याय | १ शंकर |
| ज्ञानव ढुङ्गाना | १ गौरीशङ्रायण (गणेश गरिमा) |
| | २ गौरीशङ्करायण (भैरबबहार) |
| चन्द्रप्रसाद ढुङ्गाना | १ भीमयात्रा |
| लक्ष्मीप्रसाद पोखरेल | १ वेनवैन्यवर्णन |
| रमेश खकुरेल | १ सरितानानी |
| मदनदेव भट्टराई | १ जीवनस्मृति |
| रामप्रसाद ज्ञवाली | १ औँशीका फूलहरु |

| | |
|---|---|
| नरेन्द्र पराशर | १ गौरीशङ्कर |
| चन्द्रप्रसाद न्यौपाने | १ सोल्मू |
| | २ प्रत्याघात |
| | ३ सिमाना |
| पूर्णानन्द भट्ट | १ शान्ति विज्ञान |
| रमेशचन्द्र अधिकारी | १ पद्मादुर्गा |
| | २ सीतायन (खण्ड १, २, ३) |
| ओमवीर सिंह बस्न्यात | १ पासाङ्गल्हामू |
| | २ सेवा सैनिक झपट |
| | ३ पृथ्वी |
| दुर्गाप्रसाद अधिकारी | १ बालगुरु |
| भीष्मराज प्रसाईं | १ आत्मसमर्पण |
| भुवनहरि सिग्देल | १ धरणीधर |
| | २ मेनुका |
| पोषराज दाहाल | १ शहीदगाथा |
| शिवगोपाल रिसाल | १ पद्मकन्या |
| जीवराज पोखरेल | १ शिक्षक शिष्य संवाद |

विनयकुमार शर्मा नेपालको सोही किताबमा महाकाव्यीय उपक्रमलाई यसरी उल्लेख गरिएको छ ।

१. उदयानन्द अर्याल - पृथ्वीन्द्रोय र अन्य दुई काव्य सहित रामायण १८४० सालपछि ।

२. शक्तिबल्लभ अर्याल - महाभारत, विराट पर्व वि.सं. १८५० को आसपास ।

३. सुन्दानन्द बाँडा - अध्यात्म रामायण १८७० आसपास

४. यदुनाथ पोखेल - कृष्णचरित्र १८६५

५. वसन्त शर्मा - कृष्णचरित्र १८८४

६. भवानीदास पाण्डे - महाभारत विराट, उद्योग, शान्ति पर्वहरु र मार्कण्डेयपुराण १९८० तिर

७. रघुनाथ पोखरेल - रामायण सुन्दरकाण्ड १९०५ तिर

(भानुभक्त पूर्वका यी ग्रन्थहरुले महाकाव्यीय विकास क्रमलाई ठूलो टेवा दिए ।)

८. भानुभक्त आचार्य - बालकाण्ड १८९८, अन्य काण्डहरु १९१० आसपास

९. पंतजलि गजुरेल - धीरांदेश, तीर्थावली १९४० आसपास

१०. भुवनप्रसाद ढुङ्गेल - अध्यात्म रामायणको सुन्दरकाण्ड १९४५,

११. वैयाकारण नेपाल - रामायण किण्किन्धाकाण्ड १९४८

१२. राजीवलोचन जोशी - केदारकल्प १९४९

१३ रमाकान्त बराल - अद्भूत रामायण १९४९-८५ बीच

१४ होमनाथ खतिवडा - रामायण अश्वमेधकाण्ड र महाभारतका बिराट, सभा, पर्वहरु र कृष्णचिरित्र १९६० तिर

१५. केदारनाथ खतिवडा - होमनाथका बाँकी अनुशासन, अश्वमेध आश्रम, कर्ण, गदा, द्रोण वन १६ पर्वहरु र भागवत, नलदमयन्ती १९६० तीर

१६. भोजराज भट्टराई - आनन्द रामायण, महाभारत दोण पर्वहरु १९६० आसपास

१७. कुञ्जविलास गौतम - महाभारत सौप्तिक, स्त्री, गदा पर्वहरु १९६० आसपास

१८. शम्भुप्रसाद ढुङ्गेल - अनेक चम्पुकाव्यहरु १९६०-८० बीच

१९. कृष्णप्रसाद रेग्मी - महाभारत आदि, उद्योग, वनसहित सम्पूर्ण पर्वहरु, देवी भागवत १९६०-८० बीच

२०. रेवतीरमण न्यौपाने - तुलसीकृत रामायण १९६० तिर

२१. सदाशिव अधिकारी - मौसल पर्व १९६४

२२. गोपीनाथ लोहनी -जलोपाख्यान १९६५

२३. हरिहर आदि - अध्यात्म रामायण १९६६

२४. नरेन्द्रनाथ रिमाल - महाभारत १८ पर्व र कृष्ण चरित्र १९६०-८१ बीच

२५. हरिविक्रम थापा - जैमनीय भारत र कर्ण पर्व १९६२ तिर

२६. शिखरनाथ सुवेदी - महाभारत कर्णपर्व कृष्ण चरित्र, रामश्वमेध राज, शिखरनाथ भास्य १९६५-६८ बीच

२७. रुद्रप्रसाद ढकाल - संक्षिप्त रामायण, काव्यहरु १९८६-८८

२८. तारानाथ नेपाल - कृष्णलीला, काव्यहरु १९८०-२००० आसपास

२९. अनङ्गनाथ पौडेल - काव्यहरु १९९९-२०२८ बीच

३०. शालिग्राम गौतम - रामायण अश्वमेध काण्ड १९९३

३१. विश्वनाथ भट्टराई - बुद्धचरित्र, महाभारत शान्ति पर्व २०२६ तिर

३२. कृष्णप्रसाद उपाध्याय - महाभारत आदिपर्व

३३. पद्मप्रसाद उपाध्याय - महाभारत विराट पर्व

३४. शम्भुप्रसाद उपाध्याय - महाभारत कर्ण र द्रोणपर्वहरु

३५. रामजी खतिवडा - देवी भागवत

३६. पद्मप्रसाद ढुङ्गाना - रामायण सप्तरत्न, सण्टकाण्ड १९९५

३७. कृष्णप्रसाद गौतम - तुलसीकृत रामायण १९९६

३८. प्रेमराज शर्मा पौडेल - रामायण १९९६

३९. बासुदेव भट्टराई - रामायण १९९७, श्रीमद्भागवत्

४०. पहलमान सिंहस्वार - रामायण किष्किन्धाकाण्ड १९९७

४१. मुक्तिनाथ शर्मा - रघुवंश, किराँतर्जुनीय २०००

४२. रामप्रसाद सत्याल - महाभारत अठार पर्व २००६ सालतिर

४३. नीलहरि शर्मा ढकाल - मेरो रामायण, कृष्ण चरित्र, देवी भागवत २०१५ तिर

४४. कोमलनाथ अधिकारी - रघुवंश, नैषधीयचरित्र, कुमारसंभव २०१५-२५ बीच

४५. नारायण दत्त शास्त्री - नाटक पर्व २०१५

४६. हरिबहादुर के.सी. - सार पर्व २०१७

४७. भैरवप्रसाद अर्याल - महाप्रस्थान, मौशल र स्वर्गारोहण पर्व २०१८

४८. गोविन्द शर्मा बिमल - किरानार्जुन २०२२

४९. कृष्णप्रसाद अर्याल - निजानन्द दिग्दर्शन २०५५

५०. प्रेमदास उप्रेती - कृष्णप्रणामी धर्म दर्पण २०५५

५१. ढुण्डीराज कोइराला - श्रीमद्भागवत्

५२. जीवराज पोखरेल - बुद्धचरित्र २०५८

५३. छविकान्त आचार्य - विराटपर्व

५४. विनोदप्रसाद धिताल - डिभाइन कमेडी

५५. कृष्णप्रसाद घिमिरे - बाल्मीकि रामायण

५६ बाबु माधवप्रसाद - कृष्णचरित्र, उपर्युक्त कवि, काव्यकार बाहेक भोजराज, पाण्डे,

छविलाल कँडेल, मुरारी ढुङ्गाना, हेमबल्लव पाण्डे, भुवनप्रसाद ढुङ्गेल, आदिले पनि ग्रन्थहरु अनुदित गरी नेपाली महाकाव्यको विकासक्रमलाई अगाडि बढाए ।

## ३.११ महाकाव्यको मान्यता र शाह-शृङ्खला

पूर्वीय र पाश्चात्य काव्यमान्यताका आधारमा महाकाव्यको विस्तार परिधिलाई समेट्दै शाह-शृङ्खला महाकाव्य प्रकथात्मक सर्गवद्ध महाकाव्य बन्न पुगेको छ । यसको परिवेश विस्तृत र व्यापक छ । घटीमा (३६) र बढीमा एकसय उनन्चालीस (१४०) श्लोक भएका जम्मा १५ शृङ्खलामा यो विभक्त छ । अरु महाकाव्यकारहरुले प्रयोग गर्ने गरेको सर्ग शब्दको स्थानमा शाह-शृङ्खला महाकाव्यमा शृङ्खला शब्दको प्रयोग भएको पाइन्छ । महाकाव्यात्मक संघटनको मान्यतालाई आत्मसात् गर्दै कथानकमा आदि मध्ये र अन्त्यको उचित संयोजन र अर्थ प्रकृति कार्यवस्था र पञ्चसन्धिको कुशल संयोजन यस महाकाव्यमा पाइन्छ । विविध संघटनले संयुक्त यस महाकाव्यको कथानक ऐतिहासिक तथा राजनीतिक अवस्था तर्फ डोरिएको छ । शाह वंशको इतिहासलाई सदा इतिहासमा सुरक्षित राख्ने योजनाले प्रस्तुत महाकाव्यको श्रृजना गरिएको भान हुन्छ ।

पूर्वीय काव्यमान्यताको महत्वपूर्ण पक्ष भनेको रस परिपूर्णता हो । पाश्चात्य मान्यतामा रसका बारेमा कुनै चर्चा नपाइए पनि काव्यले पाठकलाई प्रभावित पार्नु पर्दछ भन्ने र उदात्तीकरणको तीब्र भावना पैदा हुनुपर्दछ भन्ने रहेको पाइन्छ । यस काव्यको पठनले र मननले इतिहासको मात्र ज्ञान हुन्छ । छन्द मिलाइएको त छ तर जुन काव्यमा हुनुपर्ने मिठास हो त्यसको भने अभाव नै खड्किएको छ ।

शाह-शृङ्खला महाकाव्यमा चतुर्वर्ग फलअन्तर्गत पार्थिव पुरुषार्थ (धर्म, अर्थ, यश) अपार्थिव पुरुषार्थ (मोक्ष) साधनको उपलब्धी देखाइएको छ ।  शाहवंशीय र राजपरम्परामा राजतन्त्र समाप्त भइसकेपछि पनि इतिहासको रुपमा सबैले अध्ययन गरुन् भनी काव्यकारले इच्छा प्रकट गरेको देखिन्छ । साहित्यिक, भौगोलिक, ऐतिहासिक, धार्मिक, राजनैतिक, सांस्कृतिक र चमत्कारिक शक्तिलई उजागर गरी विशेष गरी नेपालको शाहवंशीय सत्ताको उदय, उत्थान, उत्कर्ष र पतनलाई देखाउनु नै यो महाकाव्यको प्रमुख उद्देश्य हो । छन्दमा रचना गरिएको यो महाकाव्यमा मन्दक्रान्ता, अनुष्टुप, उपजाति, शार्दूलविक्रीडित, मालिनी, शिखरिणी छन्दहरुको प्रयोग भएको छ । यस महाकाव्यमा जम्मा ११९० श्लोकहरु रहेका छन् । काव्यकार भट्टराईले शाह-शृङ्खलालाई जस्ताको त्यस्तै उतारी नेपालको इतिहासलाई सबै नेपालीका सामु छर्लङ्ग पारिदिएका छन् । तथापी राजदरवारभित्र भएका कुकृत्य, यौन शोषण, हत्या, बलत्कार र मोजमस्ति जस्ता कुरालाई काव्यकारले लुकाएका छन्, र उनीहरुका राम्रा पक्षलाई मात्र बढी जोड दिएका छन् । जसले गर्दा दरवारियाको तर्फबाट जस प्राप्त गर्ने उद्देश्य तर्फ लेखक लोभिएका त होइनन् ? भन्ने प्रश्न गर्ने ठाउँ पनि छदैछ । त्यसका बाबजुद साहित्यलाई मात्र हेर्ने हो भने महाकाव्य सफल नै भएको छ भन्न सकिन्छ । त्यति हुँदाहुँदै पनि पूर्वीय मान्यता अनुसार यो पूर्ण महाकाव्य बन्न सकेको छैन ।

## ३.१२ निस्कर्ष

नीलकण्ठ भट्टराईको यो शाह-शृङ्खला महाकाव्य एक पूर्ण महाकाव्य हो । नेपाली साहित्यले प्राप्त गरेको यो महाकाव्य ऐतिहासिक क्षेत्रको प्राप्ति हो यसलाई पाठकले अमूल्य निधि सम्झिन पर्छ । महाकाव्य भित्रको बौद्धिक पक्ष भने छन्द, संयोजन मात्र हो । तथापी यसले पूर्वीय महाकाव्य मान्यतालाई अक्षरशः पालन गर्न सकेको छैन । महाकाव्य दोषरहित बन्न सकेन ।

# परिच्छेद चार

## शाह-शृङ्खला महाकाव्यको कृतिपरक अध्ययन

### ४.१. रचना तथा प्रकाशन

शाह-शृङ्खला महाकाव्यका रचनाकार नीलकण्ठ भट्टराई हुन् । प्रस्तुत महाकाव्य नेपाली महाकाव्यको क्षेत्रमा विशेष आधार स्तम्भ खडा गरी लेखिएको महाकाव्य हो । यो महाकाव्यले शाह-राज्यवंशको विविध पक्षलाई प्रकाश पारेको छ । थुप्रै नायकहरुको अभ्युदय भएको यो महाकाव्य पूर्णरुपमा पूर्वीय महाकाव्य सिद्धान्तमा आधारित भएर लेखिएको महाकाव्य हो । शाह-शृङ्खला महाकाव्यले वस्तु वर्णनभन्दा पनि घटना वर्णनलाई विशेष जोड दिएको छ ।

'शाह-शृङ्खला' महाकाव्यको प्रथम प्रकाशन वि.सं. २०६६ सालमा भएको हो । महाकाव्यको प्रकाशन दुर्गादेवी भट्टराईले गरेकी हुन् । वृहत आयाम रहेको यो महाकाव्य जम्मा २४९ पृष्ठमा समेटिएको छ । ऐतिहासिक विषय वस्तुलाई मूल आधार बनाएर लेखिएको यो महाकाव्यले नेपालको शाहवंशीय परम्परालाई समेटेको छ । यही ऐतिहासिक घटनालाई समेटेर पहिलो शृङ्खलाको विषयभित्र यसरी प्रवेश गरिएको छ ।

सुमेरु माता र पिता भनेर
सभक्ति विश्वास लिई घुमेर
वाचाल बुन्ने गणदेवलाई
म भक्तिले गर्छु सधैँ प्रणम ॥१॥

यस श्लोकमा गणनायकलाई सम्बोधन गरिएको छ । मङ्गलाचरणबाट सुरु गरिने पूर्वीय महाकाव्यको मान्यतालाई यस महाकाव्यले पनि शिरोधार्य गरेको छ । त्यसैले प्रस्तुत महाकाव्यलाई पूर्वमहाकाव्य मान्न सकिन्छ । तथापि पूर्वीय सिद्धान्तको पूर्ण पालना गरिएको छैन ।

पहिलो श्लोकमा गणदेवलाई, दोस्रो श्लोकमा शम्भुलाई, तेस्रो श्लोकमा गोरखनाथलाई, चौथो श्लोकमा कुलदेवलाई र पाँचौ श्लोकमा सरस्वतीलाई प्रणाम गरी मङ्गलाचरण समाप्त भएको छ, त्यसपछि महाकाव्यको विषयवस्तुलाई उठान गरिएको छ

पूर्वीय महाकाव्यको सिद्धान्त अनुसार अनिष्ट नाश इष्ट प्राप्त गर्नका लागि जम्मा पाँचवटा मङ्गलाचरण गरिएको छ ।

पहिलो पथमा - वस्तुनिर्देशात्मक
दोस्रो पथमा - अभिलाशात्मक
तेस्रो पथमा - अभिवादत्मक
चौथो पथमा -इच्छाबोधम
पाँचौ पथमा - आशावोधक

## ४.२. प्रेरणा र प्रभाव

### ४.२.१ प्रेरणा

धर्म, संस्कृति, राष्ट्रिय एकता एवम् अखण्डतालाई आफ्नो पहिचान मान्ने महाकाव्यकारलाई यसमा आएको आँच, यथार्थता गुम्दै गरेको पीर र विधर्मीको प्रभावले सताएको, विदेशीको प्रभाव बढेको र आफूहरुले ताली पिटिरहेको नियन्त्रणको प्रयास

नदेखिएको र नेपालको अतीतको गौरव र महिमा हराउने खतरा उत्पन्न भएकोले महाकाव्यकारलाई मनमा सन्देह उत्पन्न भएको छ ।

नेपालको वौद्धिक, पौराणिक र ऐतिहासिक गौरवप्रति सवै थरी नेपालीलाई जागरुक बनाउने भावनाबाट प्रेरित भई प्रस्तुत महाकाव्य लेखन आरम्भ भएको हो । महाकाव्यकारको आत्मकथनले यस कुरालाई पुष्टि गरेको छ ।

### ४.२.२ **प्रभाव**

बितेका कालमा घटेका घटनाहरुको विवरणलाई नै इतिहास भनिन्छ । इतिहास न त मर्छ नत फेरिन्छ । नेपालको एकीकरणमा शाहवंश अर्थात पृथ्वीनरायण शाह र बहादुर शाहको अतुलनीय योगदान छ । जसले वाइसे र चौविसे राज्यमा छिन्न भिन्न राज्यलाई एकीकरण गरे । तर समयसँगै आएको परिवर्तनले गर्दा राजसंस्था समाप्त भयो । जुन राजामहाराजाकै व्यक्तिवादी चरित्रले हो । जब सत्तामा नेतृत्व वर्ग पुग्यो, तब त्यस नेतृत्वले इतिहासलाई नै निमिट्यान्न पार्न खोज्यो । अर्थात् इतिहासमाथि नै कालो पोत्ने काम भयो । जुन कुराले मनमा पीर-परेको बताउने महाकाव्यकार भट्टराईलाई इतिहास मर्न दिनु हुँदैन भन्ने लाग्यो, यही प्रभावले नै शाह-शृङ्खला महाकाव्य सिर्जना गरिको हो । लेखककै शब्दमा भन्नुपर्दा इतिहास जीवित राख्नका लागि प्रस्तुत महाकाव्य शाह-शृङ्खला रचना गरिएको हो ।

४.३ **काव्यहेतु** : पूर्वीय विद्धानहरुले प्रतिभा, व्युत्पति र अभ्यासलाई काव्यहेतु मनेका छन् । पाश्चात्य विद्वान्हरुले कल्पनाआत्माभिव्यक्ति-दमित यौनकुण्ठाका साथै मानवीय जीवनेच्छालाई काव्यहेतु मनेका छन् ।

राष्ट्रियभावनाबाट प्रेरित भई लेखिएको यो महाकाव्यको काव्यहेतु लेखककै भाषामा राष्ट्र गौरव प्रति सद्भाव फैलाउनु हो ।

४.४ **काव्यप्रयोजन** : पूर्वीय साहित्य सिद्धान्त अनुसार यश, धन वा कीर्तिका लागि काव्य सिर्जना गरिन्छ । अर्थात् विना प्रयोजन काव्य सिर्जना हुन सक्दैन । भरतमुनिले “धर्म, यश, आयुको

प्राप्ति, काल्याण, प्रदान, बुद्धिको विकास र लोकोपदेश काव्य गर्नु नै साहित्य प्रयोजन भनेका हुन" भने वामनले कीर्ति र आनन्द प्राप्ति नै काव्यको प्रयोजन हुन भनेका छन् ।

महाकाव्यकार भट्टराईकै शब्दमा भन्नुपर्दा प्रस्तुत महाकाव्यको प्रयोजन धन आर्जनका लागि होइन । यसको प्रयोजन यश र कीर्ति प्राप्त गर्नु हो ।

## ४.५ शीर्षक विधान

'शाह-शृङ्खला' नाम दिइएको प्रस्तुत महाकाव्य महाकाव्यकार नीलकण्ठ भट्टराईको दोस्रो महाकाव्य हो । नेपालको राजनीतिमा देखा परेको परिवर्तन अर्थात् समाप्त भएर गएको राजसंस्थाको वा नेपालको इतिहास नै समाप्त हुने स्थिति देखा परेपछि महाकाव्यकार भट्टराईलाई इतिहास मर्नु हुँदैन भन्ने लाग्यो । बितेको समयमा जे घट्छ त्यो नै इतिहास हो तर इतिहास हुनका लागि पनि त लेखिनु पर्छ, छापिनु पर्छ र पाठकसामु पुग्नु पर्छ । त्यही अभाव पूर्ति गर्नका लागि यो महाकाव्य रचना गरी 'शाह-शृङ्खला' नाम दिइएको महाकाव्यकार भट्टराईको भनाइ छ ।

कुलमण्डल खानबाट सुरु भएको नेपालको राजसंस्था ज्ञानेन्द्र शाहमा गएर समाप्त भएको छ । यस अवधिमा कति राजा भए ? कसरी राजा भए ? कसरी शासन चलाए ? अनि कसरी समाप्त भए ? र राजसंस्था किन र कसरी समाप्त भयो भन्ने यथार्थ प्रस्तुत महाकाव्यभित्र समेटिएको छ, त्यसैले पनि महाकाव्यको शीर्षक 'शाह-शृङ्खला' रहन भएको हो ।

नरभुपाल शाह र त्यसभन्दा केही अगाडिदेखि पृथ्वीनारायण शाह हुँदै बाटो मेटिएर ज्ञानेन्द्र शाहसम्म आइपुगेको राजसंस्थामा योग्यता र क्षमताको अभाव भएपनि राजाको जेठो छोराको हैसियतले स्वत : राजा हुन पाउने परिपाटिमा एक पछि अर्को पुस्ता र त्यसपछि अर्को पुस्ता गरी क्रमैसँगै राजा बन्दै आएको र उनीहरुको सेरोफेरोमा रचना गरिएको हुनाले पनि प्रस्तुत महाकाव्यको नामाकरण सहज र सार्थक देखिएको छ ।

नेपालको सुन्दताको वर्णन, राष्ट्रिय देवता भगवान् पशुपतिनाथ र सतीदेवीको वर्णन, मञ्जुश्रीको काठमाण्डौ उपत्यकाको पानी फ्याँक्ने कार्यको वर्णन हुँदै ग्वालाका

सरदारलाई राजा बनाएको इतिहासलाई समेत वर्णन गरिएको प्रस्तुत महाकाव्यमा गोपालवंश, किराँतवंश, भूमिवर्मा, अंशुवर्मा, मल्ल राजाहरु र स-साना बाइसे-चौबिसे राज्य हुँदै सबै राजा रजौटालाई एक गरी विशाल राज्य नेपाल भएको र त्यसपछि वंशाणुगत क्रममा एकपछि अर्को शाह राजा हुँदै गएको र राजसंस्था पूर्ण रुपले समाप्त भई बागडोर जनतासम्म पुगेको वस्तु स्थितिलाई समेटिएको यो महाकाव्य शाहबाट सुरु भएर शाहमै समाप्त भएको छ । त्यसैले पनि प्रस्तुत महाकाव्यको शीर्षक विधान सार्थक छ भन्न सकिन्छ ।

महाकाव्यमा चतुर्वर्ग फल प्राप्ति हुनुपर्छ, घटना तथा पात्र ऐतिहासिक हुनुपर्छ । नायक नायिकाको मिलनदेखि पुत्र प्राप्तिसम्मका कुरा समेटिनु पर्छ । नायक धिरोदत्त हुनुपर्छ । नायक राजकुमार वा राजा हुनपर्छ, सर्वाङ्ग सुन्दरी नायिका हुनुपर्छ । प्रणय-वार्ता, युद्ध अनि विजय हुनपर्छ भन्ने पूर्वीय महाकाव्यका मान्यतालाई पूर्णरुपमा अङ्गिकार नगरिएको प्रस्तुत महाकाव्यमा थुप्रै राजा तथा राजकुमारहरुको वर्णनको साथै रानी-राजकुमारीहरुको पनि सामान्य मात्र चर्चा गरिएको छ । सत्ता प्राप्तिकै सेरोफेरोमा अल्भिएको शाहवंशको इतिहासलाई ‘शाह-शृङ्खला’मा लेखिएको यो महाकाव्य वृहत् आयामको महाकाव्य हो । नेपालको राजसंस्थालाई क्रमिक रुपमा वर्णन गरिएको प्रस्तुत महाकाव्य ‘शाह-शृङ्खला’ शाह राजाहरुकै वर्णनले गर्दा शीर्षक सार्थक बनेको छ र शाहवंशबाट नामाकरण गरिएको यो महाकाव्यको नाम ‘शाह-शृङ्खला’ बन्न पुगेको छ ।

## ४.६ पात्र, विधान र गतिहरुको विवरण

शाह-शृङ्खला महाकाव्यमा विविध नायकहरु छन् । हरेक सर्गमा एक-एक नायक छन् । अर्थात् सर्गै पिच्छेका नायक छन् । यसरी सर्गै पिच्छेका नायक राखेर लेखिएको नेपाली महाकाव्यको शाहवंशीय यो नै पहिलो महाकाव्य हो । दुईवटा सर्गमा पृथ्वी नारायण शाहको चर्चा र बाँकी प्रत्येक एक सर्गमा एक नायकको चर्चा भएको कारणले पृथ्वीनारायण शाहलाई महानायकको संज्ञा दिन सकिन्छ । यद्यपी सर्गै पिच्छे अभ्युदय कुमार, प्राप्ति र पतनलाई समेटिएको छ । अनुमानित १००० वर्षभन्दा अघिदेखिको विषयवस्तु समटिएको यो वृहत् आयामको महाकाव्य बहुपात्र समेटिएको मात्र नभएर धेरै नायक समेटिएको महाकाव्य हो ।

## शाह-शृङ्खला महाकाव्यको पात्र विवरण :

| शृङ्खला | पात्रहरु |
|---|---|
| पहिलो | धर्माकर कुलमण्डल शाह, डम्वर शाह, नरभूपाल शाह, मञ्जुश्री कालु शाह, रणदुल्ल शाह, भूमि वर्मा, अंशुवर्मा |
| दोस्रो | पृथ्वीनारायण शाह, नरेन्द्र लक्ष्मी, अभिमान सिंह, किसान |
| तेस्रो | प्रतापसिंह शाह, काजी बिराज, दिम्बन्ध सेन, मल्ल राजा |
| चौथो | प्रतापसिंह शाह, मुकुन्द सेन |
| पाँचौ | रणबहादुर शाह, बहादुर शाह, गजराज मिश्र |
| छौठौं | रणबहादुर शाह, सुवर्णा/कान्तिमती, बहादुर शाह, रणोद्योत |
| सातौं | गिर्वाणयुद्ध विक्रम शाह, राजराजेश्वरी, भीमसेन |
| आठौं | राजेन्द्रविक्रम शाह, भीमसेन, त्रिपुरासुन्दरी, गगनसिंह खवास |
| नवौं | राजेन्द्र/सुरेन्द्र, जङ्गबहादुर, त्रैलोक्य |
| दशौं | सुरेन्द्र, त्रैलोक्य, पृथ्वी विक्रम |
| एघारौं | त्रिभुवन, रणोद्विप, मोहसमशेर |
| बाह्रौं | महेन्द्रवीरविक्रम, इन्द्रराज्य लक्ष्मी |
| तेह्रौं | वीरेन्द्र वीरविक्रम शाह, ऐश्वर्या राज्य लक्ष्मी, श्रुति, दीपेन्द्र, निराजन |
| चौधौं | दीपेन्द्र, रत्नराज्य लक्ष्मी, ज्ञानेन्द्र शाह |
| पन्ध्रौं | ज्ञानेन्द्र, कोमल |

महाकाव्यकार नीलकण्ठ भट्टराईद्वारा रचना गरिएको प्रस्तुत महाकाव्य शाहशृङ्खलाको अध्ययन गर्दा यसले पूर्वीय महाकाव्यको मान्यतालाई केही हदसम्म अङ्गीकार गरेको देखिन्छ । चर्तुवर्गफ प्राप्तीलाई पनि प्रस्तुत महाकाव्यले समेटेको देखिन्छ । दोष रहित महाकाव्य लेख्न सम्भव छैन । यस महाकाव्यमा पनि प्रसस्त दोष देखिएका छन् । सर्गको शाहशृङ्खला लेखिएको यस महाकाव्यको प्रमुख दोष भनेको पात्रको नामाकरण नहुनु हो । पात्रको नामको सट्टा राजा, रानी, राजकुमार, राजकुमारी, सेनापति जस्ता नामका शब्दको उल्लेख गरिएको छ ।

इतिहास बुझ्न भन्दा पनि इतिहास बुझेकाले मात्र पढने जस्तो देखिएको यो महाकाव्य घटना प्रधान भन्दा पनि वर्ण नाम मात्र देखिएको छ । यस महाकाव्यले पूर्वीय सिद्धान्तलाई अक्षरांश पालना गर्न नसकेपनि केही हदसम्म पूरा गरी महाकाव्यको मान्यता रहेका प्रमुख पात्रहरु यस प्रकार छन् । शृङ्खलै पिच्छेको वर्णन क्रमश यसरी प्रस्तुत गरिएको छ ।

शाहशृङ्खला महाकाव्यको शैलिपरक विश्लेषण प्रत्येक सर्ग (शृङ्खला) अनुसार यस प्रकार गरिएको छ ।

### ४.६.१ पहिलो शृङ्खला

मङ्गलाचरणबाट सुरु गरिएको यो शृङ्खलामा गणनायक, दामोदर शम्भु, गोरखनाथ, कुलदेव एवम् सरस्वतीलाई प्रणाम गरिएको छ । शाहवंशी नरभुपालबाट शुरु हुँदै अघि बढेको यो शृङ्खलामा नेपालको सुन्दरता एवम् प्रकृतिको पनि खुलेरै वर्णन गरिएको छ । सतीदेवीको अङ्गप्रत्यङ्ग पतनदेखि पार्वतीको शिवसाधनासम्मको वर्णन पनि यसै शृङ्खलामा छ साथै मृगको रुपमा शिवले क्रीडा गरेको, देउता हेर्न झरेकोदेखि महामञ्जुश्रीले ग्रीष्म ऋृतुमा काठमाण्डौ उपत्यकाको पानी खड्गले काटेर फ्याँकेकोसम्मका घटना यस श्रृङ्खलामा वर्णन गरिएको छ ।

क्षेत्रीय वंशका धर्माकर नाम गरेका सन्त राजा नै काठमाण्डौका पहिलो राजा भएका त्यसपछि नेपाल नामाकरण भएको अनि गोपाल वंशीले राज्य गरेका त्यसपछि किराँत वंशीले राज्य गरेका एवम् रितले भूमिवर्मा, अंशुवर्मा हुँदै मल्ल राजाहरुले राज्य गरेको कुरालाई पनि यस सर्गमा समेटिएको छ । बाइसे-चौबिसे राज्य स-साना राज राजौटा भएको यस नेपाल राज्यमा भूपाल भन्ने नरपाल आई स्वतन्त्र राजा बनेको र उनी भारतको उज्जैनबाट आएको कुरा साथै उनैका छोरा खिचा खान र मिचा खानले राज्य गरेको र कुलमण्डल खानबाट शाह वंश सुरु भएको छ । दिल्लीका महाराज खुसी भएर शाह उपाधि प्रदान गरेपछि कुलमण्डन खान कुलमण्डन शाह भएर नेपालमा शाह वंशको उदय भएको हो । कुलमण्डन शाह नै नायक भएको यो शृङ्खलामा गोरखा, लमजुङ्गको झगडा साथै साना साना राज्यमा भएको विद्रोह समेत यस सर्गमा समेटिएको छ ।

द्रव्य शाह र नरहरि शाहको आपसी फुट, पुरन्दर शाहको उदय र पतन, राम शाहको उदय र पतन, डम्बर शाहको उदय र पतन, कृष्ण शाहको उदय र पतन, पृथ्वी पति शाहको उदय र पतन, रणदुल्लभ शाहको व्यथा र आत्महत्या, पृथ्वी पतिको उदय र पतनले यो श्रृङ्खला समाप्त भएको छ ।

१२९ वटा उपजाति छन्दमा लेखिएको यो श्रृङ्खलामा सर्गान्तका २ श्लोक अनुष्टुप छन्द्का छन् । पृथ्वी पतिको देहान्त र पृथ्वी नारायण शाहको उदयको सङ्केत गर्दै पहिलो सर्ग समाप्त भएको छ ।

महापराक्रमी राजा समय साथ लाउँदै
हिमाली भेगको सानो नेपालमा रमाउँदै
राजवंश खडा गर्ने धरै राजा भएपनि
शाहवंश अझै लामो इतिहास भयो अनि ।
(१३०)
शाहको कुलमा पृथ्वीनारायण अझै अनि
देखिए वीचमा यौटा दिनका सूर्य झैं बनी
उनको प्रतिभालाई काव्यमा लेख्न तम्सिदै
कविको लेखनी दौड्यो संसार भरि सम्झिदै ।
(१३१)

### ४.६.२ दोस्रो शृङ्खला

हिमाली र पहाडी क्षेत्रको वर्णनबाट सुरु भएको यो शृङ्खलामा छ वर्षका पृथ्वीनारायण शाह गोरखनाथ योगी समक्ष पुगेका गोरखनाथ सँगै दही मागेको उनले हातमा छादिदिएको र खान ढिपी गरेको, पृथ्वीनारायणले घिनाएर फ्याँकेको र पाउमा लाग्दा टेकेजती तिम्रै होस भनी वरदान दिएको कुरा पनि यस सर्गमा समेटिएको छ ।

पृथ्वीनारायण शाहको हेमकर्णकी पुत्रीसँग विवाह, दाईजो नमिलेर दुलही त्याग र पछि दुलही लिएका, राजा भइसकेपछि यो साना-साना राज्य जोडी विशाल राज्य बनाउने सपना त्यसैका लागि आफू मरिमेटेर लागेको कुरा पनि समेटिएको छ । नरेन्द्रलक्ष्मीसंगको दोस्रो विवाह दरवारको खुसीयाली र युद्धको तयारीकै सेरोफेरोमा यो शृङ्खला रुमल्लिएको छ ।

राजा भएर राज्यमा भिक्षा बुझाएर बस्नुभन्दा जोगी भएर बस्नु निको त्यसैले राज्य विस्तार गर्नै पर्छ भन्ने दृढ सङ्कल्प मनमा लिएका पृथ्वीनारायण शाहले युद्धको योजना बनाई रणनीति समेत तयार गरी दरवारका सम्पूर्ण भाइभारदारहरुसँग सरसल्लाह लिन्छन् । एकैचाटी नभएर एकपछि अर्को राज्यमा आक्रमण गर्नुपर्छ भन्ने योजना बनाएपछि यो शृङ्खला समाप्त भएको छ । सर्गान्तमा छन्द परिवर्तन भएको छ ।

जीवनी भित्रको यौटा
पैलो श्रेणी विताउँदै
क्रमैले खुड्किलामाथि
टेकी पाउ चलाउँदै ।
(८८)

इंटाका टुकुरा जोडी
पैलो श्रेणी विताउँदै
विशाल राष्ट्रका निम्ति
लागे पृथ्वी त्यसै गरी ।
(८९)

उपजाति छनदका ८७ वटा श्लोक पछि सर्गान्तका २ श्लोक अनुष्टुप लेखिएका छन् । छन्द परिवर्तनले सर्ग परिवर्तनको सङ्केत गरेको छ ।

### ४.६.३ तेस्रो शृङ्खला

पृथ्वी नारायण शाहले सङ्घर्षका निम्ति चोर औंलो उठाउदै सेना साथ लिएर अगाडि बढे.सँगै तेस्रो शृङ्खला सुरु हुन्छ । मल्ल राजाहरुको आपसी झैंझगडा पृथ्वीका लाीग राम्रो बन्छ । पटक पटक गर्दै नुवाकोट जितेसँगै अगाडि बढेको नेपालको एकीकरण पूर्वमा टिष्टा हुँदै दक्षिणको गङ्गा नदी, उत्तरको हिमालय र पश्चिमको टाडीसम्म पुग्छ । जसका लागि बिराज बखेतीको राम्रो सल्लाह थियो भने पृथ्वीले काशी पुगेर युद्धका लागि हतियार लिएका थिए । युद्धकै समयमा पुत्र जन्मेको खबर सुनेका पृथ्वीनरायण शाहले बहादुर शाह नाम राख्छन् यसरी अभ्युदय साथको पुत्र प्राप्तिले यो सर्ग अगाडि बढको छ ।

अङ्ग्रेजसँगैको युद्धमा उनीहरुको पराजयलाई यसरी समेटिएको छ ।

गोर्खाली नदीमा आई<br>
चिप्लेको माछा सरि लडे<br>
बाँचेकाहरु चैं भागी<br>
दक्षिणी भेगमा पुगे  (**पृष्ठ-५७, श्लोक ५६**)

सिन्धुली, धुलिखेल, साँगा, कीर्तिपुर, काठमाण्डौ, पाटन, भादगाउँ, कास्की, नुवाकोट, भिर्कोट, रिसिङ्ग,, घिरिङ्ग, पैयूयै, धुँवाकोट, जस्ता ठाउँमा विजयी हाँसिल गरेको वर्णन पनि तेस्रो श्रृङ्खलामा गरिएको छ ।

यसरी नेपाल एकीकरणको काम सुरु गरी आफ्ना सन्तानले यसलाई पूरा गरिदिउन् भन्ने चाहाना राखेका पृथ्वी नारायण शाहको पनि स्वर्गारोहण हुन्छ र यो सर्ग पनि समाप्त हुन्छ । सर्गान्तमा यसरी छन्द परिवर्तन गरिएको छ ।

मनपरिधि घुमाई लालसा मै लिएथे

गगनसरी उठेको भावना मै दिएथे ।

अब अगि पथ जोड्ने काम यो वंशलाई

सुपरिचत गराए स्वर्गका द्वारलाई ।

(८१)

अनुष्टुप छन्दका ८० ओटा श्लोक भएको तेस्रो श्रृङ्खलाको सर्गान्तको एउटा श्लोक मालिनी छन्द को छ र पृथ्वी नारायण शाहको देहावसानसँगै यो श्रृङ्खला समाप्त भएको छ ।

### ४.६.४ चौथो श्रृङ्खला

धेरै नायकहरु भएको यो महाकाव्यको चौथो श्रृङ्खलाका नायक प्रताप सिंह शाह हुन् । बाबुको इच्छा पूरा गर्ने चाहाना भएका तर सामर्थ्य नभएका उनी कमजोर नायक सावित भएका छन् तर राजकुमार बहादुर शाहले नायकको भूमिका निर्वाह गरेका छन् ।

नाम मात्र प्रताप भएको तर ताप नभएको नाममा सिंह भएपनि कडा नभएका र दरवारमै सानो किचलो निकालेर त्यसैमा अल्झेका रुढीवादी सोचका प्रतापसिंहको यो सर्गमा वर्णन गरिएको छ । तर पाल्पाका राजा मुकुन्दको छोरी तेजस्विनी थिइन् उनको सौन्दर्यमा प्रतापसिंह मोहित भएको र रानी वीरङ्गना भएको यथार्थ पनि यो सर्गमा उल्लेख गरिएको छ । तर नारीका अघिल्तिर पुरुषले घुँडा टेक्नुपरेको र दाजुभाइमा फुट-कलह र झैझगँडा भएको वर्ण यसमा छ । कहिले हर्ष र कहिले विस्मतका साथ यो सर्ग अगाडि बढेको छ ।

कतै जन्म्यो बडो हर्ष

कतै विस्मय, विकृति

हर्ष विस्मयका पोका

बन्न थाले जनश्रुति । (**पृष्ठ ७३, श्लोक ५३**)

आपसी कलह झगडा र किचलोमै अल्झिएर जम्मा ३४ महिना शासन गरेपछि प्रतापसिंह शाहको पनि पतन भएको छ र सर्ग समाप्त भएको सर्गान्तमा बालखलाई राज्य सुम्पेर राजा स्वर्गे भएको वर्णन गरिएको छ ।

समय गति सुधार्ने भावना जो लिएथे

परिजन सबलाई शुद्ध आत्मा दिएथे ।

तर पनि सपना झै के भयो । के भयो खै !

शिशु सुतसित छोडे गर्नु पर्ने सबै नै ।

अनुष्टुप छन्दका ५९ वटा श्लोक सहितको चौथो श्रृङ्खला को अन्तमा एउटा श्लोक मालिनी छन्दमा रचना गरिएको छ ।

### ४.६.५ पाँचौ श्रृङ्खला

अढाई वर्षको रणबहादुर शाहको काँधमा बहादुर शाह र राजेन्द्र लक्ष्मीको नायवीमा शुरु भएको राजकाजबाट पाँचौ श्रृङ्खला सुरु भएको छ । राजा बालखै र राज्यसहायकको आपसी खिचातानी कै वरिपरि पाँचौ श्रृङ्खला अल्झिएको छ । पिताको नेपाल राज्य विस्तार गर्नुपर्ने बहादुर शाहको भनाई र तत्कालका लागि राज्य विस्तार बन्द गर्नुपर्ने राजेन्द्रलक्ष्मीको भनाई आपसी मनमुटाव, कलह, वैमनस्यमै यो सर्ग अगाडि बढेको छ । राजेन्द्रलक्ष्मीको निरङ्कुशता, भारदारको हत्या र बहादुर शाहको नजरवन्दमा यसको नायक हुनु पर्ने रणबहादुर शाहको बालापनमा एकीकरणको काममा पूर्ण बिराम लाग्छ र टिष्टा र काङ्गडामा नेपालको सीमाना रोकिन्छ ।

राजेन्द्रलक्ष्मीको मृत्युपश्चात नायकले नायवी हातमा लिन्छन् । यो सर्ग नायकभन्दा पनि नायिकाको वरिपरि घुमेको देखिन्छ । दरवारमा प्रपञ्च, जाल, झेल मात्र रहेको पुष्टी हुन्थ्यो ।

विषालु सर्पले बास

गरे झैं घरद्वारमा

भित्रि भार्दारको राज

देखियो दरवारमा । **(पृष्ठ ८८, श्लोक ६३)**

नायिका अर्थात् राजेन्द्रलक्ष्मीको पतनसँगै यो सर्गको अन्त्य भएको छ । इतिहासकारहरुले यो पर्वलाई रानी पर्वको संज्ञा पनि दिएका छन् । अर्थात् रानी शक्तिशाली भएको अवस्था छ । महाकाव्यकारले पाँचौ सर्गमा नायिकाको भूमिकालाई उल्लेख्य महत्व दिएका छन् ।

### ४.६.६ छैठौं श्रृङ्खला

देशभक्त, योग्य, कर्मठ व्यक्ति बहादुर शाहलाई आफ्नै दाजु, भाउजू र भतिजाले समेत गिद्ध दृष्टिले हेरे अन्तमा उनको जीवन नै खोटो भयो । देशमा रणबहादुर रवैया र यौनपिपासु भावना र सुन्दरीमा लिप्त हुने महत्वकांक्षाले देश जर्जर बन्दै गएको कुरा यस श्रृङ्खलामा गरिएको छ । नायक रणबहादुरले बैशालु उमेर भरी छानी छानी राम्री र कलिली केटीसंग मस्ती गरेको कुरा यो सर्गमा यसरी उल्लेख गरिएको छ ।

यौनपिपासु भै आफ्नो

इच्छा तृप्ति गराउँथे ।

सुन्दरी युवती सामु

आफू आफै हराउथे । **(पृष्ठ ९३, श्लोक ४)**

राजराजेश्वरी र सुवर्णाबाट पुत्र पैदा नभएपछि रणबहादुरले कान्तिमती ल्याएको सुवर्णाबाट रणद्योत जन्मिए पनि कान्छी रानी कान्तिमतीको पुत्र गिर्वाणलाई राज्य सुम्पेर आफू साधु भएको कुरा यो सर्गमा देखिन्छ । रतिराग र काम वासनाले लिप्त राजाले राजाको क्रम भङ्ग गरी रणोद्योतका सट्टा गिर्वाणलाई राजा बनाएको कुरा तलका श्लोकले पुष्टी गर्दछन् ।

राजाले नसकी छडन
कान्छीको प्रेम वासना ।
छुटाए बलले त्यत्रो
राज्यको क्रम शासना । **(पृष्ठ १०३, श्लोक ५४)**

रणोद्योत थिए जेठा
जन्मले अधिकारमा
किन्तु गिर्वाणले सत्ता
समाले बाल्यकालमा । **(पृष्ठ १०४, श्लोक ५५)**

रानीको मृत्युपश्चात राजा बहुलाहा जस्ता भएका कहिले के कहिले के गर्ने गर्दै हिड्थे । अन्तमा गिर्वाणलाई राज्य सुम्पेर आफूले देह त्याग गरे । सर्गान्तलाई यसरी समेटिएको छ ।

त्यति समय लगाई राज्य विस्तार गर्दै
नरपनि नरनारी शक्तिको खेल खेल्दै
घरपरिधि बनाई पूर्णतामा पुगेथे
अनि पछि हिजडाले गोल गन्धी चुकेथे

(८४)

८३ वटा अनुष्टुप छन्दमा रचना गरिएको यो सर्गमा अविवेकी र कमजोर नायक रणबहादुरको यथार्थ झल्काउदै अन्तको मालिनी छन्दको श्लोक सहित छैठौं श्रृङ्खला समाप्त हुन्छ ।

### ४.६.७ सातौ श्रृङ्खला

कलिलै उमेरमा गिर्वाण युद्ध विक्रम शाह राजा भएको र बाबु वरिपरि घुम्ने तोतेबोलीदेखि सुरु भएको यो शृङ्खलामा रण बहादुर शाहको मृत्युपछि उनले मनपरी भोगेर मस्ती गरेका अठारजना कलीला युवतीको सती गमनको वरिपरि यो सर्ग अल्झिएको छ ।

शिक्षा, ज्ञान, विद्या, बुद्धिले भरिपूर्ण गिर्वाणले आफ्नो शासन अवधिमा सबै राम्रा काम गरे पनि आफ्नै आमालाई जलाएको अर्थात सती पठाएको कारण उनी राम्रा बन्न नसकेको कुरा यसरी उल्लेख गरिएको छ ।

छोटो जीवन कालको समयमा गिर्वाणले जे जति

राम्रो काम गरे तथापी एउटै आमा गएछन् (पठाए हुनुपर्ने) सती

(श्लोक २९ का दुई पङ्क्ति)

अठारजना एउटै चितामा जल्दाको अवस्थालाई महाकाव्यकारले यसरी वर्णन गरेका छन् ।

त्यत्रो ख्यात विशालको महलमा कोठा र चौका सबै

ढाकेर रहने खुला हृदयका राजा र रानी सबै ।

यौटै अग्नि भरी अठार जनाको साझा खरानी हुँदा

कस्तो शून्य भयो त्यसदिन सबै दर्वारमा निस्किदा **(पृष्ठ ११५, श्लोक २७)**

रणबहादुरको साथ थुप्रै रानी सती गएपछि स्थीर बनेको राज्यसत्तमा हैजा लागि गिर्वाण युद्ध विक्रमको पनि कलिलै उमेरमा देहान्त भएको छ र सातौ श्रृङ्खला समाप्त भएको छ । सातौ श्रृङ्खलाको सर्गान्तमा यसरी मेल वेमेलको व्याख्या गरिएको छ ।

नरपति नरनारी मेल बेमेल गर्दै

त्यति समय विताए राज्यको खेल खेल्दै

विधि नीति सबैमा शक्ति भै बढ्न थाल्यो

अनि पछि वर सत्ता पुत्रको काँधमा गो ।

(३६)

शार्दूलविक्रीडित छन्दका ३५ वटा श्लोकमा लेखिएको यो सातौ श्रृङ्खलामा मालिनी छन्दको एउटा श्लोक सहित सर्गान्त गरिएको छ ।

### ४.६.८ आठौं श्रृङ्खला

२४ वर्षको उमेरमा राजेन्द्र राजा भएपछि सुरु भएको यो श्रृङ्खला त्यसैको वरिपरि नै छ । राजेन्द्रको लाछी र कायरपन रानीहरुको आफ्नो पुत्र राजा बनाउने होड भारदारहरुको शक्तिमा पुग्ने होड, राज्य सञ्चालकको एक आपसमा काटोछिनो, अविश्वास आदिको कारणले आफूहरु कमजोर भएको माथवरसिंह थापाको हत्या, गगनसिंह खवासको हत्या, महारानीको गगनसिंह प्रतिको लगाव, जङ्ग बहादुर प्रतिको विश्वास, राजाको हुतियारा, कायर, पानीआन्द्रे, तुले र ख्याउटे कारणले कोतपर्व, भण्डारखाल पर्व मच्चिएको, राजेन्द्रको सत्ताच्यूत, काशीवास, सुरेन्द्रको सत्ता गमन साथै राज्य संस्थाको शक्तिको पतन र जङ्गबहादुर कुँवरको उदय जस्ता कुराहरुको चर्चा यो श्रृङ्खलामा गरिएको छ ।

यत्रो देश चलाउने प्रमुखले नामर्दचाला लिँदा
मायाको करमा समर्पण गरी त्यो राज्य सत्ता दिंदा ।
वैरीको मनखेल चम्किन गयो सर्वत्र बाधा गरी
द्यौता दानव झैँ सबै विचलिए बढै गयो मनपरी । (**पृष्ठ १२३, श्लोक २९**)

कोतमा छलफल भएको बेला जङ्गबहादुरको छद्मभेषी प्रवेशले कोतका व्यक्ति समाप्त पारेको कुरा यसी लेखिएको छ ।

त्यो बेला चतुराईमा बल मिसी बज्रंग सेना लिई
चौतर्फी हतियार साथ बलिया बोकेर घेरा दिई ।
आए छद्म भएर जङ्ग जबरा ती उग्रचण्डीसरी
सिध्याए सब कोतका जनहरु संहार लीला गरी । (**पृष्ठ १२६, श्लोक ४०**)

राजा राजेन्द्र आफ्नै लाछी र नामर्दीपन एवम् फरिया पुजारी भएका कारण स्वास्नीलाई सत्ता सुम्पिदाको दुर्गती भोगेर ज्यूँदै मरेझैं पेरुङ्गो भित्र थुनिएको कुखुरो झै बाँचेका थिए, उनको हुतिहारापनको वर्णनसँगै यो श्रृङ्खला समाप्त भएको छ । सर्गान्तका महाकाव्यकार यसरी लेख्छन् ।

विधि नियति बनेको मेटन को सक्छ होला
नरमुकुट भिरेको शक्तिको खेल बेला ।
वरिपरि जन आई गिद्ध झैं हेर्न थाले
नरपति घरभित्रै बन्द झैं पारिहाले ।

शार्दूलविक्रीडित छन्दका ६० वटा श्लोक भएको आठौँ शृङ्खलाको सर्गान्तमा मालिनी छन्दको एउटा श्लोक छ । जङ्गबहादुरको उदय र राजेन्द्र शाहको पतन सँगै आठौं श्रृङ्खला समाप्त भएको छ ।

## ४.६.९ नवौं श्रृङ्खला

सुरेन्द्रको बौलट्टीपन र जङ्गबहादुरको भलादमीपन स्वाठ, मूर्ख एवम् कुबुद्धीका सुरेन्द्र र दीर्घकालसम्म सोच्न सक्ने जङ्गबहादुरको खुवी, विस्तारै नाम मात्रको राजा, सबै अधिकार बोकेको प्रधान मन्त्री आदेश, शासन, सत्ता र हुकुमी जङ्गबहादुरको र पिजँडाको सुँगा जस्तो सुरेन्द्रको अवस्था भएको चर्चा यो सर्गमा गरिएको छ ।

जङ्गबहादुरको हतारमा हामफाल्ने, धरहराबाट हाम फाल्न, बाघ थुन्ने जस्ता कार्यले एकातिर सुरेन्द्र मोहित थिए भने अर्कातिर गगन सिंह खवासको मृत्यु महारानीको पागलपन कोतपर्वको हत्याकाण्ड जङ्गबहादुरको बागडोर यिनै कुराको चर्चा गरिएको छ यो श्रृङ्खलामा पनि ।

नायक कमजोर नायिक भ्रष्ट र कुमतिकी अनि चतुर खलनायकको कारण यो सर्गका नायक हुतिहारा र खलपात्र वीर देखिएको छ । राजेन्द्रको पतन र जङ्गजालोको उदयसहित यो सर्ग समाप्त भएको छ । महाकाव्यकारले सर्गान्तमा जङ्गजालोको प्रभावलाई यसरी दर्शाएका छन् ।

प्रतिदिन गति फेर्दै भाग्यले खेल खेल्दा
उसपछि सब नेता लाम लागेर भुल्दा
सहजसित भएथ्यो वंशको तेज सुस्त

अनि पछि अझ फैल्यो जङ्गजालो प्रशस्त

अनुष्टुप छन्दमा रचना गरिएको यो शृङ्खलामा ७७ वटा श्लोक अनुष्टुप छन्दका छन् भने सर्गान्तमा मालिनी छन्दको एउटा श्लोक छ र नवौं शृङ्खलामा समाप्त भएको छ ।

### ४.६.१० दशौं शृङ्खला

युवराज त्रैलोक्यको जोश, जाँगर, बहादुरी, तीक्ष्ण बुद्धि, धैर्यता, वीरता साथै उनको जन्ममा भएको सुरेन्द्रको हर्ष, युवराज त्रैलोक्यको योजना, नीति, एवम् राणाहरुलाई परास्त पार्ने त्रैलोक्य प्रतिको राणनीति , सुरेन्द्रको नीतिप्रतिको मोह, त्रैलोक्य प्रतिको राणाको गिद्धेदृष्टि, हत्याको योजना, पृथ्वी वीर विक्रमको राणाहरुको दृष्टि आदिको चर्चा रहेको दसौं शृङ्खलामा राणहरुकै हाली मुहाली देखाएको छ ।

युवराज छँदै त्रैलोक्यको हत्याले शोकमग्न भएको राजसंस्थामा पृथ्वी वीर विक्रमको राज्य रोहणले हर्ष थपेको छ । हर्ष, खुसी र विस्मातको वरिपरि रहेको यो शृङ्खलामा सुरेन्द्र त्रैलोक्य तथा पृथ्वी सबैको देहान्त भएको छ । त्रिभुवनको जन्मले महाकाव्यको पुत्र प्राप्ति पनि देखाएको छ । पृथ्वी वीर विक्रमको देहान्तमा समाप्त भएको यो शृङ्खलामा त्रिभुवनको आगमनको सङ्केत गरिएको छ । सर्गान्तमा महाकाव्यकार यस्तो लेख्छन् ।

नियत अति गरेको दुष्टको कर्मलाई
नयन पर पठाई स्वच्छता भर्नलाई
हर किसिम गरेथे राष्ट्रवादी मिलेर
अयन अझ घुमे ती कष्टकारी बनेर ।

अनुष्टुप छन्दको प्रयोग गरिएको यो शृङ्खलामा ८० वटा श्लोक अनुष्टुप छन्दका छन् भने एउटा मालिनी छन्दको श्लोक सहित सर्ग अन्त गरिएको छ ।

### ४.६.११ एघारौं शृङ्खला

त्रिभुवन राजा भएपछि सुरु गरिएको यो शृङ्खलामा चन्द्र शम्शेरको कुरो यसमा ल्याईएको छ । जङ्गबहादुर रणोदीप सिंह, वीर शम्शेर, देव शम्शेर, भीम शम्शेर, जुद्ध शम्शेर र

मोहन शम्शेर आदिको चर्चा गरिएको छ । राजा भएर बन्दी जीवन बिताउन परेको तीतो यथार्थलाई सहन नसकी मनमा जरैदेखि राणा शासन उखेलेर फ्याँक्ने दृढ सङ्कल्प गरेका त्रिभुवनले नेपाली जनता र छिमेकी राष्ट्र भारतको सहायताले १०४ वर्षीय जहानिया कालो शासनको अन्त्य गर्न सफल हुन्छन् । जसले गर्दा त्रिभुवन वास्तवमै नायक मानिन्छन् ।

गङ्गा लाल, दशरथ चन्द्र, धर्मभक्त र शुक्रराज जस्ता महान  हत्या व्यक्तिको गरेपछि अझै वितण्डा मच्च्याउन अघि सरेको राणा शासनको नैतिक पतन भएको र जनताको जीत भएको सम्झदै राजनीति पार्टी खोलेको कुरा पनि यो सर्गमा गरिएको छ ।

खोले पार्टी विविध गतिका नामले काम गर्ने
नेपालीका मनवचनको शक्ति भै शोक हर्ने
झण्डा भन्थे फरफर गरी योजना गर्नलाई
आफ्ना-आफ्ना गमन पथको कर्ममा जानलाई । (**पृष्ठ १७१, श्लोक ३६**)

त्रिभुवन राष्ट्रवादी बनेका बुद्ध, गान्धी समान भएका र त्रिभुवनको देहान्त पश्चात सर्ग समाप्त भएको छ । सर्गान्तमा महाकाव्यकारले यसरी छन्द परिवर्तन गर्छन ।

कविवर कविताको शृङ्खला दह गर्दै
भुवनपति भएको शोक सन्देश कोर्दै
कलम अघि बढ्यो शृङ्खला फेर्नलाई
नवपतितिर फर्क्यो जीवनी लेखनलाई

५६

५६ वटा मन्दाक्रान्ता छन्द्का श्लोक लेखिएको यो शृङ्खलाको सर्गान्तमा मालिनी छन्द्को प्रयोग गरिएको छ ।

### ४.६.१२ बाह्रौं शृङ्खला

राजा महेन्द्रको इन्द्रराज्यसँगको विवाह, उनको राज्य रोहण शान्ति, शारदा, वीरेन्द्र, ज्ञानेन्द्र, शोभा र धीरेन्द्रको जन्म इन्द्रराज्यको देहान्त र रत्नासँगको विवाहको चर्चा यो सर्गमा गरिएको छ, साथै गाँउ फर्क अभियान, म मरे पनि मेरो देश बाँची रहोस भन्ने भावना जस्ता कुराले पनि महेन्द्र राम्रा व्यक्ति थिए भन्ने कुराको पुष्टि यो सर्गमा छ ।

२००७ सालको प्रजातन्त्रलाई २०१७ सालमा अङ्कुश लगाएको सक्रीय राजनीतिमा सामेल भएको राजनीतिका दलहरुमाथि प्रतिबन्ध लगाई निर्दलीय व्यवस्था ल्याएको, जनमतमाथि कुठाराघात गरेको जनचाहानामाथि लात हानेको जननिर्वाचित सरकार भङ्ग गरेका जस्ता महेन्द्रका कमी कमजोरीलाई पनि यस सर्गमा समेटिएको छ ।

'उसैको लागि', 'फेरि उसैको लागि' 'राराकि अप्सरा' हे वीर हिँड जस्ता कृतिहरु प्रकाशन गरी साहित्य तर्फ विशेष रुचि रहेको भन्ने यथार्थलाई समेट्नुका साथै स्कूल र कलेज खोल्नमा पनि महेन्द्रको विशेष योगदान रहेको कुरा यसरी चर्चा गरिएको छ ।

विश्वविद्यालय प्राज्ञ

क्षेत्रको रचना गरे

योजना तर्जुमा गरे

खोल्न नै घोषणा गरे । (**पृष्ठ ११८, श्लोक ६२**)

पूरै महेन्द्रकै सेरोफेरोमा रहेको यो शृङ्खला महेन्द्रको राज्य भिषेकबाट सुरु भई पुत्र प्राप्त हुँदै अन्त्यमा उनकै देहान्तमा समाप्त हुन्छ । सर्गान्तमा यसरी लेखिएको छ

लिए त्यस्तो छोटो समय परिधि प्राप्त उनले

गरे जे जे गर्ने नियम सित आफ्नै नियति ले।

भयो यौटै साझा सफल उनको कर्म करमा

पुगे छाडी सत्ता त्यसपछि उनी स्वर्ग पुरमा ।

(१४०)

१३९ वटा अनुष्टुप छन्दमा लेखिएको यो शृङ्खलाको सर्गान्तमा शिखरिणी छन्दको श्लोक प्रयोग गरिएको छ ।

### ४.६.१३ तेह्रौं शृङ्खला

शाह वंशको यति लामो कालखण्डमा एकमात्र शिक्षित अध्ययनशील एवम् कुटनीतिज्ञ व्यक्ति वीरेन्द्रको राज्यरोहण दीपेन्द्र, श्रुति र निराजनको जन्म, जनचाहना अनुसारको शासन पद्धति बहुदल वा निर्दलको रोजाई उनका पिता महेन्द्रले खोसको प्रजातन्त्र फिर्ता विश्वका राष्ट्रहरुसँग राखेको शान्तिक्षेत्रको प्रस्ताव जस्ता कुराहरुलाई तेह्रौं शृङ्खलामा चर्चा गरिएको छ ।

वीरेन्द्रको वंशै सखाप गर्ने गरी भएको नरसंहारको पनि यसमा चर्चा गरिएको छ तर कसले नरसंहार गऱ्यो भन्ने कुरामा भने महाकाव्य मौन देखिन्छ ।

त्यो बेला त्यस ठाँउमा भटभटी आवाज आयो अरे
बुझ्नै क्यै नसकी चुनेर जनको संहार पारेछ रे
राजा राजकुमार राज महिर्षी छोरा र छोरी अरु
कान्छो भाई समेतमा भटभटी हानेर गोलीहरु (**पृष्ठ २१२ श्लोक ३५**)

त्यो बेला त्यसरी त्यहाँ किन भयो ? कसको थियो कर्तुत
भन्ने बोध कुनै भए घटना मात्रै भयो अर्तित
मान्छे क्वै नमिली स्वचालित नयाँ दोषी भयो बन्दुक
त्यो यौटा जडयन्त्रमै किन भने ? दोषी नमानी धक । (**पृष्ठ २१४, श्लोक ४५**)

वीरेन्द्र सम्पूर्ण वंश समाप्त भएको जेष्ठ पुत्र दीपेन्द्र अचेत अवस्थामा रहेको घटनाको वर्णन गर्दै तेह्रौं शृङ्खला समाप्त भएको छ । सर्गान्तमा महाकाव्यकारले वंशको विनाशको चर्चा यरी गरेका छन् ।

कति समय लगाई देशमा योजना भो
नरपति अघिसर्दै, शान्तिको साधना भो ।

हर किसिम विचारी गर्न थाले प्रयास
यति फल पछि पाए वंशको नै विनाश ।

(६०)

उनन्साठीवटा शार्दूलविक्रीडित छन्दमा रचना गरिएको यो शृङ्खलाको अन्तिम श्लोक सर्गान्तको छन्द परिवर्तनको नियमानुसार मालिनी छन्दको प्रयोग गरिएको छ ।

## ४.६.१४ चौधौँ शृङ्खला

अचेत अवस्थामै दीपेन्द्र राजा भएको काका ज्ञानेन्द्र राज्य सहायक भएको अचेत अवस्थामै उनका राज्यका सम्पूर्ण पद्धतिहरु पूरा गरेको र दीपेन्द्रले राज्यको सुख भोग गर्न नपाएको जनता स्तब्ध भएका दीपेन्द्रले राजा भएको महशुससम्म नगरी स्वर्ग भएको कुरा चौधौँ शृङ्खलामा चर्चा गरिएको छ । सर्गान्तमा महकाव्यकार लेख्छन् ।

विधि पनि किन कालो भैदियो नग्न बन्दै
समय पनि कुदेरै गै गयो अन्त अन्तै
प्रतिपल सपनाको साधन गर्न थाले
सुरपुरतिर आफ्नो वंशलाई उकाले ।

(६५)

दीपेन्द्रसंगै राजा वीरेन्द्रको सम्पूर्ण वंशै सखाप भएको चर्चा गरिएको यो श्रृङ्खलामा ६४ बटा अनुष्टुप छन्दका श्लोक छन् भने सर्गान्त श्लोक भने मालिनी छन्दमा गरिएको छ ।

## ४.६.१५ पन्ध्रौँ शृङ्खला

राज्य सहायकबाट ज्ञानेन्द्र राजा भएको आफू राजनीतिमा सक्रिय भएको गाउँघर सबै घुमी राजा विष्णुको अवरतार भएको र धर्म स्थापना गर्नु पर्ने भावना व्यक्त भएका जस्ता कुराको यो श्रृङ्खलामा चर्चा गरिएको छ ।

अस्थीर राजनीति, ज्ञानेन्द्रको सक्रीय राजनीत जनविद्रोह भीषण जनआन्दोलन, सत्ता पलट, राजसंस्थाको विधिवत समाप्त र गणतन्त्रको स्थापना जस्ता कुराहरु समेटिएको यो सर्गमा नेताहरुको आपसी खिचानातीले ल्याएको आतङ्क भाषा र जातिमा ल्याएको विभेदले महाकाव्यमा यसरी प्रस्तुत गरिएको छ ।

जाति भाषा सबै साझा

रीति पर्व-परम्परा

अहिले राजनीतिले

बनेका छन् चिरा-चिरा (**पृष्ठ २४८, श्लोक ८२**)

राजसंस्थासंगै धर्म र दर्शन समेत पूर्ण रुपमा समाप्त भएको कुरालाई महाकाव्यमा यसरी समेटिएको छ ।

अब आई यहाँ गर्ला

कसले ? धर्म दर्शन ।

बुझी यो कर्मका मोल

युद्धलाई विसर्जन (**पुष्ठ २४९, श्लोक ८७**)

ज्ञानेन्द्र शाहको सक्रीय राजनीति उनका विरुद्ध गरिएको जनआन्दोलन उनी लगाएत राजसंस्थको पतनको चर्चा गरिएको यो अन्तिम अर्थात पन्ध्रौं श्रृङ्खलाका ८७ वटा श्लोक अनुष्टुप छन्दका छन् भने महाकाव्यकै अन्तिम एक श्लोक भने यस्तो छ जुन शिखरिणी छन्दमा रचना गरिएको छ ।

थिए जल्दा बल्दा नरपति सबै पूर्वजहरु
थियो बेला त्यस्तै अनि सब मिलेथे जनहरु ।
चली आयो सत्ता सहजसितले वंशवरमा

पुगीहोला भोग त्यसपछि गयो सर्वनजमा ।

(८८)

## ४.७ शाह-शृङ्खालामा प्रयोग भएका रसहरु

### ४.७.१ श्रृङ्गार रस

संस्कृतका आचार्यहरुले नवरसमध्ये श्रृङ्गाररसलाई सर्वाधिक महत्व दिँदै रसराज मानेका छन् । यस रसलाई प्रधानता दिई रचिएको साहित्यमा नारी-पुरुषका बीचको भौतिक-आध्यात्मिक-मानसिक प्रेम-सम्बन्ध एवम् आकर्षण-विकर्षण, सहज-स्वाभाविक वा नैसर्गिक कामेच्छाको प्राप्ति-अप्राप्ति आदिको अभिव्यक्ति पाइन्छ । सहृदयको अन्तर्मनमा वासना वा संस्कारका रुपमा सुषुप्त अवस्थामा अवस्थित रति स्थायीभावलाई रसवस्थासम्म पुऱ्याई सहृदयलाई अलौकिक आनन्द प्रदान गर्ने रचनालाई श्रृङ्गाररसप्रधान रचना भनिन्छ ।

श्रृङ्गगारसरको स्थायीभाव रति हो । रतिको अर्थ हुन्छ - नारी-पुरुषमा अन्तर्निहित एक-अर्काप्रतिको सहज-स्वाभाविक आकर्षण, असक्ति, प्रेमभाव वा कामेच्छा । यही रति स्थायीभाव विभावादिको संयोगबाट परिपुष्ट-परिपक्व आवस्थामा पुगेपछि श्रृङ्गारारसको निष्पति हुन्छ ।

#### ४.७.१.१ संयोग वा सम्भोग श्रृङ्गार रस

संयोग वा सम्भोग श्रृङ्गाररसको अभिव्यक्ति भएको रचनामा नायक-नायिकाका बीचको शारीरिक-आध्यात्मिक प्रेम-सम्बन्ध, आपसी प्रेमलाप, मिलन, आपसी आकर्षण तथा सम्पर्क, कामेच्छाको प्राप्ति आदिको चित्रण पाइन्छ ।

#### ४.७.१.२ वियोग वा विप्रलम्भ श्रृङ्गार रस

वियोग वा विप्रलम्भ श्रृङ्गाररसको अभिव्यक्ति भएको रचनामा नायक-नायिका बीच वैयक्तिक, सामाजिक वा अन्य कुनै बाधा-बन्धनका कारण प्रेमसम्बन्ध कायम हुन नसकेको

अथवा पूर्वस्थापित प्रेम-सम्बन्ध बीचैमा पूर्णत वा अंशत-टुट्न गई नायक-नायिकमा बीच विछोड-वियोग भएको स्थितिको वर्णन पाइन्छ ।

कान्छी कान्तीमति रानी राजाका चितामा परी
भई बस्थिन् सदा साथ वासन्ती बासना छरी (**पृष्ठ १०६, श्लोक ६८**)

यसमा राजा-रानीको प्रेम रति स्थायी भाव हो । राजा र रानी एक अर्काका अलम्बन हुन् । प्रेम पूर्ण अनुभाव हो । बासस्थान (बास्थिन) उद्दीपन र वासन्ती वासना छर्नु आदि सञ्चारी भाव हुन् ।

### ४.७.२ करुण रास

संस्कृतका आचार्यहरुले श्रृङ्गाररसलाई रसराज भनी सर्वोपरी स्थानमा रखे पनि करुणरसलाई समेत त्यतिकै महत्व प्रदान गरेका छन् । मानवीय जीवन सुखभन्दा पनि बढी दुःखद भएकाले दुःख वा करुणाको अनुभव भावुक एवम् कोमल हृदय भएको व्यक्तिले मात्र नभएर चोर-हत्याराजस्ता कठोर-पाषण-हृदय भएको व्यक्तिले समेत गर्ने भएकाले करुणरसलाई अन्यन्त व्यापक, लोकप्रिय एवम् मर्मस्पर्शी मानिएको छ ।

करुणरसको स्थायीभाव शोक हो । शोकको अर्थ हुन्छ-इष्टको नाश र अनिष्टको प्राप्ति, स्वजन-प्रियजनको मृत्यु वा दुःखद अन्त्य, वैभवको क्षति आदिजस्ता अवस्थाबाट उत्पन्न दुःख-पिडा वा विरह-वेदना । यही शोक स्थायीभाव विभावादिका कारण परिपुष्ट अवस्थामा पुगेर करुणरसका रुपमा अभिव्यक्त हुन्छ । यसरी जुन काव्य-कृतिले सहृदयको अन्तर्मनमा वासना वा संस्कारका रुपमा सुषुप्त अवस्थामा रहेको शोक स्थायीभावलाई जगाएर रसावस्थासम्म पुऱ्याई सहृदयलाई अलौकिक आनन्द प्रदान गर्छ, त्यसैलाई करुणरसप्रधान कृति भनिन्छ ।

त्यत्रा सैन्य थिए तथापि कसरी दर्बार खाली भयो
सारा स्तब्ध भयो विशाल जनमा आवेग बढ्दै गयो ।
कोही बोल्नसम्मै सकेन नबुझी गाला भिजाई कन
रुन्थे आँसु बगाउँदै सवजना भक्कानिदै झन्झन् । (**पृष्ठ २१४, श्लोक ५३**)

यसमा शोक स्थायी भाव हो । दर्बार खाली हुनु (राजवंश समाप्त हुनु) आलम्बन विभाद, राजदरबारको स्मरण गराउने चीज (राजारानीलाई सम्झाउने चीज) उद्दीपन विभाव र चिन्ता व्यभिचारी भाव हो ।

### ४.७ ३ वीर रस -

वीररसको स्थायीभाव उत्साह हो । उत्साहको अर्थ हुन्छ - कुनै कार्य गर्न प्रेरित गर्ने वा प्रवृत्त तुल्याउने मानवीय मनको एक उल्लासपूर्ण भाव । वास्तवमा शत्रुको हाँकको सामना गर्न, कसैलाई अमूल्य दान दिएर कृतार्थ तुल्याउन, दुःख-दुर्दशा वा सङ्कटमा परेकाको उपकार गर्न, आफ्नो जाति र राष्ट्रको स्वार्थ हुने एक किसिमको साहस, उल्लास, दृढता, स्फुर्ति, तत्परता वा आँटलाई उत्साह स्थायीभाव भनिन्छ ।

ती अस्त्र साथमा राखी शैन्य विश्वासमा लिई

नुवाकोट तिरै लागे हुँकार युद्धको गरी (**पृष्ठ ५०, श्लोक २३**)

यसमा उत्साह स्थायी भाव हो । नुवाकोटे शत्रु आलम्बन विभाव, तिनका क्रियाकलाप उद्दीपन विभाव, सैन्य सहायता अनुभाव र गर्व, स्मृति आदि व्यभिचारी भाव हुन् ।

### ४.७.४ शान्त रस

निर्वेद शान्तरसको स्थायीभाव हो ; जसको अर्थ हुन्छ - सांसारिक विषयवाससना ; भौतिक सुख-दुःख, धन-सम्पत्ति, माया-मोह, मान-सम्मान आदिबाट पृथक भई आन्तरिक वा अध्यात्मिक परमानन्दमा लीन हुनका निम्ति परमार्थतर्फ उन्मुख हुँदा मानवीय अन्तर्मनमा उत्पन्न हुने एक किसिमको वैराग्य-भाव । काव्य-कृतिमा वर्णित यही स्थायीभाव रसावस्थामा पुगी आस्व द्यबनेपछि शान्तरसको निष्पत्ति हुन्छ ।

तयी बस्थे महायोगी शशिधर मरासिनी

थिए शास्त्रज्ञ साधुमा धामका गहना उनी (**पृष्ठ-१०६, श्लोक ६५, ६६**)

यसमा निर्वेद (वैराग्य) स्थायी भाव हो । निः सार संसार र परमात्मा आलम्बन विभाव, शास्त्र निर्णय उद्दीपन विभाव, सात्वीक भाव अनुभाव र विरक्ति व्यभिचार भाव हुन् ।

उनैको साथमा आई खरानी रागले घसे

राज्य त्याग गरी साधु निर्वाणानन्द भै बसे ।

यसमा पनि वैराग्य स्थायी भाव, निस्सार संसार र परमात्मा आलम्बन विभाव, शशिधरको सङ्गत र तीर्थस्थल उद्दीपन विभाव र यस्ता विभावहरुबाट उत्पन्न सात्वीक भाव

## महाकाव्यभित्र यी रसहरुको प्रयोग गरिएको छैन

**हास्यरस**

संस्कृतका आचार्यहरुले हास्यरसलाई श्रृङ्गार, करुण र वीररसहरुका तुलनामा अलि कम महत्व दिए पनि अन्य रसका सापेक्षतामा यो रस सर्वाधिक सुखात्मक एवम् विनोदात्मक हुने भएकाले साहित्यमा यस रसको अस्तित्वलाई पनि त्यतिकै महत्व दिनुपर्ने हुन्छ ।

हास्यरसको स्थायीभाव हाँसो हो, जसको अर्थ हुन्छ - अनौठो विकृत वा विकारयुक्त वाणी सुन्द वा त्यस किसिमको रुप-रङ्ग देख्दा मानवीय मनमा उत्पन्न हुने एक किसिमको सुखद वा मनोरञ्जनात्मक भाव ।

**रौद्ररस**

रौद्ररसको स्थायीभाव क्रोध हो । आफ्नो स्वत्व वा अहम्मा कसैले आघात पुऱ्याउँदा वा कसैले आफ्नो जनधनको असाधारण रुपले क्षति पुऱ्याउँदा आदिजस्ता अवस्थामा मानवीय अन्तर्मनमा उत्पन्न हुने एक किसिमको प्रतिशोधात्मक एवम् उत्तेजनापूर्ण मनाविकारलाई नै क्रोध स्थायीभाव भनिन्छ ।

**भयानकरस**

भय स्थायीभावाट भयानकरसको निष्पत्ति हुन्छ । कुनै डरलाग्दो दृश्य, घटना, वस्तु, प्राणी वा अन्य त्यस्तै कुरा देख्दा अथवा त्यस्ता कुराहरुका बारेमा सुन्दा-पढ्दा मानवीय अन्तर्मनमा उत्पन्न हुने एक किसिमको भाव वा मनोविकारलाई भय स्थायीभाव भनिन्छ ।

**अद्भुतरस**

अद्भुतरसको स्थायीभाव विस्मय हो । विस्मयको अर्थ हुन्छ - कुनै चमत्कापूर्ण एवम् अलौकिक किसिमका अथवा असामान्य खालका पात्र, वस्तु, दृश्य आदि देख्दा वा त्यस्ता कुराहरुका बारेमा सुन्दा-पढ्दा मानवीय मनमा उत्पन्न हुने एक किसिमको आश्चार्य भाव । यही सथीभाव काव्य-कृतिमा बर्णित विभावादिका कारण रसावस्थामा पुगी आस्वाद्य बनेपछि अद्भुतरसको निष्पत्ति हुन्छ ।

**बीभत्सरस**

जुगुप्स बीभत्सरसको स्थायीभाव हो । घृणास्पद पात्र, वस्तु, दृश्य आदि देख्दा वा त्यस्ता कुरा सुन्दा-पढ्दा मानवीय भनमा उत्पन्न हुने एक किसिमको उद्वेग वा घुणा-भावलाई जुगुप्सा स्थायीभाव भनिन्छ । सहृदयको अन्तर्मनमा वासना वा संस्कारका रुपमा अवस्थित यही स्थायीभाव काव्य-कृतिमा वर्णित विभावादिका कारण रसावस्थामा पुगी आस्वाद्य बनेपछि सहृदयमा विभत्सरस उत्पन्न हुन्छ । अलौकिक आनन्दको भाव सञ्चार हन्छ । या रोमाञ्च व्यभिचारी भाव हुन् ।

## ४.८ शाह-शृङ्खला महाकाव्यमा प्रयोग भएका अलङ्कार

**अलङ्कार परिचय :**

अलङ्कार भनेको काव्यको सौन्दर्य-सिर्जनाको मूल कारक तत्व हो । वस्तवमा उक्तिको विशेष चमत्कार भन्नु नै अलङ्कार हो । अर्को शब्दमा भन्ने हो भने शब्दअर्थको माध्यमबाट काव्यमा सौन्दर्य, शोभा वा चमत्कार उत्पन्न गर्ने वा काव्यको आन्तरिक तथा वाह्य सौन्दर्य बढाउने साधन-उपकरणलाई अलङ्कार भनिन्छ ।

### ४.८.१ सम्भावना अलङ्कार - पृष्ठ २४०, श्लोक ४४

पर्खौ, पर्खौ अझै पर्खौ त्यो दिन पनि आउला ।
जसले भनेको लड्डु बनाएर खुवाउला । (**पृष्ठ १६७, श्लोक १७**)

ठूला हेर्थे शरहभरिका गाउँ कोही गएन
जोडा मिल्ने यस मुलुकमा मिल्न सक्ने भएन
मिल्थे होलान् वरपर कतै गाउँमा पस्न पाए
दिन्थे होलान् सुख सयलमा राजपत्नी बनाए । (**पृष्ठ ६१, श्लोक ७८**)

यदी सच्चा कुनै भावी सन्तान भैदिएभने
महान बाबुको इच्छा हो भन्ने सम्झिए भने । (**पृष्ठ-६१, श्लोक ७९**)
बुन्लान कि एकता साझा चौतारी इष्टिकाहरु
जोरेर वरका बोट लगाउन अझ बरु ।

### ४.८.२ संशयालङ्कार

त्यस्को प्राण थियो कि वा भटभटी आवाज मात्रै थियो
त्यस्को होस थियो कि वा प्रलय झै ती ज्यान रोजी लियो ।
त्यस्तो यन्त्र बनउाने पुरुष को ? कोठा र चोटा घुमी
हान्दै शक्ति समाउँदै रुमलिने निर्धक्कतामा जमी ।

(**पृष्ठ २१४, श्लोक ४६**)

या मान्छेसरिको बलिष्ट हुन गै रोबोट जस्तै थियो
प्रेतात्मासरि या सबैतिर घुमी देख्नै नसक्ने थियो
हावाको गति झै तुरुन्त छरितो सोपान चढने थियो
जे जे होस् उसले सबैतिर पुगी ती प्राण तानी लियो ।

**(पृष्ठ २१४, श्लोक४७)**

### ४.८.३ उपमालङ्कार

कान्छी ती महिर्षी बराबर सँधै षड्यन्त्रकारी भइन् ।
सौतेनी सुकुमारको बध गरी आफ्नो लिउँ भन्दथिन् ।
यस्तो पाप विचार मुञ्चमती झै आवेग आधारमा
बढ्दै गो उनको सबैतिर घुमी दर्बारको हारमा । (**पृष्ठ १२४, श्लोक ३४**)

यसमा मुञ्च राजाको मति र रती लक्ष्मीदेवमा समान साधारण धर्म देखाएको छ । यसमा उपमेय रानी र उपमान मञ्चुको मति समान साधारण धर्म क्रुरमना र वाचक शब्द झै छ । त्यसैले यो उपमालङ्कारको ज्वलन्त उदाहरण बनेको छ ।

ती आत्मा सब बज्र झौँक किन बने आवेग आधारमा
प्रेमी नै सब सिद्धिए सरि हुँदै सम्पन्न संसारमा ।
आमाको बल बुझ्न हो कि अथवा वैरी बखेडापरी
होमे जीवन एकसाथ उनले वर्ष झरेझैँ गरी (**पृष्ठ ११२ को श्लोक ११**)

यसमा आत्मा बज्र झैँ कठोर भएको र जीवन होमेको विषयमा आत्मालाई बज्रका उपमा र दिइएको छ । जहाँ आत्मा उपमेय छ, त्यसैगरी जीवन होम्नु उपमा र वर्षको झरी उपमेय छ । वाचक झैँ शब्दले उपमा अलङ्कार बन्न सहयोग गरेको छ ।

### ४.८.४ उत्प्रेक्षा अलङ्कार

मानौ सागरको विषक जलमा माछा डुबे झैँ अनि

देखिन्थ्यो परिदृश्य रक्त दहमा रती भएता पनि ।

चम्केका नभमा सुशोभित हुँदै नौलाख तारावली

एक्कासी नव कान्ति फैलिन गयो रोएर पिल्पिल् गरी (**पृष्ठ २१२, श्लोक ३९**)

रगतमा लत्पतिएका लाश देखेर विशाक्त जलमा माछा डुबेको ठान्नु, आकाशमा पिल्पिलिएका तारालाई रोएर कान्ति हीन भई पिल्सिएका ठान्नु उत्प्रेक्षा हो । यसमा माछा र लाशमा समान धर्म छ । लासलाई माछामा आरोप गरिएको छ । त्यस्तै रगतलाई विशाक्त जलमा आरोप गरिएको छ । उपमेय लास र उपमान माछामा त्यस्तै उपमेय रगत र उपमान विशाक्त जलमा समभावना देखाइएको छ । मानौ वाचक शब्द हो त्यसैले यसमा उत्प्रेक्षा अलङ्कार छ ।

### ४.८.५ रुपकालङ्कार र (रुपक अलङ्कार)

राजा हुँदै राज्य सुधा गुमाई, सन्तान साथी पथमा लगाई

वीरेन्द्र लागे सुरलोक तर्फ, चिन्तग्निको धूम लिएर मार्ग

राजा बनी राज्य सुधा पिएर, बस्ने उनै हुन् विधिले लिएर

संसार आफ्नै करकाँध माथि, थापेर राख्दै भुजदण्ड साथी ।

(**पृष्ठ २१८, श्लोक २१३**)

यसमा राज्य सुधा ठानेर राज्य उपमेय र सुधा उपमानका बीच अभेद राखिएको छ। त्यसैले यसमा रुपकालङ्कार हुन आउँछ ।

निःस्वार्थ भावले राष्ट्र सेवक बन्न खोजने

बहादुर भई आफू कटु कण्टक भैदिने । (**पृष्ठ ७२, श्लोक ४६**)

यसमा बहादुर शाह उपमेय र कटुकण्टक -पीरो, तीक्ष्ण दर्दनाक काँडा) उपमानमा कुनै भेद देखिदैन अर्थात् बहादुर शाह काँडा) उपमानमा कुनै भेद देखिदैन, अर्थात बहादुर शाह काँडा भए । त्यसैले यसमा रुपक अलङ्कार हुन आउँछ ।

### ४.८.६ स्वभाबोक्ति अलङ्कार

हिन्दुसम्मतबाट अन्त्य गतिको संस्कार बन्दै थियो
ज्वालाका मुखबाट धुम धरती छाडी उँभो निस्कियो ।
राजा राजकुमार, राज महिर्षी छोरी र बैनी संगै
लागे स्वर्ग सबै मिलेर उसको आधारबाटो लिदै । (**पृष्ठ २१६, श्लोक ५९**)

यस हिन्दु संस्कारमा लाश जलाउनु, चित्ता जल्नु धुँवा उर्ध्वगतिमा जानु स्वाभाविक कुरा हुन् । त्यसैले यसमा स्वभावोक्ति अलङ्कार हुन्छ ।

### ४.८.७ हेत्वालङ्कार र हेतु अलङ्कार

वर्षको भेलको बीच पुगेर जुन अड्कल रिगँटाले सबै घुम्दै त्यो त्यही लड्छ । यसमा लड्नुको हेतु (कारण) रिगँटा लाग्नु हो ।

### ४.८.८ बक्रोक्ति

ठूलो भयो उत्सव राज्य घरी
तत्कालमै राजकुमार फेरी
भो घोषणा गोरखनाथलाई
गर्दै पुकारा कुलद्यौ जगाई । (**पृष्ठ २५, श्लोक १२०**)

यसमा कुलका देवता भन्ने र कुललाई जगाएर द्यौ भन्ने वकार श्रोताका बीच दुई किसिमको अर्थ बोध हुन्छ । यसमा श्लेष पनि हुन्छ । यो बक्रोक्तिको उदाहरण हो ।

### ४.८.९ विरोधाभाष, उत्प्रेक्षा,

शिशिर ऋतुमा शीत
एक्कासी बाफ बन्दछ ।
त्यसैमा बहँदै हावा
मालीको खोज गर्दछ । (**पृष्ठ २०१, श्लोक १२८**)

यसमा शिशिर ऋतुको शीत एक्कासि तातो बाफमा परिणत भएको विरोधाभाष अवस्था देखिएको छ, भने अर्कातिर हावाले मालीको खोजी गर्ने विरोधाभाष अवस्था छ । यसमा शीत र हावा उपमा हुन भने बाफ र माली उपमेय हुन् ।

### ४.८.१० विसङ्गति

सुनको सामुमा जाबो

फलाम टल्किने भए

चन्द्रको चाँदनी ढाक्ने

जुन्किरी नै हुने थिए । **(पृष्ठ २०३, श्लोक १३६)**

यसमा सुनको अघिल्तिर फलमालाई जाबो, तुच्छ एवम् नगन्थ नभिएको छ भने चन्द्रको चाँदनी वा ज्योतिको अघिल्तिर जुन्किरी र उसको प्रकाशलाई पनि जावो तुच्छ ठानिएको छ । सुन र फलामको सङ्गति नमिलनु त्यसैगरी चन्द्रमा र जुन्किरीको पनि सङ्गति नमिल्नुलाई यस श्लोकमा विसङ्गति मान्न सकिन्छ ।

### ४.८.११ शाह-शृङ्खला महाकाव्यमा पाइएका रीति

यस महाकाव्यमा आदिदेखि अन्त्यसम्म कोमल शब्दाबलीको संयोजना भएको छ । करुण-श्रृङ्गार रसहरु यत्र तत्र आएका छन् । वीर रसको पनि बाहुल्य नभएको होइन तर वीर भावमा पनि कोमल शब्द संयोजना पाइन्छ । कठोर शब्द संयोजना कतै पाइंदैन । त्यसैले साहित्य शास्त्रले प्रतिपादन गरेअनुसार बैदर्मी रीति समष्टिमा पाइन्छ । यसको साथै पाञ्चाली रीति पनि यस महाकाव्यमा पाइन्छ ।

#### ४.८.११.१ बैदर्भी रीति

जो जो प्राण उडेर ती जड भई मूर्दा बनेका थिए

ती ती लाश लिएर साँझपखमा गङ्गा किनारा गए ।

बाटामा सब पक्षका जनहरु लामो बनी आवलि

श्रद्धाका सित बोल्दथे मनमनै सुम्पेर भावञ्जलि **(पृष्ठ २१५, श्लोक ५४)**

### ४.८.११.२ पाञ्चाली रीति

माता पूज्य विचारकी भनसुवा ती राजराजेश्वरी
बस्थिन् प्यार मिचेर पूर्वतिरका नौ खण्ड डाडापारी
ल्याए विज्ञ भनाउँदा कुमतिका षड्यन्त्रकारी अति
जागा भै पनि धर्मको निहुँ गरी ज्यूँदै गरे आहुति । **(पृष्ठ १११, श्लोक ९)**

पञ्चाली रीति भन्नाले छल कपट र प्रपञ्च बुझिन्छ । यहाँ नौ डाँडापारी बसेकी रानी राजेश्वरीलाई छलकपट गरी ल्याएर राजाको चितामा जिउँदै जलाएको तीतो यथार्थको वर्णन गरिएको छ । जुन एउटा मानव समाजको अत्यन्तै कहाली लाग्दो घृणित कु-प्रथा थियो ।

### ४.९ शाह-शृङ्खला महाकाव्यमा अनुप्रास अलङ्कार

**४.९. १ अन्त्यानुप्रास :-** प्रत्येक पङ्तिको अन्त्यमा एउटै अक्षर दोहोरिने अलङ्कारलाई अन्त्यनुप्रास अलङ्कार भनिन्छ ।

नेपालीको घरपरिवारमा धर्मको धारलाई
छाडी सत्ता गजवसितले जङ्गको प्यार पाई
गैगो भाइ प्रम बन मनी एक कै पाखुरीमा
टाके जस्तै निमिर सब भो मेघले टाकुरीमा ॥

यस श्लोकमो पाउको अन्तमा आएका शब्द (धारलाई प्यार पाई-पाखुरीमा-टाकुरीमा) ले अन्त्यानुप्रास अलङ्कारका उदाहरण दिलाएका छन् ।

**४.९.२ छेकानुप्रास :** एकभन्दा बढी वर्णहरुको एकपटक मात्रै उही क्रममा आवृति हुने अलङ्कारलाई छेकानुप्रास अलङ्कार भनिन्छ ।

के यो राजनीतिप्रति लम्किदैन
साहित्यमा मिश्रण कति छैन
आकाशगंगासरि यो पवित्र
प्रभावमा छन् रसराग मात्र । **(पृष्ठ ३, श्लोक ११)**

यस श्लोकमा प्रयोग भएको एउटा मात्र रस र राग शब्दले छेकानुप्रास अलङ्कार जनाउँछ ।

**४.९.३. वृत्यानुप्रास :-** एक वा अनेक छुट्टाछुट्टै बर्णहरु एक वा अनेक पटक आवृति हुने अलङ्कारलाई वृत्यनुप्रास अलङ्कार भनिन्छ ।

राजाको पछि राजतन्त्र बलियो बन्दै गयो देशमा
क्यै नौलोपन चाहनेजनहरु सन्तानको भेषमा
आए शिष्ट भएर माग्न करले थापेर सोझो गरी
राजाले पनि हातमाथि सजिलै राखे सुधा त्यै घडी (**पृष्ठ-२०९, श्लोक २३**)

माथिको उदाहरणमा र न, ए, स, जस्ता अनेक वर्णको पटक-पटक आवृत्रि भएको छ । त्यसैले यो वृतानुप्रास अलङ्कारको उदाहरण हो ।

**४.९.४. लाटानुप्रास :-** कुनै एक पद वा सम्पूर्ण हरफका पदहरु अर्को हरफमा उही क्रममा दोहोरिदाँ अर्थमा भिन्नता आउने अलङ्कारलाई लाटानुप्रास अलङ्कार भनिन्छ ।

त्यत्रा धर्म र अर्थका सबकुरा जानी बसे ता पनि ।
ज्ञानी भै बुध विज्ञसाथ रहने राजा भए ता पनि । (**पृष्ट-११६, श्लोक ३०**)

पहिलो हरफको अन्तिम पद र दोस्रो हरफको अन्तिम पद उही क्रममा आवृत्रि भएको देखिन्छ । यसरी आवृति भएको अन्तिम पद ता पनि लाटानुप्रास अलङ्कारको उदाहरण हो ।

## ४.१० शाह-शृङ्खला महाकाव्यमा प्रयोग भएका छन्द

**४.१०.१ उपजाति छन्द :-** एउटै जातका छन्दहरु मिली निर्माण भएको छन्दलाई उपजाति छन्द भनिन्छ । संस्कृत छन्दशास्त्रमा विशेषत इन्द्रबज्रा र उपेन्द्रपज्रा मिलेर बनेको छन्दलाई उपजाति छन्द भनिन्छ । इन्द्रबज्रा छन्दमा त, त, ज जस्ता तीन वटा गुण र दुईवटा गुरु अक्षर रहेको हुन्छ जस्तै ऽऽ। ऽऽ। ।ऽ। ऽऽ, त्यसै गरी उपेन्द्रबज्रा छन्दमा ज त ज जस्ता तीनवटा

गण र दुईवटा गुरु अक्षर रहेका छुन्छ जस्तै : ।ऽ। ऽऽ। ।ऽ। ऽऽ, यी दुबै छन्दमा एघार एघार वटा अक्षर रहेका हुन्छन् । यस छन्दमा एघारौँ अक्षरमा यति र अन्यत्र गति रहेको हुन्छ । जस्ते

सुमेरु माता र पिता भनेर (इन्द्रबज्रा)

ऽऽ। ऽऽ। ।ऽ। ऽऽ

समक्ति विश्वास लिई घुमेर (उपेन्दबज्रा)

।ऽ। ऽऽ। ।ऽ। ऽऽ

वाचाल बन्ने गणदेवलाई (उपेन्द्रबज्रा)

ऽऽ। ऽऽ। ।ऽ। ऽऽ

म भक्तिले गर्छु सधैँ प्राणमा (इन्द्रबज्रा) **(पृष्ठ-१ श्लोक १)**

।ऽ। ऽऽ। ऽऽ। ऽऽ

मङ्गलाचरणदेखि १२९ श्लोकसम्म उपेन्द्रबज्रा र इन्द्रबज्रा उपजाति छन्दको प्रयोग भएको छ ।

४.१०.२ **अनुष्टुप छन्द :-** यस छन्दका प्रत्येक पाउ/चरणमा आठआठवटा अक्षर रहेका हुन्छन् । यस छन्दमा दुई पाउलाई एउटै हरफमा लेख्ने चलन छ । यस छन्दका प्रत्येक पाउको पाचौँ अक्षर र छौठौँ अक्षर दीर्घ हुन्छ भने जोर पाउका वा दोस्रो र चौथो पाउका सातौ अक्षर दीर्घ हुन्छन् ।

गरेको परिलो वाचा, आदेश बिधिको पनि

।ऽऽ ।ऽ।

पूरा गर्न बसी डिल, पुर्ख्यौली धर्मले पनि ।

।ऽऽ ।ऽ। **(पृष्ठ-४६, श्लोक १)**

४.१०.३ **मालिनी छन्द :-** यस छन्दको प्रत्येक पाउमा १५ बटा अक्षर हुन्छन् । प्रत्येक पाउको आठौँ अक्षरमा मिश्रण हुन्छ, त्यसपछि बाँकी सात अक्षरको वाचन गरिन्छ । न, न, म, य, य, गण हुन्छ । जस्तै : ।।। ।।। ऽऽऽ ।ऽऽ ।ऽऽ

समयगति सुधार्ने भावना जो लिएथे

परिजन सबलाई शुद्ध आत्मा दिएथे
तर पनि सपना झौ के भयो ! के भयो ! खै ।
शिशु सुतसित छोडे गर्नु पर्ने सबै नै (**पृष्ठ-७५, श्लोक ६०**)

४.१०.४ **शार्दुविक्रीडित छन्द :-** यस छन्दमा प्रत्येक हरफमा १९-१९ वटा अक्षर आएका हुन्छन । यसमा म, स, ज, स, त, त जस्ता ६ वटा गण अनि एउटा गुरु अक्षर आएको हुन्छ । यस छन्दका प्रत्येक हरफमा बाह्रौं र उन्नाईसौं अक्षरमा यति र अन्यत्र गति रहेको हुन्छ । यहाँ यतिलाई सङ्केत गर्न अर्धविराम चिन्ह (,) को प्रयोग गरिएको छ । जस्तै :

लोग्नेको अवसानमा सहचरी, साथै जली मर्नु रे
स्वास्नीको अवसान यो यदि भने, अर्को विहे गर्नु रे
यस्तो शास्त्र विधानमा किन लियौ, ? हे ! शास्त्रकर्ताहरु
नारीकासित दुस्मनी किन थियो, ? भन्यौ मलाई बरु

SSS IIS ISI IIS SSI SSI S
म स ज स त त गु (**पृष्ठ ११५, श्लोक २५**)

४.१०.५ **मन्दाक्रान्ता छन्द :-** यस छन्दका प्रत्येक हरफमा १७-१७ वटा अक्षर आएका हुन्छन् । यसमा म, म, न, त, त, जस्तौ पाँचवटा गण र अन्तिममा दुईवटा गुरु अक्षर आएका हुन्छन् । यसमा प्रत्येक हरफको चौथो, दसौं र सत्रौं अक्षरमा यति र अन्यत्र गति रहेको हुन्छ । यहाँ यतिलाई सङ्केत गर्न अर्धविराम (,) को प्रयोग गरिएको छ । जस्तै :

इच्छा खेल्दै प्रकृतिपथमा, दम्पति बन्नलाई
जागी आये, अनि मनभरी, त्यै कुरा भन्नलाई
उत्कृष्ठाले, कुतकुत गरी, दन्तको हार खोल्यो
झार्दै केही भद र पसिना, स्पष्ट भै यौन बोल्यो ।

SSS SII III SSI SSI SS
म भ न त त ग गु (**पृष्ठ-१६७, श्लोक १५**)

४.१०.६ **शिखरिणी छन्द :-** यस छन्दका प्रत्येक हरफमा १७-१७ वटा अक्षर आएका हुन्छन् । यसमा 'य, म, न, स, भ,' जस्ता पाँचवटा गण र अन्तिममा क्रमश : लघु र गुरु गरी एक एकवटा अक्षर आएको हुन्छ । यसमा प्रत्येक हरफको छैठौं, बाह्रौं र सत्रौं अक्षरमा यति र अन्यन्त्र गति रहेको हुन्छ । यहाँ पनि यतिलाई सङ्केत गर्न अर्धविराम चिन्ह (,) को प्रयोग गरिएको छ । जस्तै :

ISS SSS III IIS SII IS

थिए जल्दा बल्दा, नरपति सबै, पूर्वजहरु

थियो बेला त्यस्तै, अनि सब मिलेथे जनहरु

यती आयो सत्ता, सहजसितले, वंशवरमा

पुगी होला भोग, त्यसपछि गयो, सर्वजनमा । (**पृष्ठ-२४९, श्लोक ८८**)

**शाह-शृङ्खला महाकाव्यको शृङ्खला वा सर्गगत विवरण :**

| क्र.सं. | उपजाति | सर्ग/शृङ्खला | अनुष्टुप | मालिनी | मन्दक्रान्ता | शिखरिणी | शार्दुलविक्रिडित | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १. | पहिलो शृङ्खला | १२९ | २ | – | – | – | – | १३१ |
| | दोस्रो शृङ्खला | ८७ | २ | – | – | – | – | ८९ |
| | तेस्रो शृङ्खला | – | ८० | १ | – | – | – | ८१ |
| | चौथो शृङ्खला | – | ५९ | १ | – | – | – | ६० |
| | पाँचौं शृङ्खला | – | ७९ | १ | – | – | – | ८० |
| | छैठौं शृङ्खला | – | ८३ | १ | – | – | – | ८४ |
| | सातौं शृङ्खला | – | – | १ | – | – | ३५ | ३६ |
| | आठौं शृङ्खला | – | – | १ | – | – | – | ६१ |
| | नवौं शृङ्खला | – | ७७ | १ | – | – | – | ७८ |
| | दशौं शृङ्खला | – | ८० | १ | – | – | – | ८१ |
| | एघरौं शृङ्खला | – | – | १ | ५५ | – | – | ५६ |
| | बाह्रौं शृङ्खला | – | १३९ | – | – | १ | – | १४० |
| | तेह्रौं शृङ्खला | – | – | १ | – | – | ५९ | ६० |
| | चौधौं शृङ्खला | ६४ | – | १ | – | – | – | ६५ |
| | पन्ध्रौं शृङ्खला | – | ८७ | – | – | १ | – | ८८ |
| | **जम्मा** | **२८०** | **६८८** | **११** | **५५** | **२** | **१५४** | **११९०** |

यस शाह-शृङ्खला सबैभन्दा छोटो शृङ्खला सातौं शृङ्खला हो ; जसमा ३५ वटा शार्दूलविक्रीडित छन्दका श्लोक छन् भने सर्गान्तमा एउटा मालिनी छन्दको श्लोक छ । त्यस्तै सबैभन्दा लामो शृङ्खला बाह्रौं शृङ्खला हो ; जसमा अनुष्टुप छन्दका १३९ वटा श्लोक छन् भने सर्गान्तमा एउटा शिखरिणी छन्दको प्रयोग भएको छ ।

यस महाकाव्यमा उपजाति छन्दका २८० श्लोक, अनुष्टुप छन्दका ६८८ श्लोक, मालिनी छन्दका ११ श्लोक, मन्दाक्रान्ता छन्दका ५५ श्लोक, शिखरिणी छन्दका २ श्लोक र शार्दूलविक्रीडित छन्दका १५४ श्लोक गरी जम्मा ११९० श्लोक रहेका छन् । जसमा सबैभन्दा कम शिखरिणी छन्दका २ श्लोक र सबैभन्दा बढी अनुष्टुप छन्दका ६८८ श्लोक रहेका छन् ।

उपर्युक्त सर्ग वा शृङ्खलामा रचिएको प्रस्तुत महाकाव्यले शाहवंशको सर्वपक्षीय जानकारीलाई विशेष रुपमा समेटिएको पाइन्छ , भने यसभित्रका सम्पूर्ण पक्षहरु रोचक, उल्लेखनीय एवम् पठनीय छन् । करिब २३७ वर्षको पृथवीनारायण शाह पछिको इतिहास छ भने १८३ वर्षको पृथ्वीनारायण शाह पूर्वको द्रव्य शाहसम्मको इतिहासलाई यस महाकाव्यले समेटन् सफल भएको छ । साथै त्यसभन्दा अगाडि अर्थात् धर्माकर राजासम्मको समय महाकाव्यमा समेटिएको छ ।

## ४.११ शाह-शृङ्खला महाकाव्यमा गुण

आचार्य दण्डीका अनुसार गुण भनेको काव्यगत विशिष्ट पद रचना मार्ग वा रीतिको प्राण तत्व हो र यो काव्यको शब्द-सौन्दर्य एवम् अर्थ-सौन्दर्यको प्रतिक पनि हो ।

माधुर्य गुण, ओज गुण, प्रसाद गुण जस्ता गुणहरु काव्यका गुण हुन् । यस काव्यमा सरल र सहज प्रवाहमा सुकोमल शब्द प्रयोग शान्त-श्रृङ्गार र करुण रसको प्रयोग भएको हुनाले माधुर्य र प्रसाद गुण देखा पर्दछन् ।

## ४.१२ शाह-शृङ्खला महाकाव्यमा दोष

कुनै पजि कृति दोषमुक्त रहन सक्दैन । यस प्रकार मम्मटका पतमा अर्थ-दोष अन्तर्गत तेइसवटा दोषहरु पर्दछन् । जुन निम्नअनुसार छन् ।

१. अपुष्टता

२. कष्टार्थता

३. व्यहतता

४. पुनरुक्तता

५. दुष्क्रमता

६. ग्राम्यता

७. सन्दिग्धता

८. निर्हेतुता

९. प्रसिद्धिविरुद्धता

१०. विद्याविरुद्धता

११. अनवीक्रितता

१२. सनियम-परिवृत्तता

१३. अनियम परिवृत्तता

१४. विशेष-परिवृत्तता

१५. अविशेष-परिवृत्तता

१६. साकाङ्क्षता

१७. अपदयुक्तता

१८. सहसरभिन्नता

१९. प्रकाशितविरुद्धता

२०. विध्यायुक्तता

२१. अनुवादायुक्तता

२२. त्यक्तपुन : स्वीकृति

२३. अश्लीलता

यस महाकाव्यमा व्यभिचारी भाव, रस र स्थायीभावको सोशब्द-वाच्यता, निरर्थकता, असमर्थता, च्युतसंस्कृति जस्ता काव्यदोषहरु देखिएका छन् ।

सातौ शृङ्खलाको ३२ औं श्लोकको चौथो हरफमा नयन हुनु पर्ने नयल भएको छ । त्यस्तै सातौं शृङ्खला कै २२ औं श्लोकको चौथो हरफमा पददोष भई छन्द मिलेको छैन ।

## ४.१३ शाह-शृङ्खला महाकाव्यको काव्यात्मक मूल्य

प्रस्तुत महाकाव्य काव्यकार नीलकण्ठ भट्टराईको दोस्रो महाकाव्यको रुपमा प्रकाशित महाकाव्य हो । यो महाकाव्य पूर्वीय महाकाव्य सम्बन्धित बन्दोबस्तमा रचिएको छ तर पूर्ण पालना छैन । जसमा कथा वस्तु विन्यास र चरित्र विधानका दृष्टिले पूर्वप्रचलित मान्यताको परिपालना भएको पाइन्छ । परम्परागत महाकाव्यले अपेक्षा राख्ने कथावस्तु र त्यसका घटनाहरुको क्रमिक विकास, उद्धत्त र वीरवीरङ्गनाका चरित्रहरुको व्यापक र विशुद्ध चित्रण, चमत्कारपूर्ण समग्र परिवेशको चित्रण, महामानवीय जीवनको अभिवक्ति, जीवनका अनेकानेक दशा/अवस्थाहरुको वर्णन-विश्लेषण, त्यसै अनुसारको रसदसाको चित्रण र रसपूर्ण अभिव्यक्ति कुनै एक रस प्रधान्यताको स्वीकार र चरम कलात्मक शिल्पाबलम्वन जस्ता कतिपय कुराहरुमा यो महाकाव्य चुकेको देखिन्छ । यसो हुनुमा महाकाव्यको ऐतिहासिक घटनाक्रमका राम्रा र सबल पक्षको एकोहोरो वर्णन गरी भजनमण्डली सिद्धान्तमा अगाडि बढी नकारात्मक पक्षहरुको पूर्ण ढाकछोप गर्नु पनि हो । त्यति हुँदाहुँदै पनि सिद्धान्तका आधारमा महाकाव्य अब्बल छ । वर्तमान अवस्थालाई हेर्दा शाहवंशको शृङ्खला केवल इतिहासमा मात्र सीमित छ, र महाकाव्यको कथावस्तु पनि ऐतिहासिक नै हुनु पर्छ । राजा-महाराजा, राजकुमार, राजकुमारी आदिको वर्णन साथै युद्ध र विजय महाकाव्यमा हुनुपर्छ । जुन कुरा प्रस्तुत महाकाव्य भित्र छर्लङ्ग देखिएको छ । एक वा धरै नायक हुनुपर्नेमा यस महाकाव्यभित्र विभिन्न खाले बहुनायक छन् । श्रृङ्खला नै पिच्छे नायकको उदय, उत्थान र पतन देखिएको छ, वा जुन चक्रभित्र मानव संसार चल्नु पर्ने हो त्यही अनुसार अगाडि बढेको हुनाले सैद्धान्तिक आधारमा महाकाव्य बेजोड छ । शाह-शृङ्खलाकै सेरोफेरोमा रचित यस महाकाव्यमा विभिन्न वर्णमात्रिक छन्द अर्थात मालिनी, मन्दाक्रान्ता, अनुष्टुप, उपजाति, शार्दूलविक्रीडित र शिखरीणी छन्दका आदि ११९० श्लोकहरुको माध्यमबाट पन्ध्र सर्गात्मक प्रबन्धोत्मकता भित्र शाहवंशको कूलमण्डल खानको क देखि ज्ञानेन्द्र शाहको ज्ञ सम्मका मुख्य र चर्चित विषयवस्तुलाई प्रस्तुत महाकाव्यमा समेटिएको छ । यस महाकाव्यमा छन्दभित्र मिठास त भेटिदैन तर

छन्दभित्र खोट भने देखिदैन । नेपाली महाकाव्यको संख्यात्मक वृद्धि भने पक्कै भएको छ, तर गुणात्मक वृद्धि भएको भनी मान्न सकिने अवस्था भने यस महाकाव्यले दिन सकेन, जुन ऐतिहासिक घटनाको यथार्थवादी नभएर प्रशंसावादी सिद्धान्तले हो भन्न सकिन्छ । सम्पूर्ण घटनाको यथार्थ वर्णन गर्नुपर्ने स्थानमा महाकाव्यकार नीलकण्ठ भट्टराई चुकेको देखिन्छ ।

## ४.१४ सन्देश

प्रस्तुत महाकाव्य शाहशृङ्खलाले नेपालको शाहवंशको शल्यक्रिया नै गरको छ । सँधै कोही सत्तामा एकनाश टिकिरहँदैन । समय संगसंगै सबैले सत्ता, सम्पत्ति मात्र नभएर संसारै छोडनुपर्ने यथार्थ यस महाकाव्यले प्रस्तुत गरेको छ । जीवनमा राम्रा नराम्रा जस्ता कार्य गर्‍यो त्यसको त्यस्तै फल तत्काल भोग्नु पर्छ, राम्रो कार्यको राम्रो फल र नराम्रो कार्यको नराम्रै फल भोग्नु पर्छ । हरेक राजा, महाराजाहरुको उदय, उत्थान र पतनलाई देखाएर संसारमा सबैले राम्रा र नराम्रा फल भोग्नै पर्छ भन्ने कुरा यस महाकाव्यले प्रस्तुत गरेको छ । समग्रमा राजादेखि रैतिसम्म सबैले जीवनको फल भोग्नै पर्छ विधिको विधान सबैले मान्नै पर्छ त्यसबाट कोही पन्छिन सक्दैन भन्ने सन्देश नै प्रस्तुत महाकाव्यको मूल सन्देश हो । साथै यो राष्ट्रलाई टुक्रिन दिनु हुँदैन । धर्म, जाति, वर्ण र वर्गको नाममा युद्ध गरेर देश टुक्रिनु दिनु हुँदैन भन्ने सन्देश यस महाकाव्यले दिएको छ ।

## ४.१५ वातावरण

प्रस्तुत महाकाव्यमा वि.सं. १६१६ भन्दा अगाडिदेखि २०६३ सलासम्मको निकै लामो समय राखिएको छ । पृथ्वीनारायण शाह भन्दा अगाडिका दस पुस्ता र पृथ्वीनारायण शाह पछिका बाह्र पुस्ताको वर्णन गरिएको यस महाकाव्यका प्रमुख नायक पृथ्वीनारायण शाहलाई नै भनिएको छ । काठमाण्डौ, ललीतपुर, भक्तपुर, त्यसैगरी बाइसी, चौबीसी राज्यलाई परिवेश र वातावरण भनिएको छ । पृथ्वीनारायण शाह अघिका पुस्ताको छोटो चर्चा र त्यसपछिका राजाहरुको सर्ग (शृङ्खला) पिच्छे

प्रत्येकलाई नायक मानेर गरिएको छ । लगभग ४५० वर्षको अवधि विषय बस्तु समेटिएको यो महाकाव्यको परिवेश वातावरण काठमाण्डौ उपत्यका र राजदरवार वरपरको छ ।

## ४.१६ निश्कर्ष :

नीलकण्ठ भट्टराईद्वरा रचिएको शाह-शृङ्खला महाकाव्य पूर्वीय महाकाव्यको सैद्धान्तिक अवधारणा अनुसार लेखिएका महाकाव्य हो । यो आख्यानात्मक वा आख्यान भएको लामो कविता हो । प्रस्तुत महाकाव्यमा नेपालका शाहवंशीय राजाहरुका जीवनमा घटेका घटनाहरुका विवरण वा इतिहास साहित्यिक सीमाभित्र रही प्रस्तुत गरिएको छ । 'शाह-शृङ्खला' महाकाव्यमा चर्तुवर्गफल अन्तर्गत धर्म, अर्थ, काम र मोक्ष देखाइएको छ । पृथ्वीनारायण शाहलाई महानायक र अन्य राजाहरुलाई नायक बनाएर लेखिएको यो महाकाव्यभित्र राजामहाराजाको मुक्तकण्ठले एकोहोरो भजन गरिएको वा उनीहरुको स्तुति गाइएको छ । उनीहरुका रासलीला, कुकृत्य, युद्ध अपराध, अन्धविश्वासी र परम्परावादी सङ्कीर्ण सोचाईलाई महाकाव्यले लुकाएको छ । पृथ्वीनारायण शाह, प्रतापसिंह शाह, रण बहादुर शाह, गिर्वाणयुद्धविक्रम शाह, पृथ्वीविक्रम शाह, त्रैलोक्य विक्रम शाह, त्रिभुवन शाह, महेन्द्र शाह, वीरेन्द्र शाह र ज्ञानेन्द्र शाह नै यस कृतिका प्रमुख नायकहरु हुन् । बहादुर शाहलाई पनि नायककै रुपमा राखिएको छ । अन्त्यमा हतियार पड्केर वीरेन्द्रको सम्पूर्ण वंश सखाप भएको र दीपेन्द्रले आत्महत्या गरेका हुन् र राजसंस्था समाप्त हुनु विडम्वना हो भन्ने कुरा महाकाव्यकारले राखेका छन् । हत्याको विषयलाई चासोको रुपले नहेरिएको यो महाकाव्यमा दरवारले जे भन्यो त्यही नै धुर्वसत्य हो भनी त्यसैलाई आदिकारिकता प्रस्तुत गरेका छन्, महाकाव्यकार भट्टराईले । उनको यो महाकाव्य नेपालको शाहवंशीय इतिहासका लागि भने कोशेढुङ्गो नै सावित भएको छ ।

# परिच्छेद पाँच

# उपसंहार र निस्कर्ष

## ५.१ उपसंहार

पहिलो परिच्छेद अन्तर्गत शोधपत्रको मान्य रुपरेखा प्रस्तुत गरिएको छ । यस अन्तर्गत शोध शीर्षक शोध प्रयोजन, विषय परिचय, समस्या कथन, शोधका उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य र महत्वको सीमाङ्कन, शोधविधि र शोधपत्रको रुपरेखा सम्बन्धी विवरणहरु प्रस्तुत गरिएको छ ।

दोस्रो परिच्छेद अन्तर्गत नीलकण्ठ भट्टराईको जीवनी, उनको व्यक्तित्व, उनका जीवनका यथार्थ, आरोह अवरोह, उतारचढावका साथै उनको साहित्यिक यात्राबारे चर्चा गरिएको छ ।

तेस्रो परिच्छेद अन्तर्गत काव्यकार नीलकण्ठ भट्टराईको महाकाव्यको परिभाषा, महाकाव्यको सैद्धान्तिक आधार, महाकाव्यको परम्पराको विकास, श्रहर्षपछिका महाकाव्य, भामह, दण्डी, रुद्रट र विश्वनाथका महाकाव्य सम्बन्धि चिन्तन पश्चात्य काव्यपरम्परा-महाकाव्यका तत्वहरु नेपाली साहित्यमा महाकाव्य परम्परा , महाकाव्यको मान्यता र शाह-शृङ्खला महाकाव्यबारे चर्चा गरिएको छ ।

चौथो परिच्छेद अन्तर्गत शाह-शृङ्खला महाकाव्यको कृतिपरक अध्ययन गरिएको छ । महाकाव्य शाह-शृङ्खलाका रचना तथा प्रकाशन, प्रेरणा र प्रभाव शीर्षक विधान पात्रविधान र शृङ्खलाहरुको विवरण, महाकाव्यमा प्रयोग भएका रस, ध्वनी, अलङ्कार, रीति गुण र दोषको बारेमा चर्चा गरिएको छ । शाह-शृङ्खला महाकाव्यलाई नेपालका एक पूर्ण ऐतिहासिक महाकाव्यका रुपमा लिइएको छ । यसभित्र महाकाव्यका पूर्वीय एवम् पाश्चात्य काव्यात्मक मान्यतालाई आत्मासात गरि रचना गरिएको छ । जुन शृङ्खलाका रुपमा सर्गवद्ध भई महाकाव्यकै नियम अनुसार सर्गान्तमा छन्द परिवर्तन गरिएको छ । यसको परिवेश विस्तृत र व्यापक छ । घटीमा ३६ र बढीमा १४० श्लोक भएका पन्ध्र शृङ्खलामा यो विभक्त छ । अरु महाकाव्यकारहरुले प्रयोग गर्ने गरेको सर्ग शब्दको स्थानमा शाह-शृङ्खला महाकाव्यमा शृङ्खला शब्दको प्रयोग भएको पाइन्छ । महाकाव्यात्मक संघटनको मान्यतालाई आत्मसाथ गर्दै कथानकमा आदि मध्य र अन्त्यको उचित संयोजन र अर्थ प्रकृति कार्यवस्था र पञ्चसन्धिका कुशल संयोजन यस महाकाव्यमा पाइन्छ । यस महाकाव्यको कथानक भावप्रणव ऐतिहासिक मर्यादालाई स्थापना गर्न खोज्ने र पूर्ण आदर्शवादमा डोरिएको छ । तर पूर्वीय सिद्धान्तलाई यस महाकाव्यले पूर्ण पालना गर्न सकेको छैन ।

## ५.२ निश्कर्ष

प्रस्तुत महाकाव्य महाकाव्यकार नीलकण्ठ भट्टराईको प्रकाशनका क्रममा देखा परेको दोस्रो महाकाव्य हो । यो महाकाव्य नेपालको शाहवंशीय राजसंस्थाको कुलमण्डल खानदेखि ज्ञानेन्द्र शाहसम्मको ऐतिहासिक घटनालाई केन्दविन्दु बनाएर लेखिएको महाकाव्य हो । पूर्वीय महाकाव्यको मान्यतालई आधार मानिएको यो महाकाव्य ऐतिहासिक घटनामा

आधारित महाकाव्य हो । धर्म, अर्थ, काम र मोक्ष जस्ता चर्तुवर्ग फलप्राप्तिलाई समेत ध्यान दिइएको जीवनका सम्पूर्ण पक्ष, उदय, उन्नति, उत्कर्ष र अवनतिलाई अङ्गिकार गरेर रचिएको यो महाकाव्य नेपाली साहित्यको अध्ययन गर्नेलाई भन्दा पनि नेपालको राजसंस्थाको अध्ययन गर्न चाहानेहरुका लागि एक अमूल्य कृति हो । पृथ्वीनारायण, रणबहादुर जस्तको ताण्डव र कुकृत्यलाई लुकाएर उनीहरुको स्तुति गाएर, उनीहरुकै प्रसंशा गर्नु भने महाकाव्यकारको भजनमण्डली सिद्धान्त हो । यसलाई समालोचनाका दृष्टिले अध्ययन गर्ने हो भने छन्द, रस, आधारस्तम्भ हो । नेपालको इतिहासलाई काव्यमा उतारेर नेपाली साहित्यलाई अमूल्य बनाउने महाकाव्यकार नीलकण्ठ भट्टराईको विशेष स्थान रहेको मूल्याङ्कन गर्न सकिन्छ ।

## ५.३ सम्भाव्य शोध शीर्षक

साहित्यकार नीलकण्ठ भट्टराई र उनका कृतिहरुका बारेमा पुन : अध्ययन-अनुसन्धान गर्न चाहने शोधार्थीका लागि निम्नलिखित शोध शीर्षकहरु शोधयोग्य छन् ।

क) पूर्वीय खण्डकाव्य सिद्धान्तका आधारमा शाह-शृङ्खला महाकाव्यको अध्ययन र विश्लेषण ।

ख) नेपाली महाकाव्यको आधुनिक विकासक्रममा नीलकण्ठ भट्टराईका महाकाव्यको योगदान

ग) नीलकण्ठ भट्टराईको महामानव महाकाव्यको रस, छन्द, भाव, रीति, अलङ्कारको अध्ययन

घ) नीलकण्ठ भट्टराईको शाह-शृङ्खला महाकाव्यको छन्द, भाव, रीति, अलङ्कार एवम् अनुप्रासको अध्ययन

## सन्दर्भग्रन्थ सूची


अवश्थी महादेव, २०६४ ***आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श,*** काठमाडौँ : इण्टलेक्चुअल्स बुक्स प्यालेस ।

उपाध्याय कृष्णशरण, २०६६ ***नीलकण्ठ भट्टराईको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन,*** अप्रकाशित

एम.ए. तहको शेधपत्र, त्रिभुवन विश्वविद्यालय भैरहवा बहुमुखी क्याम्पस ।

उपाध्याय, केशवप्रसाद, २०६१ ***पूर्वीय साहित्य सिद्धान्त*** चौथो संस्करण काठमाडौँ, साझा प्रकशन ।
घिमिरे जगदिश, २०६९, ***सकस, आख्यान***

घिमिरे तोयानाथ, २०६९, शोधपत्र

घिमिरे नारायण, २०६० ***भूमिका : सरोज स्मृति सप्त पल्लव,*** लेखक स्वयम् घिमिरे माधवप्रसाद २०३९ : पच्चीस वर्षका खण्डकाव्य काठमाडौँ : प्रज्ञाप्रतिष्ठान ।

घिमिरे माधवप्रसाद ***: राप्ती साप्ताहिक*** २०६६ फगुन-२४ पोखेल मोहन : अन्नपूर्ण पोष्ट २०६६, फागुन-१५

जोशी कुमारबहादुर प्रा.डा. २०६५ चौथो ***"महाकवि देवकोटा र उनका महाकाव्य"*** साझा प्रकाशन काठमाण्डौ ।

तिम्सिना डिल्लिसाम २०५५ : ***छन्द र अलङ्कार*** सातौँ संस्करण, काठमाडौँ, विद्यार्थी पुस्तक भण्डार ।
थापा महोन हिमांसु २०५६ ***: साहित्य परिचय*** पाचौ संस्करण साझा प्रकाशन ।

त्रिपाठी बासुदेव २०६० : ***नेपाली कविता भाग-४,*** चौथो संस्करण काठमाडौँ, साझा प्रकाशन ।

न्यौपाने टङ्कप्रसाद २०३८ : ***साहित्यको रुपरेखा,*** काठमाडौँ साझा प्रकाशन

पोखरेल बालकृष्ण २०६० : ***सम्पादक, नेपाली बृहत शब्दकोश पुनर्मुद्रित*** काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

शर्मा केदार प्रसाद प्रा.डा., २०६५, ***ऐच्छिक नेपाली,*** अस्मिता प्रकाशन

शर्मा नेपाल विनयकुमार, ***"नेपाली महाकवि र महाकाव्य"*** भाभा पुस्तक भण्डार, चाबेल, काठमाण्डौ